**परिच्छेद एक**

# kl/ro

## १.१ शोधशीर्षक

यस शोधकार्यको शीर्षक **मथुरा के.सी.को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधार्थीको नाम

यो शोधकार्य गर्ने शोधार्थीको नाम **जनार्दन पौडेल** रहेको छ ।

## १.३ विषयपरिचय

मथुरा के.सी. को जन्म वि.सं. २००७ साल साउन ३ गते पाल्पा जिल्लाको अमृतधारा ताहूँमा भएको थियो । उनका साहित्यका क्षेत्रमा हालसम्म चार वटा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । त्यस लगायत अन्य फुटकर कविताहरू, **कान्तिपुर, पुनर्जागरण साप्ताहिक, समकालीन साप्ताहिक** जस्ता पत्रिकामा प्रकाशित भइसकेका छन् । **बिर्सेको छैन मैले** (२०४५), **घुएँत्रोको जमाना छैन** (२०४७), **बिरामी देश** (२०५७) र **जल अनि अनल** (२०६४) उनका कविता सङ्ग्रहहरू हुन् । साहित्यको कविता विधामा कलम चलाउने मथुरा के.सी. वरिष्ठ चिकित्सक पनि हुन् । मथुरा के.सी. मुलतः कवि नै हुन्, यस्ता व्यक्तित्वका बारेमा आजसम्म पनि कुनै खोज तथा अनुसन्धान नहुनुले यहाँ उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.४ शोधकार्यको प्रयोजन

यस शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्तिको लागि रहेको छ ।

## १.५ शोधकार्यको समस्या

नेपाली साहित्यको कविता विधामा कलम चलाएका मथुरा के.सी.का चारओटा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । **कान्तिपुर, पुनर्जागरण साप्ताहिक** पत्रिकामा समेत उनका कविता प्रकाशित हुँदै आइरहेका छन् । कविता विधाका माध्यमबाट उनले नेपाली साहित्यको भण्डारलाई फराकिलो बनाउँदै छन् । डाक्टरी पेसालाई व्यावहारिक रूपले अँगाल्न पुगेका के.सी.ले कविता सिर्जना गर्न भने छाडेनन् । उनका हालसम्म प्रकाशित कवितासङ्ग्रहहरूको यथोचित विश्लेषण र मूल्याङ्कन हुन सकेको छैन । उनका बारेमा सामान्य चर्चा-परिचर्चाबाहेक खास समग्र जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत, व्यवस्थित

र प्रामाणिक हुन नसक्नु नै यसको खास समस्या हो । यिनै सन्दर्भमा रहेर हेर्दा यस शोधकार्यको समस्या निम्नलिखित रहेका छन् :

१. मथुरा के.सी.का जीवनीका नालीबेली के-कस्तो रहेको छ ?

२. मथुरा के.सी.का व्यक्तित्वका आयाम के-कस्ता रहेका छन् ?

३. मथुरा के.सी.का सिर्जनात्मक कृतिहरूको अध्ययन के-कसरी गर्न सकिन्छ ?

## १.६ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको समस्यामा उठेका समस्याहरूको समाधान गर्नु नै यसको प्रमुख उद्देश्य रहेको छ । मथुरा के.सी.को जीवनी, व्यक्तित्व र कृतित्वको ठोस, विस्तृत एवम् व्यवस्थित रूपमा निरूपण गर्नु यस शोधकार्यको मूल उद्देश्य हो । यस उद्देश्यलाई निम्नलिखित बुँदामा यसरी स्पष्ट पार्न सकिन्छ :

१. मथुरा के.सी.का जीवनीका नालीबेली पत्ता लगाउनु,

२. मथुरा के.सी. का व्यक्तित्वका आयामहरू पत्ता लगाउनु,

३. मथुरा के.सी.का सिर्जनात्मक कृतिहरूको अध्ययन, विश्लेषण गर्नु ।

## १.७ पूर्वकार्यको समीक्षा

कुनै पनि जीवनी, व्यक्तित्व वा कृतित्वको अध्ययन र विश्लेषण हुने पृष्ठभूमिको कुरा गर्दा सम्बन्धित विषय वा शीर्षकमा केही न केही अध्ययन भएकै हुन्छ । यो स्वाभाविक कुरा नै हो, यस्ता विषयका पृष्ठभूमिमा टीकाटिप्पणी, समीक्षा समालोचनाहरू रहेका हुन्छन् । यस्तै दृष्टिगोचरबाट हेर्ने हो भने कुनै व्यक्ति र विषयमा कम र कुनै व्यक्ति र विषयमा बढी अध्ययन भएको हुन्छ । मथुरा के.सी.को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने कार्यप्रति भने नेपाली साहित्य समालोचना उदासीन देखिएको छ । केही यस्ता अड्मिल्दा कुरा एकातर्फ भए तापनि अर्कातिर उनका कवितासङ्ग्रहहरू र अन्य फुटकर लेख रचनाहरूको बारेमा भने केही विद्वान्हरूले समालोचनाका साथै उहाँको कवि व्यक्तित्व र कृतिको टीका टिप्पणी गरेका छन् ।

गोपीकृष्ण शर्मा (२०४५) ले पहिलो कवितासङ्ग्रह **बिर्सेको छैन मैले** मा 'एक दृष्टि' नाम शीर्षक दिएर उनका कविताका मूल विशेषताहरूको र कवि व्यक्तित्वको चर्चा गरेका छन् ।

त्यस्तै गरेर उनको अर्को कवितासङ्ग्रह **बिरामी देश** को बारेमा तारानाथ शर्मा (२०५७) ले कवि मथुरा के.सी. समसामयिक देश र जनताको मर्मानुभूति गरी शाश्वत

क्षणलाई च्याप्प समातेर कविता लेख्न सक्ने तीव्र क्षमता भएका कविका रूपमा उल्लेख गरेका छन् ।

उनको पछिल्लो कवितासङ्ग्रह **जल अनि अनल** को बारेमा कवि ईश्वर बल्लभ (२०६४) ले 'मानवतावादी कवि मथुरा के.सी.' भनेर उक्त कवितासङ्ग्रहमा सङ्कलित सबै कविताहरूको एकमुष्ट समीक्षा गर्नु भएको छ ।

उनका फुटकर कविताहरू **कान्तिपुर**, **समकालीन**, **जनदिशा**, **जनादेश** जस्ता पत्रिकामा प्रकाशित देखिन्छन् । यसबाट पनि साहित्यानुरागी पाठकको परोक्ष वा प्रत्यक्ष मन जित्न सफल छन् ।

नइ प्रकाशन जस्तो गरिमामय प्रकाशनले पनि कवि मथुरा के.सी.लाई मानवधर्मदेखि प्रकृतिप्रेमसम्म गाँसिएका कविका रूपमा विश्लेषण गरेको पाइन्छ । उक्त प्रकाशनले मथुरा के.सी.का कविता राष्ट्र र राष्ट्रियतालाई मन वचन कर्मले रङ्ग्याउने कविका रूपमा पहिचान गर्दै यस्ता देशप्रेमी, माटोप्रेमी कविका कृति प्रकाशित गर्न पाएकोमा गौरवान्वित भएको कुरा आफ्नो **जल अनि अनल** कवितासङ्ग्रहको प्रकाशकीय भूमिकामा अक्षरित गरेको छ ।

कवि के.सी.ले **जल अनि अनल** कवितासङ्ग्रहलाई अगाडिका कवितासङ्ग्रहसँग मात्र तुलना गरेका छैनन् उनले यो कवितासङ्ग्रहलाई समय सापेक्षित छ भनेका छन् । देश र विदेशका विकसित राजनैतिक, आर्थिक र सांस्कृतिक मान्यतालाई पनि यस सङ्ग्रहका कवितामा समेटेका छन् । यस्ता विचार कवि आफैले यस कवितासङ्ग्रहको भूमिकामा उल्लेख गरेका छन् ।

यसरी विभिन्न लेखक तथा समीक्षकहरूले मथुरा के.सी.का बारेमा सङ्केतात्मक र सूचनात्मक अध्ययन गरे पनि उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा कसैले पनि व्यवस्थित, विस्तृत र प्रामाणिक अध्ययन गरेका छैन् । छोटकरीमा नै भए तापनि पूर्व अध्येताहरूले के.सी. र उनका व्यक्तित्व र कृतित्वका बारेमा गरेका अध्ययनबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्न केही सूचनाहरू प्राप्त हुन्छ । ती सूचनात्मक टिप्पणीहरू यहाँ उपयोगी भएका छन् ।

### १.८ शोधकार्यको औचित्य र उपयोगिता

यो शोधपत्रका माध्यमद्वारा मथुरा के.सी.ले साहित्यको विकासमा पुऱ्याएको योगदानको चर्चा गर्दै नेपाली साहित्यजगत्मा सबैलाई चिनाउने प्रयास गरिएको छ । चारवटा कवितासङ्ग्रह प्रकाशित गरिसकेका र अन्य थुप्रै लेख रचना प्रकाशित गरिसकेका यी व्यक्तिको जीवनी, व्यक्तित्व र कृतित्वको हालसम्म पनि कसैबाट अध्ययन हुन सकेको छैन । यस्तो अवस्थामा नेपाली साहित्य जगत् अज्ञात तथा मौन वस्तु शोभनीय देखिँदैन,

त्यसैले उनका बारेमा शोधकार्य गर्नु औचित्यपूर्ण छ । उनका कृतिहरूका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूलाई पनि मार्गनिर्देशन गर्नमा प्रस्तुत शोधकार्य थप औचित्यपूर्ण हुनेछ ।

## १.९ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि पुस्तकालयीय अध्ययनपद्धति र क्षेत्रीय अध्ययन पद्धतिको उपयोग गरिएको छ । प्राथमिक तथा द्वितीय दुवै प्रकारका स्रोतहरू प्रयोग गरिएको छ । यस क्रममा शोधनायकका परिवार तथा सम्पर्कमा रहेका विद्वान्, समाजसेवी तथा बुद्धिजीवी आदि व्यक्तिहरूसँग भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता आदिविधिद्वारा आवश्यक सामग्री जुटाइएको छ । अग्रजहरूद्वारा लिखित पूर्वकार्यलाई सहायक सामग्रीका रूपमा लिइएको छ । प्राथमिक स्रोतको रूपमा स्वयम् व्यक्तिलाई भेट्ने तथा द्वितीय स्रोतका रूपमा विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूको प्रयोग र पुस्तकालय अध्ययन रहेको छ ।

## १.१० अध्ययनको क्षेत्र र सीमा

यस शोधकार्यको अध्ययन गरिने क्षेत्र र सीमा यस शोधशीर्षकको वा शोधकार्यको शीर्षक अनुरूप रहेको छ । मथुरा के.सी. को जीवनीका महत्त्वपूर्ण घटनाहरूको, व्यक्तित्वको महत्त्वपूर्ण पक्ष तथा उनको साहित्यिक कृतित्वको परिचयात्मक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । तसर्थ जीवनीपरक समालोचना र सिर्जनात्मक कृतिको अध्ययन विश्लेषणका लागि सम्बद्ध विधासिद्धान्तले औंल्याएका मान्यताहरूलाई मात्र यस अध्ययनको सीमा ठानिएको छ ।

## १.११ अध्ययन विधि

यस शोधकार्यको अध्ययन विधिअन्तर्गत मथुरा के.सी. का जीवनीसँग सम्बन्धित महत्त्वपूर्ण घटनावली तथा विषयहरूको कालक्रमिक रूपमा टिपोट र आवश्यक व्याख्या गरिएको छ । उनको व्यक्तित्वका विभिन्न पक्षहरूको खोज र विश्लेषण गरिएको छ । हालसम्म प्रकाशित मथुरा के.सी.का सिर्जनात्मक साहित्यिक तथा अन्य फुटकर लेख रचना र कृतिहरूको परिचयात्मक अध्ययन विश्लेषण गरिएको छ । फुटकर रचना तथा कवितासङ्ग्रहको कालक्रमिक अध्ययन गरी विवरण दिइएको छ । अध्ययनको क्रममा प्राप्त तथ्य, तथ्याङ्क, सूचनालाई सङ्कलन वर्गीकरण विश्लेषण गरी प्रस्तुत वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन विधि प्रयोग गरिएको छ ।

## १.१२ सैद्धान्तिक आधार र त्यसको प्रयोग

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र वस्तुगत रूपमा प्रस्तुत गर्नका लागि सङ्कलित सामाग्रीलाई वर्णनात्मक एवम् विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक र प्रभावपरक पद्धति तथा कृतिपक्षको अध्ययनका लागि समीक्षात्मक र विश्लेषणात्मक सैद्धान्तिक आधार अवलम्बन गरिएको छ ।

## १.१३ शोधपत्रको रूपरेखा

यस शोधपत्रका निम्नलिखित रूपरेखा रहेका छन् ।

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : मथुरा के.सी.को जीवनी

परिच्छेद तीन : मथुरा के.सी.को व्यक्तित्व

परिच्छद चारः मथुरा के.सी.का सिर्जनात्मक कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन

परिच्छेद पाँच : मूल्याङ्कन र निष्कर्ष

उपर्युक्त परिच्छेदलाई आवश्यकतानुसार विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत शोधपत्र सम्पन्न गरिएको छ ।

# परिच्छेद दुई

# dy'/f s]=;L=sf] hLjgL kl/ro

## २.१ वंशज तथा पूर्वज

मथुरा के.सी.का पूर्वजहरू दैलेख र दुल्लुमा बसोबास गर्दथे । पछि विभिन्न कारणले देशका विभिन्न ठाउँमा छरिन पुगे । त्यसमध्ये पाल्पाका पूर्वजहरूका एक सन्तान मथुरा के.सी. हुन् ।[१] तिनै वंशजहरूका सन्तान बताउने मथुरा के.सी. आफू जातिगत रूपमा क्षत्रीय, थरमा कार्की अर्थात के.सी. हुन् । अहिले आएर धेरै कार्कीहरूले कार्की नलेखेर के.सी. लेख्ने गरेको पाइन्छ ।[२] कार्की पनि मुख्यत दुई किसिमका हुन्छन्- सुतार कार्की र मुडुला कार्की । यी दुईमध्ये आफू मुडुला कार्की भएको बताउँछन् ।[३]

मथुरा के.सी.का हजुरबा खेतीकिसानी गर्थे तर आफू जन्मदा हजुरबा बितिसक्नु भएकाले उनले हजुरबाको रूपचाहिँ देख्न पाएनन् । हजुरबा पनि मुखिया हुनुहुन्थ्यो ।[४] हजुरबा हजुरआमाका सन्तानका रूपमा चारभाइ छोरा र दुई बहिनी छोरीहरू भए । चार भाइमध्ये कान्छा हुमबहादुर नै मथुरा के.सी.का बाबु हुन् । हुमबहादुरका पनि चार छोरा र दुई छोरीहरू रहेका छन् । जसमध्ये सबैभन्दा जेठा मथुरा के.सी., माइला कृष्ण के.सी., साइला विष्णु के.सी. र कान्छा भाइ तारा के.सी. हुन् भने बहिनीहरू जेठी भगवती र कान्छी विमला हुन् ।[५]

## २.२ जन्म

न्वारानको नाम मुक्तिबहादुर भएका मथुरा के.सी. पिता हुमबहादुर र माता पद्माकुमारी कार्कीका जेठा सुपुत्रका रूपमा वि.सं. २००७ साल साउन ३ गते जन्मिएका थिए ।[६]

## २.३ जन्मस्थान

विश्वमानचित्रमा हेर्दा दक्षिण-पूर्वी एसियामा अवस्थित दुई शक्तिसम्पन्न राष्ट्रहरू चीन र भारतको बीचमा रहेको देश नेपालको हालको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत

---

[१] मथुरा के.सीबाट प्राप्त जानकारी

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

[६] ऐजन ।

लुम्बिनी अञ्चलको पहाडी क्षेत्रमा पर्ने पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट केही टाढा ताहूँ गा.वि.स. नै मथुरा के.सी.को जन्मस्थान हो ।[७]

## २.४ बाल्यकाल

### २.४.१ बाल्यकालको पर्यावरणीय स्थिति

पर्यावरण भन्नाले वातावरणलाई जनाउँछ । उनी जहाँ जन्मे त्यहाँको वातावरण उनका लागि अनुकूलित बन्यो । भौगोलिक पर्यावरणको रूपमा वनजङ्गल, खोल्साखोल्सी नदीनाला, भीरपाखा, अग्लाहोचा पहाड तथा सानो समथर मैदान नै के.सी.को बाल्यकालको पर्यावरणीय स्थिति थियो । पारिवारिक परिवेशमा चाहिँ हजुरबा पनि गाउँका मुखिया हुनुहुन्थ्यो र पछि बुबाले पनि त्यसलाई निरन्तरता दिनुभयो । जग्गा जमीन प्रशस्त भएकाले मुखियाको प्रभुत्व गाउँमा सोभै पर्दथ्यो । आफ्ना बुबा मुखिया भएकाले गाउँका अन्य मानिसहरू विभिन्न सहयोगका लागि घरमा आउने जाने गर्दथे । त्यसबेला देशमा राजनीतिक अस्थिरता थियो जसको परिणाम गाउँगाउँमा मुखिया जिम्मवाल आदिकहाँ सोभै पर्दथ्यो । त्यसकारण गाउँमा मुखिया जिम्मवालको ठूलो महत्त्व हुन्थ्यो जुन कुरा उनले पनि देखे । सामाजिक संस्कारका रूपमा भूत, प्रेत, जातीपाती तथा छुवाछुतको अवस्था विद्यमान थियो भने आर्थिक रूपमा सामन्ती र कृषकवर्ग स्पष्ट रूपमा विभाजित थिए ।[८] यसर्थ उनको बाल्यकाल तत्कालीन सामाजिक रीति र चलनको घेराबन्दीमा रहेको थियो ।

### २.४.२ बाल्यकालको पारिवारिक आर्थिक स्थिति

बाल्यकालको उनको पारिवारिक आर्थिक स्थिति मजबुत देखिन्छ । उच्च मध्यम परिवारमा जन्मिएका के.सी. गरिबीको कारणबाट प्रताडित हुनुपरेन । उनका पिता गाउँका मुखिया थिए । मुखिया नै गाउँको सर्वेसर्वा हुने गर्दथ्यो । जग्गा जमीन प्रशस्त र जिल्लामा आफ्नो कुरा बिक्ने भएकाले उनका बा मुखिया भएका थिए हुनतः उनका हजुरबा पनि मुखिया थिए । काकाहरू पनि आफ्नो खेतीपातीप्रति ध्यान दिन्थे । पशुपालनबाट पनि राम्रो आम्दानी थियो । हजुरबाले आफ्ना पूर्वजहरूबाट प्राप्त पैतृक सम्पत्तिमा नै व्यवहार चलाउँदै आएका थिए भने बुबा हुमबहादुर कार्कीले आफै कमाएर केही जग्गा किनेका थिए । यही नै उनको बाल्यकालको पारिवारिक आर्थिक स्थिति रहेको पाइन्छ ।[९]

### २.४.३ बाल्यकालको सांस्कृतिक स्थिति

मथुरा के.सी.को परिवार धर्मकर्म गर्ने खालको परम्परावादी क्षत्रीय कुलको थियो । त्यही अनुसार उनको बाल्यकालको मानसिकतामा पनि परिवारबाट आर्जित सांस्कृतिक

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

पक्षले प्रभाव पारेको थियो । घरमा समय समयमा हुने धार्मिक कार्य तथा अनुष्ठानले उनको सांस्कृतिक वातावरणलाई अझ तीव्र बनाएको थियो ।[१०] बालकालमा देखेका कतिपय त्यस्ता कार्यहरूमा घरमा बिहान बेलुका हुने घरायसी पूजा पाठमा घण्टी बज्दा, धूपको बास्ना आउँदा उनको मन रोमाञ्चित हुन्थ्यो । उनी पनि सानैदेखि गणेश, शिव आदि देवताको पूजा गर्दथे ।[११]

के.सी. जब बाल्यवस्थाबाट विस्तारै किशोर अवस्थामा प्रवेश गर्न थाले तब उनका तत्कालीन सामाजिक, सांस्कृतिक धार्मिक क्षेत्र भित्र भएका, अन्धविश्वास, कुरीति, विकृति विसङ्गति विरुद्ध भावना जन्मन थाल्यो । त्यसबेला समाजमा कठोर व्यवस्थाको रूपमा रहेको छुवाछुत प्रथा उनलाई पटक्कै मन पर्दैनथ्यो । त्यहाँ दलितहरूसँगसँगै उठबस गर्नेदेखि लिएर सँगसँगै हिँड्ने खेल्ने गर्दथे ।[१२] सानैदेखि छुवाछुत प्रथा, जातीपाती उचनिच प्रथा समाजमा संस्कारकै रूपमा हुर्कदै थियो, त्यसलाई उनी किमार्थ मन पराउँदैनथे ।

### २.४.४ बाल्यकालको राजनीतिक स्थिति

मथुरा के.सी. जन्मेको साल नै नेपाली काङ्ग्रेसले गरेको आन्दोलनले राणाशासनको अन्त्य भयो । यो त एउटा संयोग थियो देशमा यत्रो राजनैतिक परिवर्तन आउनुमा । उनी त्यही शिशु प्रजातन्त्रको बाल्यकालीन राजनैतिक पर्यावरणमा हुर्कदै गए । तर मथुरा के.सी. आफू भने कहिल्यै पनि सक्रिय राजनीतिमा लागेनन् । उनको बाल्यकालीन पारिवारिक राजनीतिक स्थिति पनि त्यति मजबुत थिएन र बाबु बाजेले नगरेको राजनीतिमा उनी फसेनन् पनि र रुचि पनि थिएन । देशमा आएको परिवर्तनलाई उनले बुझेपनि उनको त्यसतर्फको चाहना कम थियो तथापि राजनीतिक चेतना तीव्र हुँदै अगाडि बढिरहेको थियो ।[१३]

### २.४.५ बाल्यकालमा भएका क्रियाकलाप

मथुरा के.सी. को बाल्यकालीन अवस्था एकदमै सुखमय थियो । बाल्यवास्था मानजीवनको पहिलो चरण पनि हो । यसबेला मानिस निश्छल र निस्कलङ्क हुन्छ । यस उमेरमा जुनसुकै बालबालिकाहरू बालसुलभ, क्रियाकलाप, मनोरञ्जन तथा खेलकुदमा रमाउने गर्दछन् । उनी छपन्दी, बराहथान, बाँसघारी, डढुवा वन, खुलखुले, वनजङ्गल, भीरपाखा अग्ला अग्ला पहाड, मैदानहरूमा साथीसङ्गीहरूसँग खेल्ने घुम्ने लुकामारी गर्ने गर्दथे । त्यसले के.सी.को उत्पादन कार्य र जीवनपद्धतिमा प्रभाव पार्नु स्वाभाविकै थियो ।

---

१० ऐजन ।

११ ऐजन ।

१२ ऐजन ।

१३ ऐजन ।

त्यही प्राकृतिक परिवेशको प्रभावमा आधारित विशेषतामा प्रकृति र मानवजीवनको छायाँ भेटिनु र त्यसबाट आनन्द प्राप्त गर्नु अनि त्यही प्रकृतिको रमणीयतामा कहिले हसिँया, कहिले ग्वाला बनेर गाईवस्तु चराउन जानु उनको बाल्याकालको सामान्य दिनचर्या थियो । घरमा गाई, भैंसी, गोरु, बाख्रा आदि जनावरहरू थिए ।[१४] घरमा काम गर्न बसेका नोकर चाकरहरूसँग वनवन, घुम्थे । वस्तु हेर्न जाँदा प्रायः तिनीहरूसँग खेलेर नै बिताउँथे । खेल्दाखेल्दै दिन बितेको पत्तै हुँदैन्थ्यो, खेल्दा खेल्दै कतिपटक गाइवस्तुले अर्काको बाली खान्थ्यो ।[१५]

परिवार त्यतिखेर खेतीपातीमा आधारित भएकाले उनी पाखोबारीमा मकै छर्ने कहिलेकाहीँ जोत्ने तथा खेतमा श्रम गर्न पनि जान्थे । घरमा बुबा आमाले भनेका सानातिना कामहरू खुरुखुरु गर्दथे । छोराहरूमा जेठा भएकाले पारिवारिक रूपबाट पहिलो सन्तानका रूपमा सबैको माया पाएका थिए । त्यसबेलाको आर्थिक अवस्था राम्रो भएकाले उनलाई बाबुआमाले कुनै अभाव हुन नदिई राम्रै गरी हुर्काए ।[१६] उनी परिवारका सदस्यका प्रियपात्र थिए । आफ्ना साथीहरूसँग घुस्रेफुस्रे भएर धुलोबाजी खेल्ने, फाँटफाँट दौड्ने रुखका फलफूल खोजेर खान टाढा-टाढासम्म जाने गर्दथे । सानैदेखि प्राकृतिक सुन्दरताप्रति उनी आकृष्ट हुन्थे ।

उनका बाल्यकालीन क्रियाकलापहरू सुखद नै रहेका छन् । कसैको दबाबमा नरही उनको बाल्यकाल बितेको पाइन्छ ।[१७]

## २.५ शिक्षादीक्षा

### २.५.१ प्रारम्भिक चरणको शिक्षा

प्रारम्भिक चरणको शिक्षा भन्नाले स्कुल जानुभन्दा पहिलेदेखि नै उनको पढाइप्रतिको रुचिसँग जोडिएको छ । परिवारको सदस्यहरूले सुरुसुरुमा कखरा पढाउने गर्दथे । उनको पढाइप्रतिको रुचि निकै थियो । उनी विद्यालय जानुभन्दा पहिलेदेखि नै घरमा पढ्ने अभ्यास गर्दथे यसमा बुबाको सहयोग हुने गर्दथ्यो ।[१८]

### २.५.२ विद्यालयस्तरीय शिक्षा

पाँच वर्षको उमेरमा उनी रम्भा निम्न माध्यमिक विद्यालय ताहूँमा भर्ना भए । यहीँबाट उनको औपचारिक शिक्षा आरम्भ हुन्छ । यो उनको प्रारम्भिक चरणको घरेलु

---

[१४] ऐजन ।

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

अध्ययनभन्दा बाहिरको विद्यालयमा पहिलो प्रवेश थियो । यस विद्यालयबाट उनले आठ कक्षासम्मको मात्र अध्ययन गरे त्यसबेला उनी १३ वर्ष पुगिसकेका थिए । त्यसभन्दा माथिको पढाइ गर्न उक्त विद्यालयमा ९/१० को कक्षा संचालन भएको थिएन जसले गर्दा नौ र दसको पढाइका लागि उनी ताहूँको रम्भा नि.मा.वि. छोडेर तानसेनको जनता मा.वि. मा भर्ना हुन पुगे । त्यहीँबाट उनले एस.एल.सी. परीक्षा उत्तीर्ण गरे । यसबेला मात्र उनी १५ वर्षका थिए ।[१९]

### २.५.३ उच्च शिक्षा

गाउँकै रम्भा नि.मा.वि.बाट ८ कक्षासम्म अनि जनता मा.वि. बाट एस.एल.सी. पास गरेपछि उनी उच्च शिक्षाको लागि भारतको गोरखपुरमा रहेको 'महात्मा गन्धी डिग्री कलेज' तर्फ लागे । त्यहाँबाट उनले आइ.एस.सी. प्रथम श्रेणीमा पास गरे त्यसबेला उनी १७ वर्षका थिए ।[२०]

उच्च शिक्षाको अध्ययनको सिलसिलामै कोलोम्बो प्लानको छात्रवृत्ति पाई ( त्यसबेलाको पूर्व पाकिस्तान) ढाकामा एम.वि.वि.एस. पढ्न गए । उनले त्यहाँबाट २०३१ सालमा एम.वि.वि.एस.को अध्ययन पूरा गरे । यस पछाडि एफ.सी.पि.एस. डिग्रीको लागि स्नातकोत्तर तहको पढाइ हुने संस्था आइ.पि.जि.एम. आरमा भर्ना भई २०३९ मा यो तहको अध्ययन पनि पूरा गरे ।[२१]

यसरी उच्चशिक्षा अध्ययन गर्ने उनको अधिकांश समय विदेशमै बित्यो । मुख्यत भारत र बङ्गलादेशबाट आफ्नो जीवनको महत्त्वपूर्ण शिक्षा प्राप्त गरे ।[२२]

### २.५.४ अनौपचारिक शिक्षा

उनको जीवनको लामो समय औपचारिक शिक्षा आर्जन गर्नमै बित्यो ।[२३] त्यसलगतै चिकित्सा पेशामा आबद्ध हुनुपर्‍यो । उनको औपचारिक शिक्षा अध्ययन गर्ने सिलसिला सकिएपनि अनौपचारिक अध्ययन भने जारी रहेको पाइन्छ । उनीभित्र ज्ञानको तृष्णा चर्को रूपमा रही नै रह्यो । त्यसैले उनले अनौपचारिक अध्ययनतिर आवश्यक रूपमा ध्यान दिँदै गए । अनौपचारिक अध्ययनको क्रममा नेपाली साहित्य त्यसमा पनि कविताविधातर्फ आकृष्ट हुँदै गए जसले गर्दा साहित्यको फाँटमा निस्केका त्यस्ता कतिपय पुस्तकहरू पढ्दै गए

---

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] ऐजन ।

अध्ययन गर्दै गए त्यसका अलाबा लेख रचना र दर्शनजस्तो विधामा चाख लिन्थे । अध्ययन भन्ने कुरा जति गर्दै गयो उति झन् झन् गर्नुपर्ने आवश्यकता पर्दोरहेछ ।[२४]

## २.६ पारिवारिक अवस्था

### २.६.१ विवाहपूर्वको पारिवारिक अवस्था

मथुरा के.सी. को जन्म संयुक्त परिवारमा भएको थियो । बुबा हुमबहादुर र आमा पद्मकुमारीका कोखबाट पहिलो सन्तानका रूपमा उनी ताहूँमा जन्मिएका थिए । आफू जन्मदा हजुरबा परिवारमा हुनुहुन्नथ्यो ।[२५] आफू जन्मनुभन्दा तीनवर्ष अगाडि नै हजुरबाको मृत्यु भएको थियो । दाजुभाइहरूमध्ये बुबा कान्छो भाइ हुनुहुन्थ्यो । विवाहपूर्व उनको परिवारमा बुबाआमा तथा भाइहरू र बहिनीहरू रहेका थिए । मथुरा के.सी. चार भाइ दाजुभाइमध्ये जेठा हुन् उनका अरू तीन भाइहरूमा माइला कृष्ण, साइला विष्णु र कान्छा तारा कार्की हुन् । दिदीबहिनीहरूमा दुईवटी बहिनी भगवती र विमला रहेका थिए । भाइहरूसबैको अहिले विवाह भइसकेको छ । उनीहरू आ-आफ्नै पेसा र व्यवसायमा लागेका छन् । दुई बहिनीहरूको पनि विवाह भइसकेको छ, उनीहरू अहिले काठमाडौँमा रहेका छन् ।[२६] समग्रमा विवाहपूर्वको पारिवारिक अवस्थामा उनी सधैँ परिवारबाट टाढा रहे विशेषतः त्यो अध्ययनको कारण थियो जहाँ रहे बसे पनि उनको परिवारसँग अटूट सम्बन्ध रहन्थ्यो जसले गर्दा तत्कालीन पारिवारिक सम्बन्धको अवस्था राम्रो थियो ।[२७]

### २.६.२ विवाह तथा दाम्पत्य जीवन

विवाह मानव जीवनमा एउटा अपरिहार्य विषय नै हो । विवाह सृष्टिको निरन्तरता पनि हो भने व्यवहारिक जीवन निर्वाह गर्ने मानवीय आवश्यकता पनि हो । संसारका हरेक मानिस एउटा निश्चित समयावधि पार गरेपछि विवाह बन्धनमा बाँधिन्छन् । नारी र पुरुष आपसमा जीवनभर हरक्षणसँगै बाँच्ने गरी गरेको सम्झौता नै विवाह हो ।[२८]

मथुरा के.सी.को विवाह वि.सं. २०३५ सालमा बङ्गलादेशमा अध्ययनको सिलसिलामा रहेका बेला उतै भएको थियो । आफै मन परापर भएपछि लभ म्यारिजको रूपमा भएको थियो । विवाह गर्दा के.सी.को उमेर २८ वर्षको थियो भने उर्मिला कार्कीको उमेर २२ वर्षको थियो । काठमाडौँ टेकू निवासी बुबा कर्णेल मकरबहादुर कार्की र आमा

---

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] ऐजन ।

[२८] ऐजन ।

शिखा कार्कीकी जेठी छोरी उर्मिला कार्की नै मथुरा के.सी.को जीवन सङ्गीनी हुन् ।[२९] विवाह अति नै सरल र समझदारीपूर्ण ढङ्गमा सम्पन्न भएको थियो । के.सी.को दाम्पत्य जीवनमा कुनै त्यस्ता नरमाइला क्षण वा कुनै त्यस्ता उल्लेखनीय रमाइला क्षण छैनन् । यी दम्पती शारीरिक रूपमा स्वस्थ र बलिया छन् । पूरानो कर्मकाण्ड तथा अन्धविश्वासमा विश्वास नगर्ने अनुकूल स्वभावका देखिन्छन् ।[३०] देश छोडेर विदेशमा गएर पढ्दा मायाको रन्कोले सेकिएपछि उतै आपसमा कुरा मिल्यो फलस्वरूप विवाह पनि भयो । दुवैजना चिकित्सा पेसासँग सम्बन्धित भएकाले पनि होला मन पराउनु मा खासै मतान्तार देखिएन ।[३१] आत्मविश्वास र परिश्रममा विश्वास राख्ने यी दम्पती हालसम्म कुनै पनि पारिवारिक किचलोविना सुखद जीवन व्यतीत गरिरहेका छन् । आफ्नो आत्माले देखेका कुरा निर्भिकताका साथ प्रस्तुत गर्दछन् साथै खुला हृदयका धनी देखिन्छन् ।[३२]

### २.६.३ सन्तान

सन्तान बिनाको पारिवारिक जीवन अधुरो अपूरो रहन्छ । मानवीय अस्तित्व कायम राख्नको निम्ति सन्तान अपरिहार्य छ । आफू पश्चात संसारको निरन्तरता पनि सन्तानहरूले पूरा गर्दै जान्छन् । मथुरा के.सी.को पहिलो सन्तानको रूपमा वि.सं. २०४८ सालमा छोरा उद्वीप कार्कीको जन्म नेपाल बाहिर इरानमा भयो । त्यसको दुईवर्ष पछि वि.सं. २०५० सालमा छोरी मनसा कार्कीको काठमाडौँमा जन्म भयो ।[३३] ती मध्ये उद्वीप दाजु र मनसा बहिनी हुन् । छोरा उद्वीप कार्की हाल **काठमाडौँ कलेज अफ म्यानेजमेन्ट** मा स्नातक तह पहिलो वर्षमा अध्ययनरत छन् भने छोरी मनसा कार्की **ह्वाइट हाउस कलेज काठमाडौँमा** आइ.कम. पहिलो वर्षमा अध्ययनरत छिन् । उनका छोराछोरीको पढाइ राम्रो रहेको छ ।[३४] छोरा उद्वीप कार्की भने आफ्नो इरान बसाइको समयमा उतै जन्मिएका थिए भने छोरी मनसा चाहिँ काठमाडौँमा जन्मिएकी हुन् । अहिलेसम्म उनीहरूको शिक्षा काठमाडौँमा भइरहेको छ, बाहिर (अन्य देश) जानुपरेको छैन ।

[२९] ऐजन ।
[३०] ऐजन ।
[३१] ऐजन ।
[३२] ऐजन ।
[३३] ऐजन ।
[३४] ऐजन ।

## २.७ आजीविका र आर्थिक अवस्था

### २.७.१ पेशा

पेशा मानव जीवन निर्वाह गर्ने एउटा भरपर्दो माध्यम हो । प्रत्येक व्यक्तिलाई आफ्नो जीवन चलाउनका निम्ति केही न केही काम गर्नुपर्ने हुन्छ । मथुरा के.सी.का बुबा आफ्ना छोरालाई धेरै पढाउन चाहन्थे जसअनुसार उनले पढाइमा सफलता हात पार्दै लगे । जसले गर्दा उनी भविष्यमा सम्मानजनक पेशामा आबद्ध भए । जीवनको पूर्वाद्ध समय अध्ययनको सिलसिलामा नै बित्यो । कडा मिहिनेत र परिश्रमले एम.वि.वि.एस.जस्तो कोर्स पास गरेर डाक्टर बन्न सफल भए । अध्ययन अवधि भर उनले कुनै पेशा अँगालेनन् त्यस अवधिमा घरबाट नै सहयोग प्राप्त गरिरहे ।

सर्वप्रथम बङ्गलादेशमा **एम.वि.वि.एस**. र **एफ.सि.पि.एस**. उपाधि प्राप्त गरेपछि वि.सं. २०४० देखि २०५१ सम्म इरानमा रही **कन्सल्टेन्स फिजिसियन**का रूपमा सेवा गरे ।[३५]

उनले बरिष्ठ चिकित्सकको रूपमा रही **पाटन हस्पिटल**मा करिब एक वर्ष वि.सं. २०५३ देखि २०५४ सम्म काम गरे । **काठमाडौँ मेडिकल कलेज** (शिक्षण अस्पताल) मा वि.सं. २०५६ देखि अहिलेसम्म कार्यरत छन् । यस अस्पतालमा सुरुका तीन वर्षसम्म निर्देशकका रूपमा काम गरे भने हाल **प्रोफेसर अफ मेडिकल डिपार्टमेन्ट तथा युनिट चिफ**का रूपमा कार्यरत छन् ।[३६]

त्यस्तै गरेर **हिमाल हस्पिटल** ज्ञानेश्वरमा पनि उनले सेवा गरे ।[३७] उनी अहिले अनुभवी वरिष्ठ डाक्टरको रूपमा परिचित छन् । डाक्टरी पेशा नै उनको जीवनको सिङ्गो पाटो हो । बिरामीको उपचार गर्नु, उनीहरूको रेखदेख र उचित संरक्षण भएको छ कि छैन ? सो को जानकारी लिनु नै उनको दैनिकी बनेको छ । यसर्थ नेपाली समाजमा सम्मानित डाक्टरी पेशा गौरवको विषय पनि हो, यसबाट आर्थिक रूपमा पनि उनी सबल रहेका छन् जसले जीविकोपार्जन गर्नका लागि ठूलो मद्दत पुऱ्याएको छ । त्यसैले उनको पेशा अनुसारको आर्थिक अवस्था मजबुत छ ।[३८]

### २.७.२ आर्थिक अवस्था

मथुरा के.सी.को आर्थिक अवस्था बाल्यावस्थादेखि नै राम्रो रहेको पाइन्छ तथापि आफू सानो हुँदा बाबुले अर्को विवाह गरेपछि परिवारमा आर्थिक संकट देखापऱ्यो । पुर्ख्यौली

---

[३५] ऐजन।

[३६] ऐजन ।

[३७] ऐजन ।

[३८] ऐजन ।

सम्पत्ति बाबु बाजेको पालादेखि नै संरक्षित र सुरक्षित हुँदै आइरहेको थियो, त्यसमा बाबुको दोस्रो विवाहले केही खण्डित गरेपनि अन्तत मथुरा के.सी.को पछिल्लो आर्थिक अवस्था भने राम्रो रहेको छ ।[३९] आफ्नै कडा मिहिनेत र परिश्रमबाट पढाइले सफलता पाउँदै गयो । फलस्वरूप उनी डाक्टर भए जुन आर्थिक समृद्धिको एउटा भरपर्दो पेशा पनि हो । त्यसका लागि उनी विभिन्न अस्पताल र क्लिनिकहरूमा आबद्ध छन् जुन आर्थिक उपार्जनका दृष्टिले अत्याधिक सफल छ ।

पुर्ख्यौली सम्पत्तिको रूपमा अहिले पनि आफ्नो जन्मथलो पाल्पा ताहूँमा घरजग्गा खेतबारी रहेको छ तर उनको त्यसमा कुनै प्रकारको हकदाबी वा भोग चलन रहेको छैन । उनको काठमाडौँ सिनामंगलमा तीनतले घर र घडेरी रहेको छ । उनको बसोबास पनि त्यहीँ रहेको छ ।[४०]

## २.८ स्थायी बसोबास

उनको पुर्ख्यौली थलो भने पाल्पा जिल्लाको ताहूँ हो । उनको जन्म त्यहाँ भएपनि जीवनको यात्रामा कहिले अध्ययन, कहिले जागिर र ट्रेनिङ्गको सिलसिलामा देशका विभिन्न ठाउँ र विदेशतिर बस्दै रहँदै आएका छन् । पाल्पा जिल्लाको ताहूँ र तानसेनबाट एस.एल.सी. परीक्षा पास गरेपछि उनको करिब अध्ययनको पहिलो घरबाहिरको बसाइ भारतको गोरखपुर बन्यो जहाँ महात्मागान्धी डिग्री कलेजबाट दुईवर्ष लगाएर आइ.एस्सी. पास गरे ।[४१]

त्यस पश्चात उनी एम.वि.वि.एस. को पढाइका लागि बङ्गलादेशको ढाकामा ६ वर्ष बसेका थिए । बङ्गलादेशबाट कन्सल्टेन्स फिजिसियनको रूपमा इरान गए त्यहाँ उनी करिब १० वर्ष बसे । त्यसपश्चात फेरि बङ्गलादेश आई एक वर्ष बसेर **डिप्लोमा इन कार्डियोलोजी** कोर्स पूरा गरे । यसक्रममा उनी विदेशमा धेरै समय बिताउन बाध्य भए पछि आफ्नो देश फर्के । नेपालमा फर्केपछि उनी हाल काठमाडौँ सिनामंगलमा बसोबास गर्दै आएका छन् । त्यहाँ उनको निजी निवास रहेको छ पूर्ववत्) । उनका बाबु भने पाल्पा ताहूँमा नै रहँदै आएका छन् । उनको कार्यक्षेत्र काठमाडौँ भएकाले पनि होला उनको स्थायी बसोबास पनि यहीँ सहज भएको । यसर्थ वि.सं. २०५३ सालयता उनको स्थायी बसोबास काठमाडौँमा रहेको छ ।[४२]

---

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

## २.९ कार्यक्षेत्र र संलग्न संस्थाहरू

लामो समयको अध्ययन पश्चात् के.सी.को कार्य क्षेत्र बिरामीहरूको उपचार गराउने र नव विद्यार्थीहरूलाई अध्ययन गराउने संस्था 'काठमाडौं मेडिकल कलेज' शिक्षण अस्पताल सिनामंगल रहेको छ । हुनत यसभन्दा अगाडि पनि इरानमा १० वर्ष र नेपालका विभिन्न अस्पताल र क्लिनिकहरूमा यस सम्बन्धी कार्य गरिसकेका छन् । तसर्थ उनको कार्यक्षेत्र चिकित्सक नै हो र अहिले पनि उनी यसैसँग सम्बन्धित काठमाडौं मेडिकल कलेज शिक्षण अस्पताल र हिमाल क्लिनिक ज्ञानेश्वरमा कार्यरत छन् ।[४३]

यसबाहेक पनि उनी विभिन्न संस्थाहरूमा आबद्ध छन् । चिकितसक भन्दा बाहिरको उनको रुचि भने साहित्यमा रहेको पाइन्छ । त्यसैले उनी विभिन्न साहित्यिक संस्था तथा सामाजिक संस्थाहरूमा पनि सम्बन्धित छन् । साहित्यका विविध विधामा कलम चलाउने उनी कवितामा धेरै चाख राख्छन् । त्यसैले उनले आफ्नै सक्रियतामा 'नेपाल बङ्गलादेश साहित्यिक समाज'को स्थापना गरेका छन् साथै उनी यससंस्थाका महासचिव हुन् । त्यस्तै गरेर उनी 'नेप्लिज सोसाइटी अफ इकोकार्डियोग्राफी'का संस्थापक महासचिव र 'पद्म पारितोषिक फाउन्डेसन' का अध्यक्ष हुन् । यसबाहेक पनि अन्य साहित्यिक संस्थाहरूमा उनको प्रत्यक्ष संलग्नता रहेको छ ।[४४]

## २.१० दिनचर्या

सामान्यतया उनको दिनचर्या व्यस्ततामा नै बित्दछ । आफू संलग्न संस्थाहरूमा पूरा समय दिने गर्दछन् । बचेको समयलाई घरपरिवारमा बिताउने गर्दछन् । बिहान चाँडै उठ्ने, मर्निङ वाक गर्ने, योगा गर्ने, ध्यान गर्ने, नुवाइ धुवाइ गर्ने र थोरै समय पूजापाठमा पनि बिताउने गरेका छन् । यी सबै कार्य गरेपछि बिहानको नास्ता लिने गर्दछन् र अफिसतर्फ लाग्दछन् । अस्पतालमा बिरामीहरूको राम्रो हेरविचार र उपचार पश्चात् दिउँसोको समयमा घरमा आई खाना खान्छन् र केही समय आराम गर्दछन् र फेरि क्लिनिक वा अन्य त्यस्तै अस्पतालहरूमा गएर बिरामीहरूको उपचार गर्दछन् । बेलुका घर फर्केपछि टेलिभिजनबाट प्रसारित समाचार हेर्ने र साहित्यिक पत्रपत्रिकाको अध्ययन गर्ने गर्दछन् ।[४५]

चाख लागेका विषयहरू दोहोऱ्याई तेहेऱ्याई पढ्ने उनको बानी छ । यसै क्रममा दिनभरिको दौडधूप र व्यस्तताबाट निखारिएको भावनात्मकताले साहित्य सृजन गर्न कलम समाउँछन् । उनका कविता प्रायः यसै समयमा रचिन्छन् घरमा भेट्न आएका मानिसहरूसँग

[४३] ऐजन ।

[४४] ऐजन ।

[४५] ऐजन ।

दिउँसो समय मिलाएर भेटघाट गर्दछन् । उनी विभिन्न साहित्यिक सभा समारोहमा बोलावट भएको खण्डमा अन्य कामलाई थाती राखेर भएपनि उपस्थित हुने गर्दछन् ।

नेपालमा बस्न थालेदेखि नै उनको दिनचर्या एकदमै व्यस्ततामा बितेको पाइन्छ । प्रथमत उनी चिकित्सा पेशासँग आबद्ध डाक्टर भएकाले उनको पहिलो ध्यान त्यसतर्फ नै रहन्छ ।[४६]

## २.११ धार्मिक जीवन

उनको परिवारले सनातन धर्म मान्दै आएको थियो । त्यसैले उनमा पनि यस कुराको प्रभाव पऱ्यो । सानोछँदा नै घरमा रुद्री चण्डीको पाठ गरेको, श्राद्ध गरेको, सप्ताह लगाएको उनले देखेका थिए । त्यसकार्यबाट उनमा धार्मिक प्रवृत्ति सरेको पाइन्छ । घरमा अरूबेला पनि आमाले धूप बालेर, घण्टी बजाएर, फूल चढाएर पूजा गरेको देख्थे र त्यसबाट धर्मप्रतिको आस्था पूर्ण रूपमा स्थापित हुँदै आएको थियो । अहिलेसम्म पनि उनको धर्मप्रतिको आस्था घटेर गएको छैन बरु बढेर गएको छ ।[४७] उनी हिन्दु धर्म मान्दछन् । शिव गणेश भगवानको विशेष पूजा अर्चना गर्दछन् । समय समयमा मन्दिर गएर पनि पूजाआजा गर्दछन् । दीनदुःखीहरूको सेवा र सहयोग गर्दा धर्म मिल्छ भन्ने मान्यता राख्दछन् । मूर्तिपूजाको उनी खुलेर विरोध गर्दैनन् बरु त्यसलाई भगवानको अर्मूत प्रतीक मान्दछन् । घरमा पनि बिहान उनी सामानय पूजापाठ गर्दछन् । अन्य धर्मप्रति उनको उत्तिकै आस्था, विश्वास र सद्भाव रहेको बताउँछन् । यसरी समग्रमा हेर्दा उनी नास्तिक होइन आस्तिक नै ठहरिन्छन् । धर्मले मानिसलाई नैतिकवान् बन्न र सही मार्गमा डोऱ्याउँछ र त्यसले जीवनमा सफलता हात पार्न सहयोग गर्ने बताउँछन् ।[४८]

## २.१२ राजनैतिक जीवन

"राजनैतिक जीवनमा म कहिल्यै पनि लागिनँ" उनी भन्छन् । सक्रिय राजनीतिमा उनी कहिल्यै नलागे पनि राजनीति के हो ? उनले राम्ररी बुझेका छन् । उनी राजनीति नै देशको समग्र विकासको पहिलो जग हो, भन्दछन् । राजनीति भनेर कहिले यो पार्टी, ऊ पार्टी भनेर हिडेनन् तर पार्टीका नेताहरूसँग वैयक्तिक सम्बन्ध राम्रै रहेको छ । सानो हुँदा घरको पारिवारिक वातावरणले राजनीतिक पाठ सिकाउन सकेन, बाल्यकालमा राजनीति, पार्टी के हो थाहै पाएनन् । एस.एल.सी. पास गरेपछि मात्र राजनीतिको बारेमा अलिअलि ज्ञान हुन थाल्यो ।[४९] अहिले पनि उनी कुनै पार्टीमा सक्रिय छैनन् र कहिल्यै राजनीति गरेनन्

---

[४६] ऐजन ।

[४७] ऐजन ।

[४८] ऐजन ।

[४९] ऐजन ।

आफ्नै कार्यक्षेत्र र पेशाप्रति इमानदार रहँदै आए । उनको राजनीतिक सक्रियता र चासो शून्यप्राय: नै रहेको छ तथापि नजिकबाट बुझ्ने र विश्लेषण गर्ने उनको चाहना हो ।[५०]

## २.१३ सामाजिक जीवन

कवि के.सी. विभिन्न संस्थाहरूमा आबद्ध भएर सामाजिक कार्य गरिरहेका छन् । उनी समाजमा बसेपछि समाजका नराम्रा कुराहरूको विरोध र राम्रा कुराहरूको समर्थन गर्छन् । बिरामीहरूको उपचार गराउने ठाउँमा रहनु नै उनको सामाजिक जीवनको महत्त्वपूर्ण अंग हो । उनको समाजमा सबैसँग मिलेर बस्ने बानी छ । **मानवले प्रत्येकसँग गर्ने असल व्यवहार नै सामाजिक जीवनको अहंम् हो** उनी भन्दछन् । असहायलाई सहयोग गर्ने, दीनदु:खीहरूलाई मद्दत गर्ने उनको बानी रहेको छ ।[५१]

## २.१४ साहित्यिक जीवन

चिकित्सा पेशा पछाडि साहित्यिक जीवन देखा पर्दछ । आफ्नो पढाइ र त्यसपछाडि चिकित्सा पेशामा अनुबन्धित भएपछि साहित्य क्षेत्रमा उनी लागेका थिए । "साहित्यले आफूले अनुभूत गरेका र देखेका तीता मिठा सबै लक्षणहरूलाई बाहिर निकाल्ने गर्छ" ।[५२] एकोहोरो पढाइ र पेशाले शारीरिक रूपमा हैरान भएपछि त्यसलाई निकास दिन साहित्य तर्फ लागेका हुन् । साहित्यिक जीवन पछिल्लो समयमा आएर उच्चतर बन्दै गएको छ । लेखनक्रम गुणात्मक र संख्यात्मक दुवै दृष्टिले बृद्धि हुँदै गइरहेको छ । विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविता लेख रचनाहरूले उनलाई सबै माझ चिनाएको पाइन्छ ।[५३]

### २.१४.१ साहित्यिक कृति लेखनमा प्रेरणा र प्रभाव

हरेक मानिसमा रचनात्मक प्रवृत्ति हुन्छ, त्यो समयको छचल्काइसँगै पोखिन चाहन्छ, छताछुल्ल भएर । यस्तो प्रतिभा लेखनका गुणहरू उनमा सुषुप्त अवस्थामा बाल्यावस्थादेखि नै रहँदै आएको पाइन्छ । उनी सानैदेखि गीत कविता सुन्न रुचाउने गर्दथे । स्कुलमा हुने त्यस्ता सानातिना कार्यक्रमबाट उनमा त्यसतर्फ ध्यान आकर्षित भएको थियो । लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमालका कविता खूब मन पर्दथ्यो । कहीँ देखेर कहीँ अनुभूत गरेर कवितालेखनका आधारहरू तयार हुँदै थिए । त्यसबाट उनको कवित्व लेखनको प्रवाहले मूर्तता पाउन चेष्टा गर्न थाल्यो ।[५४] अलिपछिदेखि उनी विद्यालयमा कविता

---

[५०] ऐजन ।

[५१] ऐजन ।

[५२] ऐजन ।

[५३] ऐजन ।

[५४] ऐजन ।

लेख्ने र सुनाउने गर्दथे । साथीहरूबाट पनि यस कुराको प्रशंसा हुने गरेको थियो । जनता मा.वि. तानसेनमा पढ्दा त्यहाँका शिक्षक महेन्द्र श्रेष्ठले पनि कविता लेख्न केही प्रेरणा दिएको उनको कथन छ ।[५५] त्यस्तै गरेर कक्षा नौमा पढ्दा जनता मा.वि. तानसेनको मुखपत्र पत्रिकामा उनको पहिलो कविता प्रकाशित हुँदा उनी धेरै खुसी भएका थिए । यो वि.सं. २०२१ सालतिरको कुरा रहेको थियो । त्यसबाट पछिका दिनहरूमा कविता सृजना गर्न त्यसले ठूलो हौसला र प्रेरणा मिलेको थियो ।[५६] स्कुल पढ्ने उमेरदेखि नै यसरी कविता लेख्दै जाने बानीको विकास भएको पाइन्छ । पढाइको क्रममा उनी गोरखापुर हुँदै बङ्गलादेशको ढाकासम्म पुग्दा पनि त्यही प्रेरणाले असर गरिरह्यो र कविता रचना हुन थाल्यो । यता अध्ययनको सिलसिला छोडेर पछिल्लो समयमा नेपालमा बस्न थालेपछि नेपालका साहित्यकारहरूसँग भेटघाट बढ्न थाल्यो । जसले गर्दा नेपाल भित्रको पछिल्लो स्थायी बसाइमा झन् कविताहरू रचिने मात्र होइन प्रकाशित हुने प्रेरणा प्राप्त भयो । त्यस्ता साहित्यकारहरूमा नरेन्द्र प्रसाई, इन्दीरा प्रसाई, ईश्वर बल्लभ, तारानाथ शर्मा आदि पर्दछन् । उनीहरूको हौसला र प्रेरणाले झन्झन् तीव्र गतिमा कविता लेखिन र प्रकाशित हुन थाल्यो (पूर्ववत्) । समसामयिक विषयवस्तुमा आधारित लेखिएका र देशको अस्थिर राजनैतिक अवस्थाले निम्त्याएका त्यस्ता अनेकौ विषयमा लेखिएका कविताहरूको प्रभाव उनका कवितामा पर्न थाल्यो । सोहीअनुसार विद्रोहात्मकता, व्यङ्ग्यात्मकता तथा बाल्यकालीन बालसुलभ स्मृतिहरू उनका कवितामा छिरोलिइरहे । त्यही प्रभाव र प्रेरणाबाट आज उनका कविता कृतिहरू उभिन सफल रहेका छन् ।[५७]

### २.१४.२ लेखनको आरम्भ र प्रकाशित कृतिहरू

आफ्नो जीवनको पूर्वार्द्ध क्षण अर्थात बाल्यकालदेखि नै लेखनारम्भ सुरु गरेका मथुरा के.सी.का धेरै सिर्जनाहरू विभिन्न परिस्थिति र अध्ययनको यताउतीले हराएका छन् । उनका कैयौँ गीत र कविताहरू भेट्टिदैनन् ।[५८]

जनता माध्यमिक विद्यालयको कक्षा नौमा पढ्दा उनको पहिलो कविता स्कुलको मुखपत्र पत्रिकामा प्रकाशित भएको थियो । विद्यालयमा सानातिना कविता लेखन र वाचन प्रतियोगिता हुने गर्दथ्यो जसले गर्दा प्रतियोगितामा भाग लिने कविता लेख्न आरम्भ गरे । पछि विस्तारै उनका कविताले त्यस्ता ठाउँहरूमा स्थान पाउँदै गएपछि पुरस्कारहरू पनि जित्तै गए । तानसेन (पाल्पा) आफ्नो जन्मभूमि छोडेर जब उनी विदेशी भूमिमा पढ्नका

[५५] ऐजन ।

[५६] ऐजन ।

[५७] ऐजन ।

[५८] ऐजन ।

खातिर कदम राखे झन् आफ्नो जन्मथलो र बाल्यकाल बिताएको गाउँको याद तीव्रतर बन्यो । त्यसैले विदेशको कुनै पनि ठाउँमा पुग्दा कविता लेखनले विश्राम पाएन ।[५९]

नेपालमा रहँदा उनका धेरैजसो कविता कान्तिपुर, पुनर्जागरण साप्ताहिक, समकालीन कविता, समकालीन जस्ता पत्रिकामा प्रकाशित भएका छन् ।

उनका प्राप्त प्रकाशित कृतिहरूमा चारवटा कवितासङ्ग्रह नै फेला पर्दछन् । अहिलेसम्म प्रकाशित भएका यी चार कवितासङ्ग्रहमा उनका कविताहरू सङ्गृहीत छन् ।

तारा कार्कीले मथुरा के.सी.को पहिलो कवितासङ्ग्रह 'बिर्सेको छैन मैले' (२०४५) प्रकाशित गरेका छन् । बङ्गलादेशमा अध्ययनको क्रममा रहँदा उनका कविता जन्मन पुगेका थिए । तिनै कविता यस संकलनमा राखिएको छ ।

जेष्ठमा 'दायित्व प्रकाशन' डिल्लीबजार काठमाडौँबाट उनको दोस्रो कवितासङ्ग्रह प्रकाशित भएको छ जुन सङ्ग्रहको नाम **घुयेंत्रोको जमाना छैन** (२०४७) हो ।

सालमा फेरि के.सी.को अर्को कवितासङ्ग्रह **बिरामी देश** (२०५७) प्रकाशित हुन्छ, जसको प्रकाशक 'नेपाल-बङ्गलादेश साहित्य समाज' काठमाडौँ हो ।

चौथो तथा अहिलेसम्मको अन्तिम कवितासङ्ग्रहको रूपमा **जल अनि अनल** रहेको छ । यो वि.सं. २०६४ मा नइ प्रकाशनले प्रकाशित गरेको हो । यसरी उनका कविता कृतिहरू समयसापेक्ष निरन्तर अगाडि बढ्दै प्रकाशित भएका पाइन्छन् । आगामी दिनहरूमा पनि उनका कविता र गीतिसङ्ग्रहहरू आउने भएका छन् ।[६०]

## २.१५ रुचि र स्वभाव

### २.१५.१ रुचि

खानपिनमा सामान्य दालभात र रोटी मन पराउने मथुरा के.सी. सानोछदाँ वनपाखा र भीर पखेरुमा गएर गीत गाउन मन पराउँथे ।[६१] उनका रुचिका विषयका रूपमा एकान्तमा अध्ययन गर्ने र भ्रमण रहेको छ । भ्रमण पनि उनको प्रमुख रुचि नै रहेको छ । गीत सङ्गीतमा पनि निकै रुचि रहेको पाइन्छ । फुर्सदको समयमा कविता, निबन्ध, लेख, पढेर समय बिताउँछन् । चलचित्र वा फिल्महरूमा भने उनको त्यति चाख नरहेको बताउँछन् । अध्ययन र कार्यव्यस्तताका कारणले पनि यी सब कुराहरूबाट उनी टाढै रहेका छन् । सानैदेखि नै खेलकुदमा पनि रुचि रहेको थियो । त्यसबेला गाउँघरतिर खेलिने, डण्डीबियो, कपर्दी, फुटबल आदि खेल्ने गर्दथे । लङ्ग टेनिस उनलाई सबैभन्दा मनपर्ने खेल हो ।

[५९] ऐजन ।

[६०] ऐजन ।

[६१] ऐजन ।

टेलिभिजनमा महिला लङ्ग टेनिस प्रतियोगिता हेर्न रुचाउँछन् । मनपर्ने खानामा दालभात रोटी बाहेक मसेप्राको तरकारी अण्डा, गुन्द्रुक, दूध, आदि असाध्यै मन पर्दछ । माछा, मासु तामा अनका अतिरिक्त भोजनमा पर्दछन् ।[६२]

नयाँ नयाँ पुस्तक पढ्ने उनको अर्को रुचि हो । जीवन दर्शनसम्बन्धी लेखिएका किताबहरू उनी बढ्ता अध्ययन गर्न रुचाउँछन् त्यसबाहेक लेख, निबन्ध, कविता, पढ्न मन लागेको बताउँछन् । साहित्यिक कृतिहरूमा लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यहरू, भूपि शेरचनका कविताहरू क्षेत्रप्रताप अधिकारीद्वारा रचित गीतहरू मधुवन पौड्यालका कथाहरू पढ्नमा विशेष रुचि राख्दछन् ।

गीत सङ्गीतप्रति पनि उनको चाख रहेको छ । उनी रोमान्टिक किसिमका नभई सेन्टिमेन्टल गीतहरू सुन्न रुचाउँछन् । त्यस्ता गीतहरूमा प्रायः नारायण गोपाल, अरूणा लामा, तारादेवी, कोइलीदेवी आदिका रहेका छन् ।

पोशाकमा घरबस्दा साधारण कमिज, पाइन्ट लगाउँछन् भने बाहिर अफिस वा कुनै औपचारिक ठाउँमा जाँदा भने सर्ट, पाइन्ट, कोट लगाउन रुचाउँछन् । हल्का आकासे उनको मनपर्ने रङ्ग हो । उनी सोही अनुसारका कपडा रोज्छन् ।[६३]

भारतीय नेताहरूमा महात्मागान्धीबाट प्रभावित छन् भने नेपाली नेतामा पुष्पलाल श्रेष्ठ र विश्वेश्वरप्रसाद कोइरालाबाट प्रभावित रहेका छन् । उनी गान्धीको अहिंसावादी आन्दोलनबाट नेपालीहरूले पाठ सिक्नु पर्ने कुरा बताउँछन् (पूर्ववत्) । उनलाई मनपर्ने गीतमा 'टाढाटाढा जानु छ साथी एकफेर हाँसिदेऊ ...', 'तिमीले त होइन तिम्रा भाकाहरूले, ....' आदि पुराना गीतहरू मन पर्दछन् ।[६४]

### २.१५.२ स्वभाव

मथुरा के.सी. अन्तर्मुखी स्वभाव भएका व्यक्ति हुन् । कहिलेकाहीँ उनमा भावुकता पनि देखापर्छ । भावुकताले बिगार्न सक्छ भन्ने कुरामा पनि सचेत रहेका उनी कतिपय अवस्थामा आफूलाई लागेका कुराहरूलाई सम्बन्धित मान्छेहरूका सामू पनि अभिव्यक्त गर्दैनन् । उनलाई भित्र दुःख वा पीडा परिरहेको छ भने पनि त्यो कुरा अरूलाई नभनौं जस्तो लाग्छ । उनी देश छोडेर विदेशमा बस्दा गाउँघर र आफन्तको सम्झनाले मन कटकटी खाएको बताउँछन् । उपन्यास पढ्दा, गीत सङ्गीत सुन्दा पनि धेरै भावुक बन्दछन् । उनी अनावश्यक कार्यमा साथीहरूसँगको बढी भेटघाटलाई मन पराउँदैनन् र कहिलेकाहीँ त मानिसहरूका कुराहरू सुन्दै जाँदा आफूलाई हैरान र परेसान पनि महसुस गर्दछन् । उनको

[६२] ऐजन ।

[६३] ऐजन ।

[६४] ऐजन ।

स्वभावमा कतिपय अवस्थामा उनको आमाको स्वभावमा पाइने सरलता र सीधापनको प्रभाव परे जस्तो देखिन्छ । उनकी श्रीमती उर्मिला कार्की भन्दछिन् "उहाँको स्वभाव धेरै राम्रो । उहाँ एकदम सरल नम्र स्वभावको भएकाले हाम्रो कहिल्यै झगडा भएन । उहाँले धेरै सहयोग गर्नुहुन्छ । उहाँको त्यस्तो कमजोरी त देखेको छैन तर अलि कम बोल्नुहुन्छ" ।[६५]

उनको स्वभाव पूर्णत नम्र, संवेदनशील र अरूको मर्म आफ्नै हो भन्ने खालको छ । तड्क-भड्क उनलाई मन पर्दैन आफ्नो कामप्रति अति नै जिम्मेवार छन् ।[६६]

## २.१६ साहित्यसम्बन्धी दृष्टिकोण

साहित्य भनेको मानिसले जीवनमा अनुभूत गरेका त्यस्ता धेरै मर्मस्मृतिको शब्दका माध्यमद्वारा प्रकट गरिएको कलात्मक प्रतिबिम्बन हो । साहित्यले मानिसलाई स्वतन्त्र र स्वस्फूर्त बनाइदिन्छ । वर्ग साहित्य एक सामाजिक परिघटना हो । यसमा विचार र अनुभूतिको संश्लेषण भएको हुन्छ । साहित्यमा विभिन्न किसिमका जीवनमूल्यहरू सांस्कृतिक तथा सौन्दर्यबोधीय मूल्यका रूपमा अभिव्यक्त भएका हुन्छन् । सबै मानिसमा साहित्य सृजन क्षमता हुँदैन । यो त दैवी शक्ति हो । सबै आँसुहरूमा कविता फुर्दैनन् । देशप्रेम, माटोप्रेम, परिवार प्रेमले जब मुटु कटक्क खान्छ तब साहित्य जन्मन्छ । साहित्यमा भोक, निद्रा, आराम जस्ता सबै प्रकारका मानवीय तुष्टिहरू पाइन्छन् ।

साहित्य एकपक्षीय वा एक कालिक हुनु हुँदैन यो त कालजयी हुनुपर्छ आज जन्मेको साहित्य सय वर्षपछि पनि उत्तिकै ताजा रहनु पर्दछ । साहित्य मानव मनभन्दा पृथक रहेर बाँच्न सक्तैन यो त्यसकै वरिपरिको वातावरणबाट उम्रिन्छ ।[६७]

## २.१७ दर्शनसम्बन्धी दृष्टिकोण

दर्शनले मानिसलाई प्रकृति, समाज र जीवनको विकासको गति र दिशा बुझ्न र बदलिँदै जानका लागि सूक्ष्म दृष्टिकोण प्रदान गर्दछ । दर्शन भनेको प्रकृति र मानव समाजलाई हेर्ने विश्वदृष्टिकोण हो । वर्ग र समाजमा हरेक वर्गका आ-आफ्नै विश्वदृष्टिकोण हुने गर्दछन् । दर्शन अर्थात विश्वदृष्टिकोणका तीन पक्ष हुन्छन्- सिद्धान्त, पद्धति र प्रतिबद्धता । दर्शनका मुख्य सिद्धान्त दुई छन्- अतिभूतवादी र द्वन्द्ववाद । दर्शनको प्रतिबद्धता भनेको वर्गीय पक्षधरता हो । दर्शनशास्त्रको इतिहास मूलभूत रूपमा आदर्शवादले पश्चगामी र भौतिकवादले अग्रगामी वर्गको पक्षधरता अवलम्बन गरेको देखिन्छ । जीवनलाई हेर्ने बुझ्ने आन्तरिक दृष्टि नै दर्शन भएकाले दर्शन कुनै न कुनै रूपमा मानिसमा गाडिएको हुन्छ ।[६८]

---

[६५] श्रीमती उर्मिला कार्कीबाट प्राप्त जानकारी ।

[६६] ऐजन ।

[६७] शोधनायकबाट प्राप्त जानकारी ।

[६८] ऐजन ।

## २.१८ भाषिक ज्ञान

उनमा नेपाली भाषा बाहेक अङ्ग्रेजी हिन्दी, बङ्गाली इरानी (पर्सियन) भाषाको राम्रो ज्ञान रहेको छ । एस.एल.सी. पास गरे पश्चात भारत, बङ्गलादेश हुँदै इरानसम्म पुगी त्यहाँ रहँदा बस्दा ती भाषाहरूमाथि विजय हासिल गर्दै गए जसले गर्दा जुन जुन ठाउँमा बसे त्यस ठाउँको भाषा जान्नै पर्ने भयो । फलस्वरूप उनी ती भाषाहरूमा बोल्न र सामान्य लेखपढ गर्न सक्दछन् । तर जे भए पनि उनका साहित्यिक रचना तथा कृतिहरू लेखिने भाषा चाहिँ मात्र नेपाली हो, त्यसले अरूभाषा जाने पनि बुझेपनि आफ्नो मातृभाषाप्रतिको झुकावलाई ससम्मान कदर गरेको पाइन्छ । कुनै एक भाषामा सीमित रहेर बस्नु पर्ने बाध्यता उनीमा रहेन जसले गर्दा नेपाली भाषा इतरका साहित्यिक रचना र कृतिहरूको समेत अध्ययन हुन सक्ने भयो । उनी बहुभाषा ज्ञाताका रूपमा चिनिन्छन् । मूलत यो आफ्नो देश छोडेर बाहिर बस्दाका उपलब्धिहरू हुन् ।[६९]

## २.१९ संस्थागत संलग्नता र सेवा

### २.१९.१ संस्थागत संलग्नता

मथुरा के.सी. धेरै संस्थाहरूमा संलग्न छन् । उनको प्रमुख संलग्न संस्था चाहिँ साहित्येतर संस्था **काठमाडौँ मेडिकल कलेज शिक्षण अस्पताल** हो । उनी पेशाले डाक्टर भएकाले उनको नोकरी नै त्यहाँ रहेको छ । त्यस बाहेक अन्य संस्थाहरूमा स्वास्थ्यदेखि लिएर साहित्यसम्मका रहेका छन् । नेपालबाहिर बस्दा पनि विभिन्न संस्थाहरूमा आवद्ध थिए भने नेपालमा आएपछि अहिले **काठमाडौँ मेडिकल कलेज शिक्षण अस्पताल**का निर्देशक रहेका छन् । अहिले उनी **नेप्लिज सोसाइटी अफ इकोकार्डियोग्राफी**का संस्थापक महासचिव, 'पदम पारितोषिक पाउन्डेशन'का अध्यक्ष र 'नेपाल बङ्गलादेश साहित्यिक समाज'का महासचिव रहेका छन् साथै वि.सं. २०५६ सालदेखि शिक्षण अस्पतालमा अनवरत कार्यरत छन् ।[७०]

### २.१९.२ सेवा

जुनजुन संस्थामा आवद्ध छन् मथुरा के.सी. त्यस ठाउँमा र संस्थामा क्रियाशील रही आएका छन् । आफ्नो पदीय दायित्वलाई मूर्तरूप दिएर सेवा गर्दै अगाडि बढेका छन् । **काठमाडौँ मेडिकल कलेज शिक्षण अस्पताल, नेप्लिज सोसाइटी अफ इकोकार्डियोग्राफी, पदम पारितोषिक फाउन्डेसन, नेपाल बङ्गलादेश साहित्यिक समाज** जस्ता संस्थामा आबद्ध रही सेवा गर्दै आएका छन् ।

[६९] ऐजन ।

[७०] ऐजन ।

## २.२० पुरस्कार तथा सम्मान

मथुरा के.सी.ले सम्मान र पुरस्कार सानै उमेरदेखि पाउँदै आएका छन् । कहिले पढाइको सिलसिलामा, कहिले खेलकुदको सिलसिलामा भने कहिले सेवा गरेवापत विभिन्न स्थानमा, देश र विदेशमा पुरस्कार तथा सम्मान पाएका छन् । तर एकदमै ठूलो पुरस्कार भने पाउन सकेका छैनन् । पुरस्कार र सम्मान पाउँदा भलै मानिस खुसी हुन्छन् यद्यपि कम पुरस्कार र सम्मानका भागिदार भए पनि उनी त्यस मानेमा सन्तुष्ट नै रहेका छन् ।[७१]

## २.२१ भ्रमण

भ्रमणमा उनले देशका विभिन्न ठाउँ लगायत विदेशको समेत गरेका छन् । मानिस जन्मेदेखि मृत्युपर्यन्त विभिन्न स्थानहरूमा यात्रा गर्छ । त्यो यात्रा कसैका जीवनमा अत्यन्त बढी हुन्छ भने कसैको जीवनमा कम हुन्छ । यस क्रममा मथुरा के.सी. ले नेपाल भित्र पनि बाँके बर्दिया, कास्की, जुम्ला, हुम्ला, मोरङ, सुनसरी, सप्तरी, सिराहा, बारा, पर्सा आदि जिल्लाको भ्रमण गरिसकेका छन् । भारतमा दिल्ली, मुम्बई, चेन्नई, मद्रास, बङ्गलोर, केरेला, भुवनेश्वर, कलकत्ता, लखनउ जस्ता मुख्य सहरहरू भ्रमण गरिसकेका छन् । भारतको गोरखपुर हुँदै उनी तेस्रो मुलुकको पहिलो यात्रा बङ्गलादेशबाट गर्दछन् । अध्ययनको क्रममा उनी बङ्गलादेश पुगे पनि त्यसदेशका विभिन्न सहरहरूको भ्रमण गरिसकेका छन् । इरानमा त लगभग ११ वर्ष नै बिताए । त्यस समयमा उनी त्यहाँ अस्पतालमा काम गर्दथे । त्यस समयावधिमा त्यस देशका विभिन्न ठाउँहरूको भ्रमण गरे त्यसबाट भाषा, संस्कृति, रीतिरिवाजको ज्ञान पनि हासिल गरे । अन्य देशहरूको कुरा गर्दा उनले समयसमयमा पटपटक पाकिस्तान, सिङ्गापुर, युनाइटेड अरब इमिरेट्स, टर्की, अमेरिका लगायतका देशहरूको भ्रमण गरिसकेका छन् । भ्रमणको सिलसिलामा उनी जहाँ पुगेपनि नेपाल देशको सौन्दर्यतालाई भुल्न सक्तैनन् । नेपालका पहाडी हिमाली जिल्लाहरूमा गहिरो भ्रमणमा निस्कने उनको धोको पूरा भइसकेको छैन र त्यसको भ्रमण गर्ने बताउँछन् ।

भ्रमणले मानिसलाई धेरै कुरा सिकाउँछ । भ्रमणको सिलसिलामा जो जहाँ पुग्छ त्यहाँको वस्तुस्थिति र प्राकृतिक, मानवीय तथा अन्य रीतिरिवाजको बारेमा थाह पाउन सक्छ । त्यसो हुनाले पनि उनले भ्रमणलाई आफ्नो जीवनमा कञ्जुस्याइँ नगरेको पाइन्छ ।[७२]

## २.२२ समग्र जीवनसम्बन्धी दृष्टिकोण

मानव जीवन मानवका लागि एकदमै महत्त्वपूर्ण छ, यसलाई बाँचुन्जेल सबैको मित्र बनाउन सकियो भने मात्र सार्थक हुन्छ ।[७३] मान्छे जन्मेदेखि नमरुन्जेलसम्म हर्ष, खुसी

---

[७१] ऐजन ।

[७२] ऐजन ।

[७३] ऐजन ।

सन्तोष, असन्तोष, पीडा-दुःख, घात-प्रतिघात लिएर हिँड्छ । समयले कोरेको गोरेटो नै मान्छेका लागि हिँड्ने अन्तिम पथ हो । मान्छेले चाहेजस्तो, सोचेजस्तो नहुनु र प्रतिकूलतासँग संघर्ष गरिरहनु नै जीवन हो । बाँच्न त मान्छेले मात्र होइन जुनसुकै प्राणीले पनि जानेको हुन्छ, तर मान्छेको बचाइमा मान्छे बाँच्नु पर्छ ।[७४] दुःखमा मात्तिने र सुखमा आत्तिने गर्नु हुँदैन । अनिमात्र वास्तविक जीवनको आभास पाउन सकिन्छ । बाल्यावस्था, युवावस्था र प्रौढावस्थाका परिस्थिति-जन्य घटना र संघर्ष सम्भःदै देश विदेशका धेरै ठाउँ घुमेको कुरा गर्छन् । जीवन छोटो छ तर यसलाई अमर र चीरकालसम्म बँचाउन सकिन्छ ।[७५]

## २.२३ निष्कर्ष

मथुरा के.सी.को जीवनी हेर्दा गाउँ सहर, देश, विदेश, आदिको जीवन अनुभूति पाइन्छ । गाउँमा जन्मी हुर्की सहर हुँदै देश विदेशसम्मको यात्रा, भ्रमण गरी जीवन चलाएको पाइन्छ । उनलाई सबैतिरको आञ्चलिकता थाहा छ, वनपाखा, उकाली-ओराली, चढ्दा-ओर्लदा, रुखचढी डाले घाँस काट्दाको अनुभव सबै छ । यतिमात्र होइन ठूलाठूला सहर बजारको जीवन अनुभूति पनि छ । पारिवारिक मिलन-विछोड, आर्थिक संकट, आर्थिक सम्पन्नता आदि सबैको अनुभव छ । उनका जीवनीका आयामले सबै पक्षलाई छोएको छ । गीत सङ्गीत, खेलकुद, पढाइप्रतिको लगनशीलता साहित्यप्रतिको अनुराग र साथीभाइसँगको मिलनसार र नम्र स्वभावका कारणले उनको जीवन समष्टिमा सर्वाङ्ग पूर्ण उभिएको छ ।

---

[७४] ऐजन ।

[७५] ऐजन ।

## परिच्छेद तीन

# dy/f s|=;L=sf| JolQmTj

### ३.१ व्यक्तित्व निर्माणका प्रमुख प्रक्रियाहरू

सबै व्यक्तिको आफ्नै किसिमको व्यक्तित्व रहेको हुन्छ । व्यक्तित्व व्यक्तिले स्वयं निर्माण गर्न सक्ने कुरा हो जुन उसको जन्मदेखि नमरुन्जेलसम्म गरेका क्रियाकलाप, संघर्ष र उपलब्धिले निर्धारण गर्ने गर्दछ । त्यसमा उसको अरूलाई प्रभाव पार्न सक्ने आन्तरिक र बाह्य निजीपनको भूमिका ठूलो रहन्छ । व्यक्तिको व्यक्तित्वले धेरै मानिसलाई प्रभाव पारिरहेको हुन्छ । व्यक्तित्व निर्माणमा मूलतः दुई तत्त्वहरूले मुख्य भूमिका निर्वाह गरेका हुन्छन् ती दुई तत्त्वहरूमा आन्तरिक र बाह्य तत्त्व बढी जिम्मेवार मानिन्छन् । आन्तरिकमा बंशपरम्पराको हात ठूलो हुन्छ भने बाह्यमा वातावरण र देशकालले प्रभाव पार्दछ ।

सानो उमेरमा घरपरिवार पूर्णरूपमा खेतीपातीमा निर्भर थियो । बाबु आमाको पढाउने इच्छालाई साकार पार्न सानै उमेरदेखि उनी कडा मिहिनेत र परिश्रमका साथ लागे । त्यसो भएकाले उनको पढाइ कहिल्यै खस्केन सधैं प्रथम हुँदै कक्षा चढ्दै गए र उच्च शिक्षाको अध्ययनको क्रममा पनि यो क्रमले निरन्तरता पाइरह्यो जसले गर्दा पहिलो व्यक्तित्व निर्माणमा चिकित्सा विज्ञानमा पि.एच.डी. गरे । त्यही व्यक्तित्वले उनलाई सबैले सहजै चिन्छन् पनि । तथापि उनी साहित्य विधामा कलम चलाउँदै त्यसभन्दा नितान्त अलग धारमा व्यक्तित्व निर्माण गर्न सफल भएका छन् । यसैक्रममा अन्य व्यक्तित्वहरू पनि निर्माण हुँदै गए । उनका तिनै व्यक्तित्वहरूलाई तल विभिन्न शीर्षक तथा उपशीर्षकमा प्रष्ट पारिएको छ ।

### ३.२ निजी व्यक्तित्व

#### ३.२.१ शारीरिक व्यक्तित्व

शारीरिक सुगठनका दृष्टिले उनको व्यक्तित्व मध्यम किसिमको छ । अग्लो पनि होइन होचो पनि होइन ५ फिट ४ इन्च उचाइले उनको कदलाई सुहाउँदिलो बनाएको छ । त्यस्तै गरेर न मोटा न दुब्ला उनी रातो वर्णका छन् । बाटुलो अनुहार ठूलो निधार, पोटिला र चिल्ला गाला र सुहाउँदिलो नाक भएका मथुरा के.सी. शारीरिक रूपमा हृष्टपुष्ट देखिन्छन् । प्रायजसो बाहिर हिँड्दा टाइ, सर्ट, पाइन्ट, कोटमा हिँड्ने उनी साच्चिकै आकर्षक व्यक्तित्वका देखिन्छन् । शारीरिक रूपमा भएको शारीरिक सुगठन जस्तै उनमा धैर्य, संयम र सन्तुलन नगुमाइ सधैं क्रियाशील रहिरहने बानी छ ।

### ३.२.२ स्वभावगत व्यक्तित्व

सबैसँग मित्रवत् व्यवहार गर्ने नम्र स्वभाव भएका मथुरा के.सी. बिहान सबेरै उठी नुहाइ-धुवाइ गरेर सफा-सुग्घर बस्ने गर्दछन् । बिहान केही समय योगा र व्यायाम पनि गर्दछन् । धेरैजसो घरमै र कहिलेकाहीँ मन्दिर गएर पूजा-आजा गर्दछन् । कार्य-व्यस्तताले गर्दा उनको बिहानदेखि बेलुकासम्मको समय पूरापूर व्यस्ततामा हुन्छ । साहित्य सिर्जना वा त्यसको अध्ययन भने उनी बेलुकी गर्न सक्छन् । सबैसँग उही किसिमको व्यवहार गर्ने भएकाले उनले आफ्नो जीवनमा शत्रुभन्दा मित्र नै बढी कमाएका छन् । परिवार, साथीभाइ, इष्टमित्र, छरछिमेक सबैसँग मिलेर बस्ने बानीले गर्दा उनी कसैको आँखामा बिभ्fाउँदैनन् । उनी विहान सबेरै उठन मन पराउँछन् र बेलुका धेरै बेरसम्म बस्दैनन् । कुनै पनि कार्यलाई ठीक समयमा गर्नु नै उनी महान ठान्छन् । धुम्रपान मद्यपान गर्ने उनको बानी छैन र त्यस्ता कुलतबाट टाढै रहन सबैसँग आग्रह गर्दछन् । प्रायः सधै गम्भीर र भावुक मुद्रामा रहिरहन्छन् तथापि मनपर्ने गीत सङ्गीत र कविता गजल सुन्दा रोमान्टिक मुद्रामा हुन्छन् । के.सी. को मन पर्ने खानामा दाल, भात, रोटी, माछा, मासु, दही, दूध, गुन्द्रुक, मसेप्राको तरकारी आदि हुन् । फुर्सदको समयमा आफूलाई मन परेको खाना बनाउन लगाएर खान्छन् र पत्रपत्रिकाको अध्ययन गर्दछन् । नेपाल र नेपालीको संस्कृति विपरीत आएका आगन्तुक गीत, सङ्गीत र कपडाका फेसनप्रति उनी असन्तुष्ट छन् । लोकभाका र गीत सङ्गीतप्रति उनको रुचि रहेको छ । उनको गाढा रातो, गाढा निलोजस्ता मन नपर्ने रङ्ग हुन् भने हल्का आकासे, हल्का खैरो मनपर्ने रङ्ग हुन् ।[७६]

अतिथि सत्कारलाई खुब ध्यान दिने गर्दछन् । खेलकुदसम्बन्धी पनि उनको चासो रहेको छ । लङ्ग टेनिस उनलाई सबैभन्दा मनपर्ने खेल हो । बाँसुरी, मादल, पियानो जस्ता बाजाको धून उनलाई खुब मन पर्छ । अटल, आत्मविश्वास, निडर, सहनशील र दयालु स्वभावका उनी यही गुणका कारण बाल, युवा, प्रौढ, धनी, गरिब सबैका मित्र भएका छन् । उनी अर्काको चित्त दुख्ने कुरा कहिल्यै गर्दैनन् । सुख बाहिर छैन सुख आफै भित्र छ भन्ने उनी सफलता पाउन आत्मविश्वासका साथ कर्म गर्नुपर्छ भन्दछन् ।[७७]

### ३.३ सार्वजनिक व्यक्तित्व

मथुरा के.सी. विभिन्न संघ संस्थामा आबद्ध भएर काम गर्दै आएकाले उनी नितान्त एक्लो एकाङ्की जीवन बिताउन बाध्य छैनन् । बरु त्यसको सट्टा उनी सबैमाझ चिनिएकाले सार्वजनिक रूपमा नै परिचित छन् । त्यसैले उनी आफ्ना लागि मात्र बाँचेका छैनन् । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर उनी आवद्ध संस्थासँग इमानदार ढंगले काम गर्दै आएका

[७६] ऐजन ।

[७७] ऐजन ।

छन् । त्यो कुराको उदाहरणको रूपमा उनी **काठमाडौँ मेडिकल कलेज शिक्षण अस्पताल**मा विगत १० वर्षदेखि कार्य गर्दै आएको कुराबाट सिद्ध हुन्छ । त्यहाँ सर्वसाधारण जनताका बिरामहरू समस्याहरू उपचार गर्दै आएका छन् । अझ त्यहाँ चिकित्साशास्त्र पढ्ने विद्यार्थीहरूलाई अध्यापन गराउने काम पनि गर्दछन् । यसबाहेक साहित्यिक संस्था मार्फत पनि सार्वजनिक भइसकेका छन् । त्यसको उदाहरणको रूपमा **नेपाल बङ्गलादेश साहित्यिक समाज**का उनी महासचिव हुन् । विभिन्न कवितासङ्ग्रह प्रकाशित गरेर पनि सार्वजनिक व्यक्तित्व बनाइसकेका छन् । उनी सामाजिक संस्थामा पनि सक्रिय छन् जस्तैः **नेप्लिज सोसाइटी अफ इकोकार्डियोग्राफी**को संस्थापक महासचिव, **पदम पारितोषिक फाउन्डेसन**'का अध्यक्ष बनेर समाजमा समाजसेवा गर्दै आएका छन् ।[७८]

### ३.३.१ साहित्यिक व्यक्तित्व

उनी साहित्यिक व्यक्तित्वका रूपमा चिनिन्छन् । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर उनले साहित्यिक व्यक्तित्वलाई प्रश्रय दिएको पाइन्छ । जीवन र जगत्मा आफूले भोगेको अनुभव र अनुभूतिलाई सहज रूपले आफ्ना साहित्यिक कृति मार्फत प्रस्फुटन गरेका छन् । साहित्य भनेको कुनै पनि कुराको कलात्मक प्रस्तुति हो । यस्तो प्रस्तुतिको शैली, आकारको लघुता वा व्यापकता पात्रपात्राहरूको रखाइ, विचारको सम्प्रेषण आदि कुराले साहित्यको विधा छुट्टिन्छ । यही साहित्यिक मान्यताको आधारमा हेर्दा के.सी.को साहित्यिक व्यक्तित्व पाउन सकिन्छ ।

### ३.३.२ कवि व्यक्तित्व

नेपाली साहित्यलाई माथि लाने क्रममा उनीबाट कविताहरू नै बढी रचिएका पाइन्छन् । त्यसैले उनी प्रथमतः साहित्यकारका रूपमा कवि नै हुन् । साहित्यका अन्य विधा कथा, निबन्ध, नाटकभन्दा कविताको लेखन संख्यात्मक र गुणात्मक रूपमा धेरै भएकाले उनका अहिलेसम्म चारवटा कवितासङ्ग्रहहरू **बिर्सेको छैन मैले** (२०४५), **घुएँत्रोको जमाना छैन** (२०४७), **बिरामी देश** (२०५७) र **जल अनि अनल** (२०६४) प्रकाशित भइसकेका छन् । कक्षा नौमा पढ्दा पहिलो कविता प्रकाशित गरेर अगाडि बढेका उनी समयको गतिसँगै धेरै कविताहरू प्रकाशित गर्न पुग्दछन् । राष्ट्रिय दैनिक, साप्ताहिक जस्ता पत्रिकामा आफ्ना कविता प्रकाशित हुन थालेपछि उनी साहित्यानुरागीको नजिक पुग्न सफल भए । उनले तिनै प्रकाशित कविताहरू र अन्य रचित कविताहरू संकलन गरी कवितासङ्ग्रह प्रकाशित गरेका छन् । उनका कविताका विषयवस्तु गाउँ, समाज, देश, विदेश, माया, प्रेम, आक्रोश र व्यङ्ग्य रहेका छन् । उनी सुतिरहेको मानव समाजलाई कविताको माध्यमबाट उठाएर सही मार्ग निर्देश गर्न खप्पिस छन् । त्यस्ता गहन विषयलाई आफ्नो मीठो भाषामा, सरल र सहज

---

[७८] ऐजन ।

शैलीमा प्रस्तुत गर्दछन् । थोरैमा धेरै अटाउन सक्ने यी कवि वैचारिक कवि हुन् । भ्रष्ट लुटाहा प्रवृत्तिका मानिसको उछित्तो काढ्छन् । सोझासीधा जनताले पनि बाँच्न पाउनुपर्छ भन्ने उनको कवित्व वकालत छ ।

कवितालाई गद्य शैलीमा प्रस्तुत गरेर आफ्नो मौलिकताको झलक दिन्छन् । उनमा एउटा प्रखर कविमा हुनुपर्ने आवश्यक गुणहरू सबै पाउन सकिन्छ । कविताको विषयवस्तु एकपक्षीय र एककालिक नभएर सबै क्षेत्रलाई समेटेको पाइन्छ त्यसैले उनको कवि व्यक्तित्व निखारिएको छ ।

औपचारिक रूपमा कविता लेखनको यात्रा करिब तीन दसक लामो भइसकेको छ । यस अवधिमा उनी देश वा विदेश जहाँ रहे पनि कविता सिर्जना र प्रकाशनमा लागिरहे । त्यसैले नेपाल लगायत बङ्गलादेश र इरानमा समेत कविका रूपमा चिनिएका छन् । अझ **नेपाल बङ्गलादेश साहित्यिक समाज** जस्तो साहित्यिक संस्थाको स्थापना गरेर नेपाली साहित्यलाई ठूलो गुण लगाएका छन् ।

## ३.४ साहित्येत्तर व्यक्तित्व

### ३.४.१ चिकित्सक व्यक्तित्व

उनको व्यक्तित्व साहित्यसँग मात्र सम्बन्धित नभएर साहित्येत्तर पक्षसँग पनि छ । बङ्गलादेशबाट एम.वि.वि.एस., डिप.कार्ड, एफ.सी.पी.एस. अध्ययन सकी पि.एच.डी. पनि गरिसकेका उनी बरिष्ठ डाक्टर हुन् । उनको यो व्यवसायिक व्यक्तित्व पनि हो । लामो समयदेखि यस पेशामा आबद्ध उनी पहिले १० वर्ष इरानमा बिताउन गए । त्यसपछि यिनी नेपालका केही अस्पतालहरूमा केही समय काम गरे अहिले उनी 'काठमाडौँ मेडिकल कलेज' (शिक्षण अस्पताल) मा वि.सं. २०५६ सालदेखि अनवरत रूपमा संलग्न छन् । सोही विषयमा अस्पतालमा अध्ययन गर्न आउने विद्यार्थीहरूलाई अध्यापन पनि गराउँछन् । हिमाल क्लिनिक ज्ञानेश्वरमा पनि उनले चिकित्सा सेवा प्रदान गरिरहेका छन् । बिरामीहरूको उपचारमा निरन्तर खटिइरहने मथुरा के.सी. चिकित्सा क्षेत्रको सुपरिचित नाम हो । उनले आफ्नो क्षेत्रमा इमानदारी र लगनशीलताका साथ काम गरेका हुनाले उनी यसक्षेत्रमा सफल छन् (उर्मिला कार्कीबाट प्राप्त जानकारी) ।

चिकित्सक व्यक्तित्वले उनलाई सबैतिर चिनाउन सफल भएकाले उनको यो व्यक्तित्वको चर्चा गर्नु अपरिहार्य रहेको हो । बिरामीहरूसँग सरल सहज र नम्र व्यवहार गर्दछन् । त्यस्तै व्यवहारका कारणले उनी बिरामीहरूका पनि प्रिय डाक्टर र विश्वसनीय डाक्टरका रूपमा स्थापित छन् (पूर्ववत्) ।

### ३.४.२ समाजसेवी व्यक्तित्व

समाजसेवा गर्न मथुरा के.सी. कति पनि हिचकिचाउँदैनन् । सहयोग माग्न आउने जो कोहीलाई पनि रित्तोहात फर्काउँदैनन् ।[७९] सानैदेखि अरूको सहयोग गर्न चाहने यी अहिले पनि व्यक्ति वा संघसंस्थालाई सहयोग वा दान गरी समाजसेवा गर्न चाहान्छन् यतिमात्र नभई सामाजिक कार्यहरूमा आफै संलग्न भई शारीरिक श्रमको सहयोग पनि गर्दछन् ।[८०]

आमाको मृत्यु पश्चात उनले आफ्नी आमाको नाममा 'पद्म पारितोषिक फाउन्डेसन' नामक संस्थाको स्थापना आफ्नो जन्मथलो पाल्पा जिल्लाको ताहूँमा गरेका छन् । जसले उनी साच्चिकै समाजसेवी हुन् भनेर प्रमाणित गर्दछ । यस संस्थामा ६० हजारको फन्ड जम्मा गरिएको छ, त्यस पैसाबाट आउने ब्याजको रकम त्यहीको स्थानीय रम्भा मा.वि.मा अध्ययन गरी उच्चतम अंक, ल्याई एस.एल.सी. पास गर्ने, गरीब तथा जेहेनदार विद्यार्थीहरूलाई प्रदान गरिन्छ । जुन पढाइमा अब्बल भएका गरिब तथा जेहेनदार विद्यार्थीका लागि अति नै महत्त्वपूर्ण छ । यस बाहेक पनि अन्य त्यस्ता संस्थाहरूमा आवद्ध भई समाजसेवा गर्दै आएकाले उनलाई समाजसेवी व्यक्तित्वका रूपमा पनि चिनाइएको हो ।[८१]

## ३.५ जीवनी, व्यक्तित्व र कृति लेखनका बीच अन्तर्सम्बन्ध

कुनै न कुनै रूपमा व्यक्तिको कृतिमा उसका जीवनी र व्यक्तित्वका प्रभावहरूले कार्य गरेको पाइन्छ । त्यो अछुतो रहन सक्तैन । जो व्यक्ति जस्तो वातावरणमा जन्मिछ हुर्कन्छ त्यस खालको वातावरणले उसका आनीबानी, बोलीचाली, व्यवहार, चालचलन, रीतिरिवाजको निर्धारण गर्नमा भूमिका खेल्दछ । यही कुरालाई आधार मानेर हेर्दा उनका कृतिहरू सजीव पाइन्छन् । उनका कविता कृतिहरूमा बाल्यकालीन स्मृति, साथीसङ्गीसँग बिताएका पल, खोला-नाला, पाखा-पर्वत, वन-जङ्गल, देश-परदेश र माया-प्रेमका छायाँछविहरू प्रशस्त सल्बलाएका पाइन्छन् । समयको गतिसँगै गाउँबाट सहर र सहरबाट परदेश पुगेका छन् त्यहाँ पुग्दा उनीभित्रका अमीट र अतीतका छापहरूले कविताहरू लिपिबद्ध गर्दछन् । तिनै जीवन भोगाइका क्रममा भेटिएका फलहरू कविता कृतिहरू हुन् ।

आफ्नो जीवनले चढेका सुख दु:खका उकालीओरालीहरू, जीवनयापनका निमित्त गरेका पेशागत कार्यहरूले उनलाई झन् टेवा प्रदान गरेको छ । यस कोणबाट हेर्दा उनको जीवनी, व्यक्तित्व र कृति लेखनका बीच अन्योन्याश्रित सामञ्जस्य रहेको पाउन सकिन्छ, जुन कुरा उनका कविता पढ्दा छर्लङ्ग थाह हुन्छ, किनभने कहिले उनका कविता घरछेउको खोलो बनेर आउँछ । कहिले वन-जङ्गल बनेर आउँछ । कहिले कसैलाई गाली गर्दै आउँछ,

[७९] मथुरा के.सी. का मित्र सूर्यनारायण शाक्यबाट प्राप्त जानकारीअनुसार ।

[८०] ऐजन ।

[८१] मथुरा के.सी. का भाइ तारा कार्कीबाट प्राप्त जानकारीअनुसार ।

कहिले प्रीति गाँस्दै आउँछ । जीवन भोगाइमा पाकेका फलहरू नै कवितामा प्रतिबिम्बित भएका छन् त्यो के.सी.को जीवनी, व्यक्तित्व र कृति लेखनका बीच अन्तर्सम्बन्ध नभएर के हो त ?

## ३.६ निष्कर्ष

मथुरा के.सी. को व्यक्तित्व परिमाणात्मक रूपमा कम देखिएता पनि गुणात्मकताका दृष्टिले धेरै छ । यहाँ सरसर्ती हेर्दा कवि व्यक्तित्व, चिकित्सक व्यक्तित्व, साहित्यिक व्यक्तित्व र समाजसेवी व्यक्तित्व गरी जम्मा ४ किसिमको व्यक्तित्वको मात्र चर्चा भएको छ । अगाडि आएका कवि के.सी.का यी चार व्यक्तित्व आफ्नो ठाउँमा कम महत्त्वका छैनन् । एकातिर चिकित्सा पेशाको जिम्मेवार पद अर्कातिर कवि समाजसेवी बनेर हिँड्नु चानचुने प्रश्नै होइन । यसर्थ सबै क्षेत्रमा समानान्तर व्यक्तित्व रहन नसके पनि उल्लेखनीय पक्ष भने छँदै छ ।

**परिच्छेद चार**

# dy/f s=;L=sf s|tx¿sf cWoog ljZn|if0f

## ४.१ पृष्ठभूमि

मथुरा के.सी. नेपाली साहित्यको आकाशमा देखिने एक चम्किला तारा हुन् । सानै उमेरदेखि साहित्यप्रतिको आकर्षणले गर्दा कविताहरू तत्कालीन परिवेशमा लेखिने गर्थे । पढाइको सिलसिला र आफ्नो कार्यव्यस्तामा रहँदा बस्दा पनि उनीबाट कविताका रचनाहरू जन्मिन छाडेनन् । त्यही सिलसिलाबाट आजसम्म आइपुग्दा उनका चारवटा कवितासङ्ग्रह प्रकाशित भइसकेको अवस्था छ । उनी डाक्टरीपेशामा आबद्ध भएकाले पनि होला संख्यात्मक रूपमा धेरै कविता सिर्जना नभए पनि समय समयमा बिरामीहरूको हेरचाह र सेवा शुश्रूषाबाट बचेको अलिकति समय पनि कविता सृजनामा लगाउँदा रहेछन् । यहाँ तिनै प्रकाशित चार कवितासङ्ग्रहको मात्र अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

कवि के.सी. समसामयिक विषयवस्तुमा तीव्र व्यङ्ग्य र असन्तुष्टिलाई सन्तुलित रूपमा अभिव्यक्त गर्न सक्ने कवि भएकाले उनका कवितासङ्ग्रह भित्रका प्रत्येक कविता त्यसरी नै स्थापित भएका छन् । ती कविताले हाम्रै समाजमा देखिएका कुरीति, बेथिति बेइमान प्रवृत्तिप्रति धारे हात लगाएर चुनौति दिएको छ । मूलतः उनका कविता समसामयिक भएकाले उनका यी चार सङ्ग्रहहरूलाई पनि यसको दृष्टिबिन्दुबाट हेरिएको छ ।

## ४.२ कवि के.सी.को साहित्यिक यात्रा

उनका सिर्जनात्मक कृतिका रूपमा जम्मा अहिलेसम्म चारवटा कवितासङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । जसमा निम्नलिखित रहेका छन् :

| क्र.सं. | कवितासङ्ग्रह | प्रकाशित मिति |
|---|---|---|
| १ | बिर्सेको छैन मैले | वि.सं. २०४५ |
| २ | घुएँत्रोको जमाना छैन | वि.सं. २०४७ |
| ३ | बिरामी देश | वि.सं. २०५७ |
| ४ | जल अनि अनल | वि.सं. २०६४ |

सानै उमेरदेखि कविता कोर्न रुचाउने यी कविले जीवनको मध्यान्तरबाट बढी कविता सिर्जना गर्न थालेको पाइन्छ । सुरुसुरुका कविताहरू **कान्तिपुर, समकालीन, पुनजार्गरण साप्ताहिक** जस्ता पत्रिकाका माध्यमबाट प्रकाशित भएको पाइन्छ ।

उनका धेरैजसो कविताहरू अध्ययनको सिलसिलामा विदेशमा बस्दा आफ्नो गाउँघर, वनपाखा र देशको असीम मायाले जन्मन पुगेका छन् । उनको पहिलो कवितासङ्ग्रहमा यही कुराको प्रतिबिम्ब शीर्षकमा पाउन सकिन्छ । 'बिर्सेको छैन मैले' भनेर आफ्नो देश र गाउँघरलाई भनिएको हो ।

लेखनयात्राको विषयमा कुरा गर्दा उनी औपचारिक रूपमा यस क्षेत्रमा लागेको करिब तीन दशक भइसकेको छ । यसअनुसार उनको औपचारिक कवितालेखन ३६/३७ सालबाट सुरुभएको पाइन्छ । त्यसपश्चात् उनका फुटकर कविताकृतिहरू विभिन्न पत्रपत्रिकाको माध्यमबाट प्रकाशित हुन थाले ।

उनको कवितालेखनको समयलाई दुई चरणमा राखेर हेर्न सकिन्छ, जसको मुख्य आधार उनका कवितासङ्ग्रहहरू प्रकाशित भएको समयलाई आधार मानिन्छ ।

हालसम्म कवि के.सी.को साहित्ययात्रालाई दुई चरणमा विभाजन गरिएको छ ।

क) पूर्वाद्ध चरण (वि.सं. २०४५ देखि २०४७) सम्म)

ख) उत्तरार्द्ध चरण (२०५७ देखि २०६४ सम्म)

### ४.२.१ पूर्वाद्ध चरण (२०४५–२०४७)

कवि मथुरा के.सी.ले वि.सं. २०४५ सालमा पहिलो कवितासङ्ग्रह 'बिर्सेको छैन मैले' प्रकाशित गर्नुभन्दा पहिलेदेखि नै कविता लेख्न सुरु गरेका भए तापनि यहाँ उनको कवितालेखनलाई कृति प्रकाशनको समयलाई आधार मानी चरण विभाजन गरिएको छ । तसर्थ २०४५ देखि २०४७ सालसम्म उनको कविता लेखन यात्राको पूर्वाद्ध चरण हो । यस चरणमा उनका मात्र दुई कवितासङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । यी प्रकाशित कृतिहरूमा वि.सं. २०४५ सालमा प्रकाशित भएको 'बिर्सेको छैन मैले' र २०४७ सालमा प्रकाशित भएको 'घुएँत्रोको जमाना छैन' कवितासङ्ग्रह रहेका छन् । पहिलो कवितासङ्ग्रहमा उनका ४४ वटा कविताहरू रहेका छन् ती सम्पूर्ण कविताहरू त्यसभन्दा अघि नै लेखिसकिएका हुन् । यद्यपि यसमा सङ्ग्रहीत गरी प्रकाशन मात्र गरिएको छ ।

यस सङ्ग्रहमा रहेको 'मेरो देश' शीर्षकको कविता 'नेपाली विद्यार्थी संघ बंगलादेश'को वार्षिक मुखपत्र २०३७ को "सगुन" तथा काठमाडौंबाट प्रकाशित "दायित्व" मा प्रकाशित भइसकेको पाइन्छ ।

### ४.२.२ उत्तरार्द्ध चरण (२०५७–२०६४)

कवि के.सी.को कवितालेखनको उत्तरार्द्ध चरण २०५७ देखि सुरु हुन्छ । यो समयावधिमा उनका दुईवटा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । त्यसमध्ये पहिलो 'बिरामी देश' २०५७ र दोस्रो 'जल अलि अनल' २०६४ रहेका छन् । सङ्ग्रह प्रकाशित

हुनुभन्दा केही समय अघिदेखि रचिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका त्यस्ता कविताहरूको सङ्कलन हुन् यी कृतिहरू ।

उत्तरार्द्ध चरणमा उनका कविता देशको बिँग्रदो स्थितिमा केन्द्रित छन् । पूर्वाद्ध चरणमा प्रकाशित उनका कविता गाँउप्रेम, देशप्रेम, साथीप्रेम र बाल्यकालीन अतीतमा प्रविष्ट भएका छन् भने पछिल्लो चरणका कविता देशमा चलिरहेको द्वन्द्व, अराजकता, भ्रष्टाचारी प्रवृत्ति आदिका बारेमा केन्द्रित छन् ।

यस चरणको पहिलो कवितासङ्ग्रहमा ५५ ओटा र दोस्रोमा २३ ओटा कविताहरू रहेका छन् । यसरी हेर्दा यस चरणमा अहिलेसम्म ७८ ओटा कविता प्रकाशित भइसकेका छन् ।

अहिले पनि उनको कवित्व सृजन कार्य रोकिएको छैन । कविता लेखन तीन दशकभन्दा पनि बढी रहेको छ । तथापि चरण विभाजनका दृष्टिले प्रकाशनलाई आधार मान्दा दुई दशक भने पुगिसकेको छ । यसरी हेर्दा उनको कविता केन्द्रित साहित्यिक यात्रा झनझन् तीव्रतर बन्दै अगाडि बढिरहेकाले आउँदा दिनहरूमा उनका साहित्यिक कृति झन परिष्कृत र परिमार्जन सहित आउने कुरामा आशावादी बन्न सकिन्छ ।

## ४.३ मथुरा के.सी. को कृतित्व अध्ययन

### ४.३.१ कविताको सामान्य चिनारी

कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचनालाई कविता भनिन्छ । कविता वाङ्मयको रागात्मक वा सौन्दर्यपरक शाखा हो, यो भाषिक क्षेत्रको व्यवहारिक र बौद्धिक प्रयोजन भन्दा भिन्न सौन्दर्यात्मक प्रयोजन भएको भावप्रधान प्रयोग स्थल हो ।[८२] पूर्वीय साहित्यमा भरतमुनिले "रस बिना कुनै भावको प्रवर्तन हुँदैन" भनी रसको महत्त्वलाई उजागर गरेका छन् । भामहले "शब्द र अर्थको संयुक्त रूप काव्य हो"[८३] भनेका छन् । माधव घिमिरेका अनुसार शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा तादाकार भएर अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।

यसरी कविताको परिभाषाहरूमा विभिन्न मतमतान्तर भए पनि कविता भन्नु कविको निजी अनुभूति हो । कविको अनुभूतिमूलक सिर्जनात्मक रचना हो भन्ने कुरा पूर्वीय एवम् पाश्चात्य साहित्यमा उल्लेख गरिएको छ । त्यसैले के भन्न सकिन्छ भने कविता

[८२] बासुदेव त्रिपाठी सहित अन्य (सम्पा.), **नेपाली कविता भाग ४**, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०५३), पृ. १४ ।

[८३] नगेन्द्र (सम्पा.), 'भारतीय काव्यशास्त्रको परम्परा', **काव्यालंकार** १/१६ (दिल्ली : नेशनल पब्लिसिङ्ग हाउस, २०१३) ।

भाषाका माध्यमबाट प्रस्तुत गरिने कविको कोमल रसात्मक र कलात्मक अनुभूतिको सिर्जनात्मक अभिव्यक्ति हो ।

### ४.३.२ सैद्धान्तिक आधारको परिचय

मूलतः साहित्यका चार विधा भित्र पर्ने एक पुरानो विधाका रूपमा कवितालाई चिनिन्छ । कविता बाहेक अन्य विधाहरूमा आख्यान (कथा र उपन्यास) नाटक र निबन्ध पर्दछन् । सबै विधाका आ-आफ्नै तत्त्वहरू हुन्छन् । कवितामा प्रविष्ट भएका कल्पना, भाव, ध्वनि, रस र दर्शन जस्ता कुराहरू आन्तरिक तत्त्वभित्र पर्दछन् । रीति, अलङ्कार, गुण एवम् औचित्य आदि कुराहरू कविताका बाह्य तत्त्व अन्तर्गत पर्दछन् । यी तत्त्वलाई शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, अलङ्कारजस्ता पक्षहरूमा छुट्याउन सकिन्छ । यिनै तत्त्वहरूले कविताको लघुरूपदेखि बृहत् रूपसम्मका कवितालाई समेटेको हुन्छ ।

#### ४.३.२.१ शीर्षकीकरण

कवितामा विभिन्न तत्त्वहरूमध्ये शीर्षक महत्त्वपूर्ण तत्त्व हो । यो कविता कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक सङ्केत वा उद्घाटन समेत हुनुपर्ने हो । शीर्षकले कविताको भावलाई संकेत गरेको हुनुपर्दछ चाहे त्यो बिम्बात्मक होस् चाहे प्रतीकात्मक । कविताको शीर्षकले नै कविताको विषयवस्तुलाई भावात्मक र रागात्मक संयोजनका आडमा हिँडाइरहेको हुन्छ । कुनै कुनै शीर्षक अभिधात्मक पनि हुन सक्छन् भने कुनै आलङ्कारिक पनि ।

त्यसैले कविताको तत्त्वहरूमध्ये शीर्षकीकरण एक महत्त्वपूर्ण वस्तु हो जसको सहायताबिना कविता निर्माण हुनै सक्तैन ।

#### ४.३.२.२ संरचना

कविताको बाह्य वा आन्तरिक बनावटको पक्ष नै संरचना हो । प्राचीनकालीन काव्य रचनामा रस, छन्द, अलङ्कार, सर्ग, ढाँचालाई काव्य संरचना मानिए पनि आधुनिक कवितामा सवर्ग, अनुच्छेद, परिच्छेद, पाउ, हरफ आदिलाई संरचना तत्त्व मानिने गरिन्छ ।[८४] कवितामा बाह्य र आन्तरिक गरी दुई प्रकारका संरचना हुन्छन् । यीमध्ये बाह्य संरचना भित्र हरफ, सर्ग वा पाउ पर्दछन् भने आन्तरिक संरचनाअन्तर्गत कथनपद्धति, भावविधान, छन्द आदि पर्दछन् । बाह्य संरचनाका दृष्टिले कुनै लामा र कुनै छोटा खालका पनि हुन सक्दछन् । शब्दयोजना, वर्णयोजना, पंक्तियोजनाले कविताको फरक फरक संरचना निर्माण गर्दछ । तर जेभए पनि कवितामा दुवै आन्तरिक र बाह्य संरचनाको खाँचो पर्दछ तिनीहरूको अन्तर्सम्बन्धबाट नै सफल कविता निर्माण हुन सक्दछ ।

---

[८४] गणेशप्रसाद भट्टराई, **कुलचन्द्र कोइरालाः दृष्टिकोण एवम् विश्लेषण**, कुलचन्द्र स्मृति प्रतिष्ठान, २०५०, पृ.६३ ।

### ४.३.२.३ **विषयवस्तु**

कविताका विभिन्न तत्त्वहरूमध्ये विषय पनि एक हो । कविले कविता रच्नु अघि नै विषयवस्तुको छनोट गरिसकेको हुन्छ । बिना आधार कविता फुर्न र उम्रिन सक्दैन जसका लागि बिउ रूपी विषय चाहिन्छ तबमात्र कविता लेखिन्छ । कविताको विषयवस्तुको क्षेत्र विस्तृत र व्यापक हुन्छ । विषय छान्न कवि सार्वभौम हुन्छ । धेरै विषयहरू कविले आफ्नै अगाडि देखेका, भोगेका, अनुभूत गरेका कुराहरू र घटनाहरूबाट लिएका हुन्छन् । त्यसमा आफूले भोगेका भोगाइ, खेपेको दुःख, स्वभाव, कुण्ठा, आशा, निराशा धर्म, संस्कृति, दर्शन, प्रकृति आदि कुनै पनि विषयलाई कविताको विषयवस्तु बनाउन सकिन्छ । तर यति हुँदा हुँदै पनि विषयवस्तुको चयनमा सचेतता अपनाउनु पर्दछ । कविताको भावनालाई, मर्मलाई विषयवस्तुले निर्देशित गरेको हुन्छ । विषयवस्तुले आफ्नो एउटा निश्चित स्वरूप प्राप्त गर्न सक्नु पर्दछ । त्यसैले कविता रचनाका लागि चयन गरिएको वस्तु नै कविताको मूल विषयवस्तु हो, जुन महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो ।

### ४.३.२.४ **लय विधान**

अन्य विधासँग सोझै मेल नखाने तत्त्वका रूपमा यसलाई लिन सकिन्छ । कविता अन्य विधासँग फरक देखिनु यही लयविधानकै कारण पहिलो नम्बरमा आउँछ "यो लय विधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवैमा भएको वितरण प्रक्रियाको कलागत प्राप्ति हो र कविता कृतिका चरण/पाउ वा पङ्क्ति हरफको गतिक्रम र यति विधानबाट थालिन्छ । लयले भाषिक उच्चारण अवस्थामा वर्णगत आरोह अवरोह वा स्वरताललाई सङ्गीत दिएर श्रुति-मधुर, कर्णप्रिय बनाउँदछ । पद, पदावलीअन्तर्गतका सम्पन्न ध्वनि भएका स्वर व्यञ्जन वर्णहरूको आवृत्तिबाट निस्कने अनुप्रासले पनि लयको सिर्जना हुन्छ । यो कविताका हरफहरूमा आदि, मध्य र अन्त्य मध्ये कुनै एक ठाउँमा वा एकै पटक धेरै ठाउँमा पनि आउन सक्छ । लयबाट कविता साहित्यका अन्यान्य विधापृथक भएर चिनिन्छ । त्यसैले वार्णिक, मात्रिक, आवृत्ति नियमले यति मिलाएर कवितालाई बढी लयपूर्ण बनाउनु पर्दछ ।

### ४.३.२.५ **भाषाशैली**

भाषाशैली भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल हो । यसले कवितालाई लयात्मक बनाउँछ । उपलब्ध भाषिक विकल्पमध्येबाट सबैभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जन र लयात्मक हुन सक्ने गरी भाषाको छनोट गरी लेखिएको कविता बढी मिठास एवम् स्मरणीय हुन्छ । ललित र रागात्मक व्यञ्जक र लयात्मक हुने वर्ण, पद, पदावली वाक्य र अनुच्छेद विधान सिर्जना गर्नुलाई नै रचनाकारको विशिष्ट भाषाशैली भनिन्छ ।[८५]

[८५] गणेशप्रसाद भट्टराई, पूर्ववत्, पृ. ६७ ।

कवितामा प्रयोग गरिने सङ्गठनगत पद्धतिलाई शैली भनिन्छ । शैली व्यक्तिपिच्छे फरक हुन्छ । सरल आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छ । जनमानसमा बोलिने कच्चा भाषालाई साहित्यकारले परिष्कार र परिमार्जन गरी विशिष्ट बनाउँछ । कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । भाषाका वर्ण पद शब्दले रागाात्मकता लयमयता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । जसले उत्कृष्ट भाव वहन गर्न सक्छ त्यो भाषाशैली कविताको मूल तत्त्व हो । भाषाशैली पद्यात्मक र गद्यात्मक दुवै हुनसक्छ ।

### ४.३.२.६ कथनपद्धति

कथनपद्धति कविताको महत्त्वपूर्ण अर्को तत्त्व हो । कथनपद्धतिको माध्यमबाट कविताको भाव प्रकट भएको हुन्छ । जसरी वा जुन रूपमा जीवन जगतको वर्णन गरे तापनि त्यसको केन्द्रीय तत्त्व चाहिँ भाव नै हो । त्यही भावलाई ओकल्न कविले कथनपद्धतिको सहारा लिन पुग्दछन् । यो कहीँ प्रथम पुरुषीय आन्तरिक दृष्टिबिन्दुमा कहीँ तृतीय पुरुष बाह्य दृष्टिबिन्दुमा भावव्यक्त भइरहेको हुन्छ । जहाँ जसरी भएपनि भाव चाहिँ अवश्य प्रकट भइरहेको हुन्छ । यो भाव कवितामा कविले कहीँ कविप्रौढोक्ति ढाँचामा र कहीँ कविनिबद्ध-वक्तृप्रौढोक्ति ढाँचामा प्रकट गर्दछन् । यसर्थ कथनपद्धति पनि कवितामा मूलरूपमा देखापर्दछ जसले त्यहाँ भएका भाव, विषय र मर्मानुभूतिलाई एउटा निश्चित पक्षबाट प्रक्षेपण गर्ने कार्य गर्दछ । कथनपद्धतिलाई अर्कोशब्दमा दृष्टिबिन्दु पनि भनिन्छ । म, हामी जस्ता सर्वनाम प्रथम पुरुष दृष्टिबिन्दु, तिमी, तँ, तपाईँ जस्ता द्वितीय पुरुष दृष्टिबिन्दु र ऊ, उनीहरू, तिनीहरू आदि तृतीय पुरुष दृष्टिबिन्दु वा कथनपद्धतिका भाव सम्प्रेषण गर्ने वृक्ष हुन् ।

### ४.३.२.७ बिम्ब र अलङ्कार

अलङ्कार शब्दको अर्थ गहना हो । 'अलं' को अर्थ पूर्णता, समर्थता त्यसलाई 'कार' बनाउने भन्ने अर्थ शाब्दिक व्युत्पत्तिले दिन सक्छ भने लौकिक वा व्यावहारिक अर्थ हेर्दा अपूर्णलाई पूर्ण, असमर्थलाई समर्थ तुल्याउने साधन-विशेष काव्यतत्त्वको नाम अलङ्कार हो ।[८६] अलङ्कारलाई कविताको बाहिरी रूप मानिन्छ । कवितामा सरसता, रोचकता प्रदान गर्न यसको ठूलो भूमिका रहेको हुन्छ । बिम्बले लाक्षणिक अर्थ प्रदान गरेको हुन्छ । शब्द शब्दमा आउने समवृत वा विषयवृतबाट आदि मध्य र अन्त्यानुप्रास एवम् यमक, श्लेष, छेकानुप्रास जस्ता शब्दालङ्कार कविले कवितामा जुनसुकै ठाउँमा प्रयोग गरेको हुन्छ । अर्थालङ्कारमा भने व्यञ्जनाको स्वरमा मात्र अर्थ ध्वनित हुने गर्दछ । अर्थालङ्कार कविताको अनुच्छेद वा समग्र कवितामार्फत अर्थिने गर्दछ । अलङ्कार कथ्य विषयलाई

[८६] भरतराज पन्त, **नेपाली अलङ्कार परिचय**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५७), पृ. १ ।

कलात्मक र भाव संवेद्य बनाउन कवितामा प्रयोग हुने हुनाले यसलाई पनि अनिवार्य तत्त्वका रूपमा स्वीकारिँदै आएको पाइन्छ । यसका लागि कविले कवितामा अलङ्कार र बिम्बको उचित समुचित आयोजन र समायोजन गर्न सक्नु पर्दछ । अनिमात्र कविता उत्कृष्ट बन्दछ । शब्दालङ्कारको सुरुआत अनुप्रास देखि हुन्छ । अनुप्रास शब्दको अर्थ प्रकृत शब्दसित अर्को अप्रकृत शब्द पनि मिल्दोजुल्दो भएर रहनु हो नेपाली भाषामा अनुप्रासलाई तुकबन्दी पनि भनिन्छ । त्यसैले कवितामा बिम्बालङ्कारको प्रयोग अनिवार्य तत्त्वका रूपमा स्थापित छ ।

## ४.४ मथुरा के.सी.को कवित्व परिचय

सबै हाँसोहरूमा

फुल्दैनन् प्रतिभा

सबै आँसुहरूमा

फुर्दैनन् कविता

दैवी प्रस्फुटन हो कविता

साहित्यिक सरिता हो कविता

'जल अनि अनल' (सबै आँसुहरूमा फुर्दैनन् कविता, पृ. ४६)

कविले कसरी कविताको सिर्जना गर्न सक्दछ ? खुसी र हर्ष दुःख र पीडाको अनुभूति हुने बित्तिकै कविता फुर्छन्, लेखिन्छन् भन्नु गलत हो भन्ने मान्यता बोकेका कवि दैवीशक्ति र साहित्यिक सरिताको नामले कविता सृजन हुन सक्दछ भनी आफ्नो कवित्व प्रदर्शित गर्छन् । वि.सं. २००७ साल श्रावण ३ गते पाल्पामा जन्मिएका यी कवि अहिले काठमाडौँलाई आफ्नो कमर्थलो बनाएर बसेका छन् । आफूले विभिन्न समयमा रचेका कविताहरूलाई सङ्कलन गरी कवितासङ्ग्रहका रूपमा प्रकाशित गर्न थालेको पनि दुई दशक भन्दा बढी भइसकेको छ । यस क्रममा उनले चार कवितासङ्ग्रह विभिन्न समयमा प्रकाशन गरिसकेका छन्, जसमा 'बिर्सेको छैन मैले' (२०४५), 'घुएँत्रोको जमाना छैन' (२०४७), 'बिरामी देश' (२०५७) र 'जल अनि अनल' (२०६४) रहेका छन् । यतिमा मात्र उनको कवि व्यक्तित्व सीमित रहने देखिँदैन । जसरी निरन्तर रूपमा उनका कृति प्रकाशित भए त्यसरी नै आगामी दिनमा उनका अन्य कविता कृति लगायतका रचनाहरू प्रकाशित हुनेछन् ।

उनको कवि व्यक्तित्व उच्च किसिमको छ । गद्यलयलाई कविता भित्र छिराएर कविले रचना सिर्जना गरेका छन् । उनका कवितामा समाजको नाङ्गो यथार्थता पाइन्छ । मनभरी जमेर बसेका उकुसमुकुस गुम्फनहरूलाई सुलुत्त बाहिर निकाल्न उनी खप्पिस छन् । उनी आफ्नो देश र गाउँलाई छोडेर सात समुन्द्रपारि गए पनि उनका कविताले सधैंभरि

तिनैलाई अँचेटेर भावनाको ठेकीबाट मोही पारी घ्यू रूपी कविता निकाल्दछन् । कवि मथुरा के.सी. मानवतावादी कवि हुन् । उनी आफ्ना कवितामा जातिको संरक्षण सँगसँगै मानवीय गुणको संरक्षणका रूपमा उभिएका छन् । मूलतः उनका कविता आफूले भोगेको जीवन र वरिपरिको वातावरणसँग सम्बन्धित हुन्छन् । उनका कविताले लिएका विषयवस्तु एकपक्षीय र एककालिक छैनन् । सबै विषयलाई उत्तिकै महत्त्व दिएर लेखिएका छन् उनका कविताहरू ।

उनी आफ्ना कवितामा कहिले बाल्यकालको घटना सम्झन पुग्छन् भने कहिले विदेशका घटनाहरू सम्भिmन पुग्छन् । प्रायजसो उनका कवितामा राष्ट्रको सौन्दर्यता र त्यसप्रतिको अगाध माया पाइन्छ । उनका कवितामा देश विदेश सबैतिरको विषयले प्रयोग पाएको छ । देशभित्र कहिले फेवाताल, कहिले राराताल, कहिले पशुपति कहिले गुहेश्वरी पुगेका छन् । उनका कविता कल्पनामा भन्दा यथार्थतामा उभिएका छन् । यसर्थ उनको कवित्व ढोँगी र आडम्बरी नभई यथार्थवादी रहेका छन् । उनी आफ्ना कवितामा देश भित्र र समाजभित्रको भद्रगोलपूर्ण अवस्थालाई तुरुन्त समावेश गर्न सक्दछन् । समाजमा देखिएका त्यस्ता अड्मिल्दा र बिब्ल्याँटा कुरालाई उनले आफ्ना कविता मार्फत व्यङ्ग्यवाण प्रहार गर्दछन् ।

राष्ट्रिय राजनीतिदेखि अन्तर्राष्ट्रिय तहसम्म पुगी आफ्नो अनुभूतिलाई फैलाउँछन् । उनले आफ्नो अनुभूतिमा पाएका कुरालाई कविताको विषय बनाउँछन् । कुनै विषयप्रति आफ्नो समर्थन वा विरोध खुलस्तरूपमा राख्न सक्नु उनको अर्को कवित्व शक्ति हो । राष्ट्रिय गरिमाका गम्भीर विषयमा उनको कवित्व आकण्ठ चुर्लुम्मिएको छ । कताकतै संवेदनशील कविताहरूमा अथाह राष्ट्रिय पीडाको चर्को बोध पनि पाइन्छ । उपन्यास वा निबन्धमा जस्तो कवि आफ्ना रचनामा फुक्न र फैलन नपाए पनि सुगठित र मूर्त रूपमा प्रस्तुत भएका छ्न जसले उनको कवित्व यति खाँदिएको छ कि त्यसको वजन उचाल्न गाह्रो छ । कविता, जो समाजमा पच्न नसकेर, सबैको तिरस्कृत र अपहेलित बनिरहेको हुन्छ, त्यसको कटु आलोचक मात्र होइन ।

जसरी भएपनि, जहाँ भए पनि गद्य लयमा स्वतस्फूर्त आफूले देखेका, भोगेका कटुसत्यलाई कविताको माध्यमबाट उनी अभिव्यक्ति दिन्छन् यसरी अभिव्यक्त गर्दा उनका कविता यथार्थको नाङ्गो धरातलमा ठिङ्ग उभिएका हुन्छन् । जसले गर्दा जस्तो सुकै मानिसले पढ्दा पनि उनका कविताबाट हाम्रो परिपरिको समाज र त्यसमा निहीत बेथिति विसङ्गति छर्लङ्ग ठम्याउन सक्छन् यही उनको कवित्त्व खुबी हो ।

सरल सहज बोधगम्य भाषाशैलीको प्रयोगले कविता झन् आस्वाद्य र संवेद्य बनेका छन् । त्यसले पनि उनको कविताको आन्तरिक सौन्दर्यलाई झन तिखर्‍याउँछ । जब भाव गम्भीर्यताले बाह्य सोपान भेटछ, तब कविता सबैका लागि सरल, सहज, सुललित बन्न

सक्दछ । त्यसैले यतिधेरै कारणहरूले भनिरहेका छन् कि कवि के.सी.मा निहीत कवित्व अनुलतीय छ ।

## ४.५ "बिर्सेको छैन मैले" कवितासङ्ग्रहको अध्ययन

### ४.५.१ परिचय

'बिर्सेको छैन मैले' मथुरा के.सी.को पहिलो प्रकाशित कवितासङ्ग्रह हो । यो कवितासङ्ग्रह वि.सं. २०४५ सालमा प्रकाशित भएको हो । यस कवितासङ्ग्रह उनको पहिलो भएकाले यसलाई उनको कविता लेखनको पूर्वाद्ध चरणको मानिएको छ । पहिलो कवितासङ्ग्रह भएकाले यसमा प्रकाशन हुनुभन्दा धेरै अगाडिका कविता समेटिएको पाइन्छ । यस सङ्ग्रहमा 'मेरो देश' एकान्तमा एक्लै बस्दा, जीवनयात्रा, 'फर्क स्वदेश फर्क गाउँ' लगायतका ४४ वटा कविताहरू सङ्गृहीत छन् ।

कवि केसीका यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको विश्लेषण कविता तत्त्वका आधारमा तल प्रस्तुत गरिन्छ ।

### ४.५.२ शीर्षकीकरण

**बिर्सेको छैन मैले** कवितासङ्ग्रहमा सङ्गृहीत कविताको भाव र शीर्षकका बीच अन्तर्सम्बन्ध रहेको पाइन्छ । यस सङ्ग्रहका कवितामा गुलियो भावले गर्विलो शीर्षकको संरक्षकत्व पाएर बढी संवेद्य भएका छन् । यस सङ्ग्रहका कविताहरूको शीर्षक छोटोमा एक शब्दका र बढीमा पाँच शब्दसम्मका पाइन्छन् । उदाहरणका रूपमा हेर्दा 'विश्वासघात' नामको कविता एक शब्दबाट निर्मित छ । 'मेरो देश', 'जीवनयात्रा', 'काफल टिप्दा', 'कसरी सहूँ'जस्ता कविताका शीर्षक दुई शब्दबाट निर्मित छन् । त्यस्तै गरेर तीनवटा शब्दबाट शीर्षक राखिएका कविताहरूमा 'वर्षा तिमी आयौ', 'सँगालेको हाम्रो माया', 'बच्चाहरू कोपिला हुन्' आदि पर्दछन् भने चार शब्दबाट निर्मित कतिवाका शीर्षकहरूमा 'फर्क स्वदेश फर्क गाउँ', 'हारको हार लाइन मैले', 'विस्मृति भएजस्तो लाग्छ', 'मेरो गाउँ कस्तो लाग्छ' आदि पर्दछन् । सबैभन्दा लामा शीर्षकहरू पाँचवटा शब्दबाट बनेका छन् ती कविताहरू क्रमशः 'प्रीत डकर्मीले उठाएको भित्ता होइन', 'इराक-इरान युद्ध सहिदहरूको कारखाना' हुन् । यो कवितासङ्ग्रह कविका स्मृतिपटलमा गाढा रहेर बसेको आफ्नो जन्मभूतिप्रतिको अटूट सम्झना र त्यसको उचित सम्मानमा आफ्नै गाउँघर, रोदी आँगन, भिरपाखालाई आफूले कहिल्यै नबिर्सेको र त्यसकै केन्द्रीयतामा यो कवितासङ्ग्रहको शीर्षक राखिएको हो । त्यसैले यस सङ्ग्रहको शीर्षक विधान सार्थक देखिन्छ । आफ्नै गाउँघरमा साथीसङ्गीसँग बाल्यकालमा बिताएका ती क्षणहरूलाई 'बिर्सेको छैन मैले' कतिवासङ्ग्रहको शीर्षकले उजागर गरेको छ ।

### ४.५.३ संरचना

संरचनालाई आन्तरिक र बाह्य गरी अध्ययन गर्न सकिन्छ ।

**क) बाह्य संरचना**

जम्मा ४४ वटा कविता रहेको यो कवितासङ्ग्रह मझौला आकारको छ । संख्यात्मक रूपमा रहेका कविताहरूको समष्टि पक्ष नै पहिलो बाह्य संरचनाको बलियो आधार हो । यस सङ्ग्रहमा ४४ वटै कविताका आकार र आयाम समान किसिमका् देखिँदैन प्रत्येक कविता आकारको वजनमा तल माथि छन् यो पनि संरचनाको बाह्य पक्षसँग सम्बन्धित छ । यस कवितासङ्ग्रहमा प्रयुक्त कविताहरूको आयतनलाई हेर्दा 'इरान-इराक युद्ध सहिदहरूको कारखाना' सबभन्दा बिस्तारित ३०७ शब्द समूहको कविता हो भने 'प्रीत फुल्यो मनैभरि' जम्मा ४७ शब्द मात्र भएको यस सङ्ग्रहको सबैभन्दा कम विस्तारित कविता हो । अरू ४२ ओटा कविता चाहिँ यिनै दुई विशालतम र लघुतम कविताको घेराबन्दीमा रचिएका छन् । यस सङ्ग्रहको सबभन्दा लामो कविता 'इराक-इरान युद्ध सहिदहरूको कारखाना' ९१ हरफमा निर्मित छ भने छोटो कविता समर्पण १२ हरफमा निर्मित भएको छ । संरचनाको यो सशक्तताले थोरैमा पनि धेरै भन्न सक्ने सामर्थ्य छ ।

**ख) आन्तरिक संरचना**

कवि के.सी. यस सङ्ग्रहमा सङ्कलित अधिकांश कवितामा गहन भाव व्यक्त गर्न सफल छन् । रसका दृष्टिले पनि उनका कविता सफल नै छन् । सबै कविताहरूमा एकै प्रकारको रस पाउन नसके पनि शृङ्गार, वीर, विभत्स शान्त जस्ता रसलाई परिपाकमा पुऱ्याउन खोजेका छन् । उनका कविता अलङ्कारका दृष्टिले पनि सफल छन् । उनका कवितामा शब्दालङ्कार अर्थालङ्कारको प्रयोग भएको पाइन्छ । यससङ्ग्रहका अधिकांश कवितामा छन्द भन्दा पनि अलङ्कारलाई प्राथमिकता दिएको पाइन्छ । अन्तयानुप्रासको आधिक्यता पाउनु उनका कविताको विशेषता नै बनेको छ । उदाहरणको रूपमा अत्यानुप्रास युक्त एउटा कविताको हरफलाई यहाँ हेर्दा -

> घामको तेजले हाम्रो माया ओइलाउने छैन
> जूनको शीतले हाम्रो प्रीति सेलाउने छैन ।

'बिर्सेको छैन मैले' (संगालेको हाम्रो माया, पृष्ठ २२)

यहाँ 'छैन' भन्ने शब्द पहिलो दोस्रो दुवै कविताको पंक्तिमा आएर अन्त्यानुप्रासको संयोजन गरेको छ ।

यसै गरेर उनका अरू कविताहरूमा पनि उपमा, रूपक, दृष्टान्त, समाशोक्ति, अतिशयोक्ति, स्वभावोक्ति, श्लेष आदि शब्द अलङ्कार एवम् अर्थालङ्कारहरूको प्रयोग भेटिन्छ ।

कवि मथुरा के.सी. आफ्ना कवितामा पूर्णतया शास्त्रीय छन्दको पालना गर्न तिर लागेका छैनन् । उनका कविता स्वच्छन्द र स्वतन्त्र रूपले विगत र वर्तमानप्रति खनिएका छन् । आफ्नो जीवन र त्यस वरिपरि घटेका घटनाहरू र वर्तमानमा बसेर विगत तर्फ चिहाउँदै, उकाली, ओराली, भञ्ज्याङ्ग चौतारीतिर हिँडेको माया पिरतीका दृश्यहरू उनका कवितामा आएका छन् । उनी समकालीन समयका विभिन्न विकृति एवम् विसङ्गतिलाई यथार्थभाव धारामा प्रगतिमय स्वर दिएर गद्य र आशिंक रूपमा अनुप्रास मिलेका कविता लेख्ने कवि हुन् । उनका कवितामा समानुपातिक अक्षरहरूको वितरण नहुनाले हरफहरूमा एकरूपता देखिँदैन । यी कविताहरूमा जिन्दगीका केही सुख-दुःख र मिलन विछोडमा पोखिएका केही आँसुहरूको भाव अभिव्यक्त भएको छ ।

### ४.५.४ लयविधान

यस कवितासङ्ग्रहमा कविताहरू प्रायः गद्य लयमा लेखिएका छन् । विशुद्ध गद्यलयमा सबै कविता नलेखिए पनि केही कवितामा भने लयहालेर पढ्न सकिन्छ । कतै लोकलय कतै झ्याउरे लयको आभास पाउन सकिन्छ । गद्य कविता भित्र पनि अन्तर्लयात्मकता पाउनु उनका कविताका विशेषता हुन् ।

'विश्वासघात', 'व्यथित दिल', 'हिमको महल बनेछ', 'बरु बक्र बन', 'प्रीत डकर्मीले उठाएको भित्ता होइन', 'इराक-इरान युद्ध सहिदहरूको कारखाना', 'जीवनयात्रा' आदि कविताहरू यस कवितासङ्ग्रह भित्रका गद्यलयमा लेखिएका कविता हुन् । अन्य बाँकी यससङ्ग्रहका कतिपय कवितामा लय मिलाउन अन्त्यानुप्रासको प्रयास गरिएको छ । त्यतिमात्र नभई छेकानुप्रास, वृत्यानुप्रास जस्ता शब्दालङ्कारको प्रयोगबाट लयविधानलाई चम्काउन खोजिएको छ । जसले गर्दा उनका कविता लयविधानका दृष्टिले कर्णप्रिय र श्रुतिमाधुर्यताका नजिक देखिन्छन् ।

### ४.५.५ भाषाशैली

कवितामा पनि अरू साहित्यिक विधामाझैँ भाषाशैलीको उत्तिकै महत्त्व रहन्छ किनकि जस्तो भाषाशैलीको प्रयोग कविले कवितामा गर्दछन्, त्यसबाट पाठकमा प्रत्यक्ष प्रभाव पार्ने काम हुन्छ । उनका कवितामा प्रयुक्त शब्दहरू क्लिष्ट दुर्बोध्य र दुरुह नभई संवेद्य किसिमका छन् । साधारण पाठकले पनि सहजै चलनचल्तीका शब्दहरूबाट बोधगम्यता पाउन सक्छन् आलङ्कारिक र रसमय उनको कविताको भाषा हो जसले तीव्र अर्थबोधमा सघाउ पुऱ्याउँछ ।

उनका कविता शब्दस्रोतका आधारमा शब्दहरूलाई हेर्दा तत्सम्, तद्भव र आगन्तुक तीनै किसिमका शब्दको प्रयोग भएको पाइन्छ । यस बाहेक ढेट नेपाली भाषाका कम प्रचलित शब्द र अनुकरणात्मक शब्दको प्रयोग पनि उत्तिकै मात्रामा पाइन्छ । खासगरी

बङ्गलादेश बसेका बेला लेखिएका यस सङ्ग्रहका अधिकांश कवितामा आगन्तुक शब्दको प्रयोग हुनु त्यति नौलो होइन । उनका केही कविता वस्तुपरक बाह्य वर्णनमा रचिएकाले त्यस्ता कवितामा निरस भाषाको प्रयोग भएको छ । कलकल, मुसुमुसु आदि जस्ता अनुकरणात्मक शब्दको प्रयोग उनका यस कवितासङ्ग्रहका कवितामा पाइन्छन् । कविताले छन्द र लयात्मकतालाई पूर्णत आत्मसात नगरे पनि गद्यात्मक भाषाशैली भने सरल र सहज छ । आफू सानो छँदा गाउँघरमा खेलेर हुर्केको, साथीसङ्गीसँग उठबस गरेका क्षणहरू मानसपटलमा मकैका फूल उठेझैँ उम्रिएका बेला संस्मरणात्मक बिम्बबाट त्यसलाई सरल तथा सहज भाषाशैलीको माध्यमबाट कवितामा लितपोत गर्न सकेका छन् । अधिकांश कवितामा पदसङ्गति नमिले पनि अर्थात भाषालाई बङ्ग्याएको देखिएता पनि भाव सम्प्रेषणमा कमी आएको पाइँदैन ।

कतै आदि अनुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास मिलाउन खोज्दा कविताको आन्तरिक भावमा चोट पुगेको जस्तो लाग्छ, जसले चाहिँ भाषिक सौन्दर्यमा निरसता बढाउन खोज्छ । अन्ततोगत्वा जेभए पनि उनका कविताको भाषाशैली सर्वसाधारण पाठकबाट सुरु भई बौद्धिक स्तरको पाठकसम्मका लागि सन्तुलित नै रहेको प्रमाणित हुन्छ ।

प्रस्तुत **बिर्सेको छैन मैले** कवितासङ्ग्रहमा कविको आफ्नै निजी शैली र भाषा संयोजित भएर आएको छ । ४४ वटा कविताहरू मध्ये कतिपय कवितामा भावनात्मक वा भावपरक शैलीको प्रयोग पाइन्छ भने अरू कतिपय कवितामा वर्णनात्मक, विवरणात्मक शैलीको प्रयोग भएको पाइन्छ । अन्ततः जे भए पनि यससङ्ग्रहका उनका सबै कवितामा स्मरणात्मक, भावमय र वर्णनात्मक शैलीको आधिक्य रहेको पाइन्छ ।

### ४.५.६ कथनपद्धति

कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति दुई कथन पद्धतिमध्ये यस कवितासङ्ग्रहमा कवि केसीले कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरी कविता लेखका छन् । आफ्ना मन र मस्तिष्कमा उम्रेका बाल्यकालीन जनजीवन र त्यससँग सम्बन्धित देशप्रेम गउँप्रेम, माटोप्रेम आदिको भावनात्मक तरङ्गलाई व्यक्त गर्ने सिलसिलामा कुनै अर्को पात्रको प्रयोग गरेका छैनन् । त्यसो हुनाले सबै कवितामा आफ्ना भावना पोख्न कवि स्वयं उपस्थित भएकाले यससङ्ग्रहका प्रायः सबै कवितामा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग भएको छ ।

कतिपय कवितामा कविले म, उनी, तिमी जस्ता सार्वनामिक शब्दले सम्बोधन गरेका भए पनि यस सङ्ग्रहका कविताहरू कविकै आफ्ना बिलौनासिवाय केही होइनन् । त्यस्ता अन्य केही बाह्यपात्र कविताका केही अंशमा देखिए तापनि उनीहरूको मुखबाट केही कुरा पनि व्यक्त गर्न लगाएका छैनन् ।

कवितामा जतिपनि भाव वा विषयलाई प्रस्तुतीकरण गर्न उनले खर्चेका छन् त्यो सबै कवि कथनपद्धतिमा नै रहेकाले यस कवितासङ्ग्रह भित्रका जतिपनि कविताहरू आएका छन् ती सबैमा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरेकाले यसलाई कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धतिका दृष्टिबिन्दुबाट हेर्न सकिएको छैन ।

कतै मायालुलाई कतै गाउँघर पाखा पखेरुलाई अनि कतै साथीसङ्गी, नेपाली दाजुभाइ दिदीबहिनीलाई सम्बोधन गरेर कविमा आरोपित 'म' पात्रको आत्मकथन प्रकट भएकाले पनि कविप्रौढोक्ति कथनपद्धतिको प्रथम पुरुष दृष्टिबिन्दुमा यस कवितासङ्ग्रहको रचना भएको छ ।

### ४.५.७ बिम्ब अलङ्कारको प्रयोग

मथुरा केसीद्वारा लिखित **बिर्सेको छैन मैले** कवितासङ्ग्रहमा सुनियोजित बिम्बालङ्कारको प्रयोग भएको पाइँदैन तथापि कविले कविता सृजना गर्दा केही बिम्बहरू र त्यसभन्दा अझ बढ्ता अलङ्कारको प्रयोग पाइएको छ । बिम्ब र अलङ्कारको सहायताले एउटा कविता आकाशमा धेरै माथि उड्न सफल भएको बेलुन जस्तै भाव र अर्थ गाम्भीर्यताका दृष्टिले उचाई प्राप्त गर्न सक्तछ । 'आशु पिएर बाँच्नु भन्दा' कवितामा आँशु दुःखको प्रतीक बनेर आएको छ । प्रतीक र बिम्बालङ्कारको प्रयोगले कविता क्लिष्ट र दूर्बोध्यतातिर लम्कन खोज्ने भएपनि त्यसको प्रयोगतामा न्यूनता रहेकाले नचाहिँदो अबोधगम्यता रहेको पाइदैन ।

त्यसकै उदाहरणका रूपमा हेर्दा यस कवितासङ्ग्रह भित्रको अर्को एउटा कविता 'पत्थर भो दिल मेरो' लाई लिन सकिन्छ । यसमा पत्थर दिल भनेर कठोर निष्ठुर बनेको मनलाई इङ्गित गर्न खोजिएको छ ।

त्यस्तै गरेर अलङ्कारको प्रयोगलाई पनि कवि आफ्ना कवितामा जडित गराउन सफल भएका छन् । मोटामोटी रूपमा अलङ्कार भन्नाले शब्दालङ्कार र अर्थालङ्कारलाई बुझिन्छ । शब्दालङ्कारले कविताको बाह्य स्वरूपलाई सजाउँछ भने अर्थालङ्कारले कविताको आन्तरिक ध्वन्यार्थ शक्तिलाई व्यङ्ग्यार्थबाट प्रस्फुटन गराउँदछ । यस दृष्टिकोणले हेर्दा उनका कविता दुवै अलङ्कारले सज्जित छन् जसले कविताको बाहिरी र भित्री दुवै सुन्दरतालाई बढावा दिएको छ ।

### ४.५.८ निष्कर्ष

कविका चार प्रकाशित कविताहरू मध्ये यो कवितासङ्ग्रह कविको जेठो कविता हो । जेठो भएकाले नै यसको महत्त्व दोब्बर रहेको छ । सङ्ख्यात्मक दृष्टिले पनि ४४ ओटा कविता एकठाउँमा उभिएर लामबद्ध भएका छन् । यी कविताहरूको उद्गम भूमि बाल्यकालीन जीवन र त्यसको सेरोफेरो वा भनौ मानव मनमा पलाउने मायाका टुसाहरू उम्रिने बेलाबखतका हुन् । किनभने यस सङ्ग्रहका प्रायजसो कविताहरू आफूले बिताएका

क्षणका स्मरणहरू मात्र हुन् । कवि जब डाक्टरी पढ्न भनी बङ्गलादेश पुग्दछन् तब उनलाई आफ्नो अतीत तीव्रतर बन्दै आउँछ त्यही तीव्र वेगले उडाएर ल्याएका अतीतका सुनौला कालजयी दृश्य, परिदृश्य घटना परिघटना आदिको वैशाखीमा यस सङ्ग्रहका कविताहरू मानसपटलमा गर्भाधान हुँदै जन्मन थाले । के दिन, के रात कुनै पनि समयमा कविका मनभरी ती क्षण, मन र मुटुमा नअटाउने गरी उम्लिरहे र पोखिइरह्यो कविताका माध्यमबाट ।

यो कवितासङ्ग्रह वि.सं. २०४५ सालमा प्रकाशित भएकाले यसभित्र रचिएका कविताको रचनाकाल अवश्य पनि त्योभन्दा अगाडि नै हो त्यसमा पनि माथि उल्लेखित गरिएको अनुसार उनी विदेशमा रहँदा बस्दा आफ्नो देशबाट टाढा रहनुपर्दाको पीडा साथै आफ्ना आफन्त र साथीहरूबाट टाढा रहनुपर्दाको नमज्जा प्रतिको फल नै यो समष्टि हो ।

एम.वि.वि.एस. अध्ययन गर्न जब उनी बङ्गलादेश पुगे तब उनमा कवित्व प्रतिभा उर्लेर आएको पाइन्छ । निष्कर्षमा कवि केसी एउटा समाजको स्वास्थ्य सेवक मात्र नभएर प्रखर साहित्य अनुरागी र स्रष्टा पनि हुन् है भन्न सकिन्छ ।

## ४.६ "घुएँत्रोको जनामा छैन" कवितासङ्ग्रहको अध्ययन

### ४.६.१ परिचय

प्रकाशनका आधारमा यो कवितासङ्ग्रह मथुरा के.सी.को दोस्रो कवितासङ्ग्रह हो । यो कवितासङ्ग्रह २०४७ सालमा प्रकाशित भएको हो । यस सङ्ग्रहको प्रकाशन 'दायित्व प्रकाशन' डिल्लीबजार काठमाडौँबाट भएको हो । यस कवितासङ्ग्रहलाई कवि के.सी.का कवितासङ्ग्रह प्रकाशनको पहिलो चरणको मान्न सकिन्छ । यससङ्ग्रहमा 'घुएँत्रोको जमाना छैन', 'भो भो अब धेरै नसुत', 'मेरो रहर पनि तिम्रो जस्तै त हो' लगायतका १५ वटा कविताहरू रहेका छन् ।

समग्र विश्वका देशहरू राजनीतिक, आर्थिक र औद्योगिक लगायतका कुराहरूले धेरै अगाडि बढिसके तर हाम्रो देश भने तिनीहरूको सापेक्षतामा धेरै पछाडि परेको छ भन्ने जस्ता देशवादी र गाउँघर, वनपाखाका कथाहरूलाई विषयवस्तु बनाएर यस सङ्ग्रहका कविता बुनिएका छन् ।

कवि मथुरा के.सी.को प्रस्तुत 'घुएँत्रोको जमाना छैन' कवितासङ्ग्रह भित्रका कविताहरूलाई कविता तत्त्वका आधारमा सामान्य रूपमा विश्लेषण गरिएको छ ।

### ४.६.२ शीर्षकीकरण

यो कवितासङ्ग्रहको शीर्षक प्रतीकात्मक तथा बिम्बात्मक छ । प्रतीकात्मक बनेर शीर्षकले यस भित्रका कविताहरूको भावलाई एकमुष्ट बाहिर ल्याएको छ । घुएँत्रो भनेको

कुनै पनि कुरालाई लापर्बाही पूर्वक अनिश्चित दिशातिर हुइँक्याउनु हो । हाम्रो देशको शासन प्रशासन त्यसरी नै हुइँक्याइएको छ । यसो गर्दा हामी सधैँ पछाडि पर्ने र विश्वका देशहरू धेरै अगाडि बढिसकेका छन् । जसले हामी जनताको कुनै भलाई छैन । यस सङ्ग्रहमा जम्मा १५ वटा कविताहरू रहेका छन् । सबै कविताको शीर्षक फरक छ । अनेकतामा एकता प्रतिनिधि शीर्षक कविता 'घुएँत्रोको जमाना छैन' गरेको छ । प्रत्येक कविताका शीर्षक लामा छोटा रहेका छन् । कम्तीमा दुईदेखि बढीमा आठ शब्दको प्रयोगबाट कविताको शीर्षक राखिएको छ । त्यस्ता दुईशब्दबाट निर्मित कविताका शीर्षकहरूमा **क्रान्ति गर, नयन हारा** हुन् । तीन, चार, पाँच, छ, सात, आठ शब्दबाट निर्मित शीर्षकहरूमा क्रमशः **घुएँत्रोको जमाना छैन, हार मानेर नहुने बाँचिदिनुपर्ने, छेक्न सक्छेउ तिमी मनका पर्खालहरूले, तारा भएर चम्कनु बतासलाई म बोलाउँला, मेरो रहर पनि तिम्रो जस्तै त हो** र **यदि बहादुरै होस् भने लड्न त मेरै काखमा** रहेका छन् ।

### ४.६.३ संरचना

कविताकायाको समग्र पक्ष नै संरचना हो । के कसरी कविताको निर्माण भएको छ भन्ने कुरालाई यसले स्पष्टत देखाउँछ । आकार प्रकार आयाम लम्बाइ चौडाइ नै संरचना हो । यसमा जम्मा १५ वटा कविताहरू मात्र रहेका छन् । संरचनालाई आन्तरिक र बाह्य गरी अध्ययन गरिएको छ ।

#### क) बाह्य संरचना

यसमा जम्मा १५ वटा कविताहरूको संकलन रहेको छ । यिनै १५ वटा कविताद्वारा निर्मित आयतन यसको बाह्य संरचना हो । यस सङ्ग्रहमा प्रयुक्त कविताहरूको आयतनलाई हेर्दा 'नयनहारा' कविता सबैभन्दा बढी ३१५ शब्द लिएर तन्किएको छ भने कम विस्तारित कविता 'हार मानेर नहुने बाँचिदिनुपर्ने' कविता ८१ शब्दका साथ आएको यससङ्ग्रह भित्रको सबभन्दा कम विस्तारित कविता हो । अन्य तेह्रवटा कविता यिनै बढी विस्तारित र कम विस्तारित दुई कविताको शाब्दिक संरचनाको बीचमा रचिएका छन् । लामो कविता ९१ हरफमा निरन्तर पंक्ति प्रवाहमा संरचित छ भने छोटो कविता पनि २६ हरफमा निरन्तर पंक्ति प्रवाहमा संरचित छ ।

#### ख) आन्तरिक संरचना

आन्तरिक संरचनामा लय, छन्द, अनुप्रास रस साङ्गीतिकता शैली आदि कुराको उपस्थिति हुनुपर्दछ । कवि के.सी.का कवितामा यी सबै कुराहरू पाउन सकिदैन । छन्द, लय हालेर उनका कविता गाउन सकिन्न तथापि उनले कवितामा छुट्टै किसिमको साङ्गीतिक झङ्कार, अनुप्रास योजनाले कतै कतै सिंगारेको पाइन्छ । कवि के.सी. छन्दवादी अलङ्कारवादी, रसवादी कवि होइनन् त्यसो भएकाले आन्तरिक संरचनाका पक्षबाट उनका

कविता चुकेका छन् । उनका यस सङ्ग्रहका कवितामा विशुद्ध गद्यलयको प्रयोग पाइन्छ । कविताका विषयवस्तुसँग भावात्मक र रागाात्मक पक्षको मेल गराइ कवितालाई अन्तर्लयात्मक साङ्गीतिकता प्रदान गरेका छन् । त्यसो भएकाले पनि उनका कविता आन्तरिक संरचनाका कोणबाट कम महत्त्वपूर्ण छैनन् । कविताको ठाउँ-ठाउँमा अनुप्रासको योजना गरेका छन् । यससङ्ग्रहका उनका कवितामा उपमा, रूपक, दष्टान्त, अतिशयोक्ति जस्ता अलंकार र वीर, रौद्र, शान्त, श्रृङ्गार रसको नजानिदो प्रयोग भएको छ ।

### ४.६.४ लयविधान

उनका प्रस्तुत कवितासङ्ग्रहमा संकलित सम्पूर्ण कविताहरू गद्यलयमा लेखिएका छन् । अर्थात् मुक्तलयमा रचिएका छन् । लय विधान कविताको महत्त्वपूर्ण तत्त्व भएपनि यसको समुचित समावेश नभएकै हो । समग्रमा भन्ने हो भने लयविधानका दृष्टिले यससङ्ग्रहका कविताहरू कमजोर छन् । यति हुँदाहुँदै पनि कविता भावसम्प्रेषणमा सफल छन् । लयराखेर कविता रचना गर्दा जति मज्जा वाचन गर्नमा आउँछ त्यो सहजता वा माधुर्यता पाइदैन । कवितामा ठाउँ ठाउँमा शब्द वा वाक्य दोहोऱ्याएर भएपनि लयविधानको जबर्जस्त प्रयास देखिन्छ तथापि त्यो यथेष्ट मात्रामा छैन । गद्य लय नै उनको पहिलो हतियार बनेको छ ।

### ४.६.५ भाषाशैली

उनले कवितामा सरल सहज भाषाशैलीको प्रयोग गरेका छन् । मथुरा के.सी. गाउँ, समाजका कवि हुन् । उनका कविता सर्वसाधारण पाठकले बुझ्ने हुन्छन् । उनी आफ्नै भञ्ज्याङ्ग चौतारी, उकाली-ओरालीका कविता लेख्ने भएकाले क्लिष्ट र दूर्बोध्य भाषाशैलीको प्रयोग गर्दैनन् । यससङ्ग्रहका अधिकांश कविता आफू विदेशी भूमि इरानमा बस्दा लेखेका हुन् तथापि उनका ती कविताहरूमा विदेशी भाषाशैलीको हुँकार पाइँदैन यही हो महानता कवि के.सी.को किनभने उनी बङ्गलादेश, इरान जहाँ गएपनि आफ्नो भाषाको सदैव जर्गेना गर्दछन् । त्यसैले एउटा विदेशी शब्दको पनि मिसावट पाइँदैन ।

भाषामात्र होइन प्रत्येक कवितामा उनको निजी शैलीको प्रयोग भएको छ । कतै व्याख्यात्मक शैली पाइन्छ भने कतै वर्णनात्मक, भावात्मक शैलीको पनि प्रयोग भएको पाइन्छ । कविता प्रस्तुतीकरणमा निजात्मक शैलीले कविताको मौलिकतामा अतुलनीय योगदान गरेको छ । यसर्थ भाषा र शैली दुवैका दृष्टिकोणले यससङ्ग्रहका कविता बेजोड छन् संवेद्य छन् भन्न सकिन्छ ।

### ४.६.६ कथनपद्धति

यससङ्ग्रहका कवितामा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरिएको छ । कवि सबै कवितामा उपस्थित छन् । उनले कसैलाई पनि कुनै कवितामा नउभ्याई आफै बोलेको

हुनाले यससङ्ग्रहका कवितामा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग भएको पाइन्छ । कवितामा ऊ, तिमी जस्ता सर्वनामहरू राखे पनि तिनीहरूबाट कविता बोल्न लगाएका छैनन् । यहाँ सर्वव्यापी आफै उभिएर बोलेका छन् । पाठक सामु कवि आफै उपस्थित छन्, जसले गर्दा पाठकलाई कविता बुझ्न पनि गाह्रो पर्दैन । यसका लागि कविप्रौढोक्ति उक्ति ढाँचाको एउटा कविता तल हेरौँ -

ए ! मेरा देशवासी साथीहरू

कोसी झैं सुसाउ

कर्णाली झै सुसाउ

तिमीहरूको त्यो आवाजमा

अलिकति आवाज

मेरो पनि मिसाउ

'घुएँत्रोको जमाना छैन' (अलिकता आवाज मेरो पनि मिसाउ, पृ. १७) ।

### ४.६.७ बिम्बालङ्कार र प्रतीकको प्रयोग

उनका यससङ्ग्रहका कवितामा बिम्बालङ्कार र प्रतीकको प्रयोग भएको पाइन्छ । तर उनी बिम्बवादी अलङ्कारवादी र प्रतीकवादी कविचाहिँ होइनन् । कवितासङ्ग्रहकै शीर्षक एउटा बिम्ब हो । त्यसले धेरै अर्थ खाँदेर बोकेको छ । 'छेक्न सक्छेउ तिमी मनका पर्खालहरूले' कविताको शीर्षकमा आएको 'पर्खाल' शब्द बाधा अबरोधको प्रतीक बनेर आएको छ । अलङ्कारलाई कविताको शब्द र अर्थसँग जोडेर हेर्न सकिन्छ । यो दुई किसिमको हुन्छ- शब्दालङ्कार र अर्थालङ्कार । शब्दालङ्कारमा आद्य, मध्य र अन्त्यानुप्रासको आंशिक प्रयोग पाइन्छ भने अर्थालङ्कारमा उपमा, उत्प्रेक्षा आदिको प्रयोग पाइन्छ ।

### ४.६.८ निष्कर्ष

यससङ्ग्रहका कविताहरूमा कविले सबै प्रकारको विषयवस्तुलाई समेटेको पाइन्छ । प्रस्तुत कवितासङ्ग्रहका एक दुई कविता बाहेक अन्य कवितामा कवि के.सी.ले नेपाली समाजको यथार्थ चित्रण गरेका छन् । उनका कवितामा मायाप्रेमका कुरादेखि देशका खातिर क्रान्ति गर्नु पर्छ भन्ने सम्मका बुलन्द आवाज पाइन्छ ।

दुई करोड नेपाली जाग हेर

क्रान्ति गर, क्रान्ति गर, क्रान्ति गर

क्रान्ति विना आउँदैन शान्ति हेर

क्रान्ति गर, क्रान्ति गर, क्रान्ति गर

थाङ्नामा कति दिन सुति बस्ने

आधा पेट खाई मात्रै कति बस्ने

शोषकले तिम्रो सबै रगत चुसे

'घुएँत्रोको जमाना छैन' (क्रान्ति गर, पृ. २४)

यसरी यस कवितामा कविले क्रान्ति विना शान्ति सम्भव छैन, त्यसैले क्रान्ति गर्नुपर्छ भनी जनतालाई सचेत बनाउँछन् ।

प्रकृतिप्रेम, देशप्रेम, गाउँप्रेमको नमूना कविता मार्फत प्रस्तुत गरेका छन् । प्रेम-प्रणयका कवितामा आफ्नी प्रियालाई यसरी सम्बोधन गर्छन्-

आज किन तिम्रा

दिलका द्वारहरू

उदाङ्ग छन् ?

बन्द गर ! प्रिया

मौसम तूफानी छ

भित्रका भावनाहरू

भताभुङ्ग हुन सक्छन् ।

आज किन तिम्रो

प्रेम-आँगन ह्वाङ्ग छ

बन्द गर प्रिय

**घुएँत्रोको जमाना छैन** (होसियार ! लगाम बिनाका घोडाहरूसित, पृ. २२) ।

हरेक कवितामा उनको एउटा न एउटा सन्देश पाइन्छ । शान्तिको चाहना उनका धेरै कवितामा रहेको छ । 'घुएँत्रो'को जमाना छैन । हामी र हाम्रो देश त्यही घुएँत्रोको भरमा, विश्वासमा बाँचेको छ भने अर्कातिर विश्वका देशहरू कुनैपनि कुरामा धेरै अगाडि पुगिसके तर हामी भने प्रगतिको पथमा जान सकिरहेका छैनौं भन्ने भाव छताछुल्ल रूपमा यससङ्ग्रहका कविताहरूमा पाइन्छन् ।

## ४.७ "बिरामी देश" कवितासङ्ग्रहको अध्ययन

### ४.७.१ परिचय

बरियताक्रममा तेस्रो कवितासङ्ग्रहका रूपमा प्रकाशित यो कवितासङ्ग्रहमा जम्मा ५५ वटा कविताहरू सङ्गृहीत छन् । संख्यात्मक आधारले पनि ५५ कविता रहनु यो कवितासङ्ग्रहको वजन बढ्नु हो । उनको कविता लेखनीलाई मूलतः दुईभागमा विभाजन गरेर अध्ययन गरिएकाले यो कवितासङ्ग्रह उत्तरार्द्ध चरणमा देखा परेको पहिलो र समष्टिमा तेस्रो प्रकाशनका रूपमा प्रकाशित छ । यसमा 'मेरो देश', 'आगोबाद', 'बग्छ सरिता', 'नयनहारा', 'आजको राजधानी', 'अपवाद बनेको छ मेरो देश', 'मेरो पनि रहर तिम्रो जस्तै हो', 'होसियार लगाम विनाको घोडाहरूसित', 'बिरामी देश' मिङ्गमाहरू र भिँगाहरू लगायतका कतिवाहरू रहेका छन् ।

वि.सं. २०५७ सालमा प्रकाशित भएको यो कवितासङ्ग्रहमा सबै कविता भिन्न विषय र प्रस्तुतिमा उभिएका छन् । सबै कविता उत्तिकै महत्त्वका साथ उही भावगाम्भीर्यलाई आत्मबोध गर्दै प्रस्तुत भएका छन् ।

कवि मथुरा के.सी.का यिनै कविताहरूलाई यिनै कविता तत्त्वका आधारमा तल प्रस्तुत गरिएको छ ।

### ४.७.२ शीर्षकीकरण

कविताको शीर्षक नै 'बिरामी देश' राखिएको छ । जसको सन्देश भलै राम्रो नदेखिएकाले यससङ्ग्रहका कविताद्वारा कविले त्यही बिरामी परेको देशलाई उपचार गराउने औषधि बनाउने ध्येय राख्दछन् । विभिन्न कारणले (राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक) कारणले देश बिरामी परेको अवस्थालाई कवि हृदयले छामी यस कवितासङ्ग्रहको नाम **बिरामी देश** रहन गएको हो । यसमा जम्मा ५५ वटा कविता रहेका छन् । प्रत्येक कविताका शीर्षक अलग अलग राखिएका छन् । परन्तु कवितासङ्ग्रहको शीर्षक तिनै ५५ वटा कविताहरू मध्ये एउटा कविता 'बिरामी देश'को नामकरणबाट उद्धरण गराइएकाले पनि यो शीर्षक नायक शीर्षक हो भन्न सकिन्छ । यसैको केन्द्रीयतामा अन्य कविता सहायकसिद्ध भएका छन् ।

यससङ्ग्रहमा सङ्कलित सबै कविताहरूको भाव र शीर्षकका बीच तालमेल पाउन सकिन्छ । यस सङ्ग्रहमा सङ्कलित पचपन्न कविताहरूका शीर्षकहरू शब्द संख्याका आधारबाट समान छैनन् । कुनै शीर्षक एउटै शब्दबाट निर्मित छन् भने कतिपय शीर्षकहरू दुई, तीन, चार र पाँच शब्दबाट निर्मित छन् ।

एक शब्दबाट 'आगोबाद', 'साथीहरूलाई', 'नयनहारा', 'बरबाद', 'दुई शब्दबाट', 'नव वर्ष', 'बग्छ सरिता', 'अचेलका च्याउहरू', 'अपराधी बाज', 'क्रान्ति गर', तीन शब्दबाट 'रुख र ढुङ्गाहरू', 'बरु वक्र बन', 'मिङ्गमाहरू र भिँगाहरू', चार शब्दबाट 'कुन बादले आवाद गरुँ', 'दिउँसै दिउँसै रुसलान उक्लेछौ', 'मेरो मनलाई अनुवाद गर' र पाँच शब्दबाट 'भाँचिएको चक र चर्केका पार्टीहरू', 'छेक्न सक्छेउ तिमी मनका पर्खालहरू', 'फर्की आउँछु भन्थिन् फर्केर आइनन्' कविताका शीर्षक राखिएका छन् । त्यस्तै गरेर आठ शब्दको संयोजनबाट निर्मित कविताको शीर्षक 'यदि बहादुरै होस् भने लड्न त मेरै काखमा' सबै भन्दा लामो रहेको छ ।

जति शब्दले वा अक्षरले यस कवितासङ्ग्रहका कविताहरूको शीर्षक राखिएको भएपनि सबै कविता उत्तिकै महत्त्वका साथ प्रस्तुत गरिएको छ । सबै कविता भाव सम्प्रेषण गर्न बेजोड छन् । माया पिरतीका कुरादेखि लिएर ईराक-इरान युद्धसम्म पुग्न भ्याएका छन् । यस कविताका विषयवस्तु जुन कविले आफै अनुभूत गरेका कुराहरू हुन् । आँखाले देखेका, कानले सुनेका, हातले छोएका र मनले अनुभूति गरेका विगतका कुरा हुन् वा वर्तमानका कुरा त्यसलाई जोड्ने सेतु नै आफ्ना कविता हुन् ।

कविताका शीर्षकहरू बहुआयामिक छन् कुनै एउटा विषय विशेषमा मात्र केन्द्रित नभईकन सार्वभौम रूपमा भौतिक र अभौतिक जगतलाई समानान्तर रूपरेखामा हिँडाएका छन् ।

मूलतः हाम्रो देश बिरामी छ । अस्वस्थ्य किन छ ? यसका कारण र त्यसको समाधान हामीले पहिचान गर्न सक्यौँ भने मात्र उपचार हुन्छ भन्ने भाव शीर्षकमा केन्द्रित छ ।

### ४.७.३ संरचना

कविताको रचना पक्ष नै संरचना हो । संरचनाको दृष्टिले यो ५५ वटा कविता थुँगाको एउटा कवितासङ्ग्रह मालाको रूपमा उनिएको छ । यस कवितासङ्ग्रहका कविताहरूलाई पनि बाह्य र आन्तरिक गरी दुई भागमा बाडेर विश्लेषण गरिएको छ ।

#### क) बाह्य संरचना

संख्यात्मक रूपमा ५५ कविताहरू बोकेको यो कवितासङ्ग्रह आयामिक पक्षबाट निकै गहन छ । यससङ्ग्रह भित्र आएका कुनै पनि कविताहरू एकापसमा समान शब्द संख्या र अक्षरसंख्याबाट निर्मित छैनन् । पंक्तिहरू पनि लामा छोटा योजनाका साथै अन्त्यानुप्रास मध्यानुप्रासको केही कतै निर्वाह गर्न खोजे जस्तो लाग्छ । तर कहीँ कतै कुनै कवितामा समान संख्यामा शब्दहरूको छनोट गरी पंक्ति योजना गरिएको छ ।

यससङ्ग्रहमा संकलित सबैभन्दा लामो कविता 'नयनहारा' हो । निरन्तर पंक्ति प्रवाहमा संरचित यो कवितामा अनुच्छेद बाँडिएको छैन । यसलाई जम्मा ३१५ शब्दले तनक्क तन्काएको छ । एक शब्दको पंक्तिदेखि सात शब्दसम्मको पंक्ति योजनाले कविता पूरै गद्यलयमा दौडिएको छ ।

त्यस्तै गरेर 'नववर्ष' कविता यससङ्ग्रहमा कम विस्तारित कविता हो । यसमा दुई अनुच्छेदको योजना गरिएको छ । दुई अनुच्छेदमा पनि समानता छैन । पहिलो अनुच्छेद ११ पंक्तिमा आबद्ध छ भने दोस्रो अनुच्छेद ४ पंक्तिमा आवद्ध छ । यस कवितामा जम्मा ५२ शब्दको मात्र प्रयोग गरिएकाले नववर्ष यस सङ्ग्रहमा सङ्गृहीत कम विस्तारित कविता भएको हो । बढीमा छ शब्द र कम्तीमा २ शब्दको संयोजनमा यस कविताका पंक्तिहरू निर्माण भएका छन् ।

यस आधारमा हेर्दा अन्य बाँकी ५३ कविता यिनै दुई लामा र छोटा कविताको साँधसीमाभित्र संरचित छन् ।

**ख) आन्तरिक संरचना**

आन्तरिक संरचनामा बाह्य रूप वा सौन्दर्यलाई नहेरीकन कविता भित्रको अर्थपक्षलाई, भावपक्षलाई हेर्ने गरिएको छ । यस सङ्ग्रहमा संकलित सबै कविता एकै भावभूमिमा नजन्मिएका भए पनि त्यसबाट पाइने आन्तरिक साङ्गीतिक झङ्कार एकदमै भावात्मक छ । तब रस मध्ये शृङ्गार, रौद्र, अद्भूत आदि जस्ता रसहरूको अनुभूति गर्न सकिन्छ । प्रेयसीका कुरा, मिलन विछोडका कुरा, पीडा, वेदना मर्मका अनुभूतिलाई र देशप्रेम माटोप्रेम जस्ता कुराहरू अति संवेदनशील तरिकाले प्रस्तुत गर्न सफल भएका छन्, यस कवितासङ्ग्रहमा कवि केसी । प्रतीक, बिम्ब र अलङ्कारको प्रायेगबाट पनि आन्तरिक संरचनामा थप टेवा पुगेको छ । धेरै कतिवाहरू विशुद्ध गद्यलयमा लेखिएका भए पनि कतिपय कवितामा अन्त्यानुप्रासको जबर्जस्त प्रयोगले लयात्मकतालाई सघाउ पुऱ्याएको छ ।

### ४.७.४ लयविधान

कवि केसी कुनै छन्द वा शास्त्रीयतावादी कवि होइनन् तसर्थ उनका कवितामा लयविधान गद्यात्मक मात्र देखिन्छ जसले छन्दवादी वा शास्त्रीयतावादी पाठकहरूको मनलाई त हेर्न सक्तैन तथापि अन्य पाठकको रुचिलाई ठेस पुऱ्याएको छैन ।

गद्यलय मै भएपनि अनुप्रासको सहायता र ठाउँठाउँमा शब्दहरूको पुनरावृत्तिले साङ्गीतिकताको छनक दिन खोज्नु लयविधानमा प्रयासिलो दनक दिन खोजेको जस्तो हुन्छ । यस कवितासङ्ग्रहका कविता मानवतावादी, प्रकृतपरक, र विद्रोहात्मक जेभए पनि आन्तरिक संरचना भित्रै विविध भावहरू प्रस्फुटित भई पुनः एकात्मक सौन्दर्य प्राप्त गरी अन्त्य भएका

छन् । विविध भावहरूको लयविधान फरक फरक कित्ता भए पनि प्रवाहित हुने भित्ता भने एउटै रहेकाले संरचना पक्ष वा लयविधान सफल र सुन्दर रहेको छ ।

अन्तमा भन्नुपर्दा यससङ्ग्रहका कवितामा अत्याधिक मात्रामा गद्यलयकै प्रयोग गरिएको छ जसले गर्दा अन्य लयविधान पाउन मुस्किल पर्छ ।

### ४.७.५ भाषाशैली

भाषाशैलीका दृष्टिले उनका यस सङ्ग्रहका कविताहरू सरल नै छन् । कतिपय ठाउँमा कम प्रचलित शब्दको प्रयोगबाट बोधगम्यतामा बाधा पनि देखिन्छ । विविध विषयवस्तुमा लेखिएका कवितामा तिनलाई सुहाउँदो भाषाशैलीको प्रयोग गरिनु स्वाभाविक देखिन्छ । भाषाशैली क्लिष्ट र दूर्बोध्य हुनु भनेको कविताको पठनीय पक्ष कमजोर हुनु हो । जसले भावार्थमा ठूलो नोक्सान पुऱ्याउँछ तर यहाँ त्यो कमजोरी कविले गरेका छैनन् । तत्सम्, तद्भव र आगन्तुक शब्दको प्रयोगले कविताको उचाइ थपेको छ । कविताका ठाउँठाउँमा प्रयुक्त विभिन्न प्रतीक, बिम्ब र अलङ्कारले पनि भाषालाई मजबुत बनाएको छ । मध्यानुप्रास अन्त्यानुप्रास आदि जस्ता अनुप्रासले गर्दा भाषाशैलीमा कर्णप्रियता र मनोहारिता पाउन सकिन्छ । भावलाई बोक्न नसक्ने भाषाशैलीको प्रयोग उनीबाट यहाँ भएको पाइँदैन । कविले अल्टीट्युड सिक्नेस जस्ता आगन्तुक शब्दको प्रयोगबाटै कविताको शीर्षक चयन गरेका छन् । यस कवितामा डिप्थेरिया, हिस्टेरिया, प्यारालाइसिस, इन्सोम्नीया जस्ता आगन्तुक शब्दको प्रयोग पनि गरेका छन् । जसले गर्दा कम बौद्धिक पाठकका लागि यी कविता क्लिष्ट लाग्न सक्छन् ।

कविको भाषामा मात्र होइन शैलीमा पनि निजत्व र मौलिकता छ । फरक विषय र भावलाई आफ्नो नितान्त मौलिक शैलीमा प्रयोग गरी कविता रचना गरिएकाले कतै कसैको अनुकरणको आभास पाउन सकिँदैन । व्याख्यात्मक, वर्णनात्मक र भावनात्मक शैलीको आडमा सम्पूर्ण कविता उत्कृष्ट छन् । त्यतिमात्र होइन कतैकतै संवादात्मक शैलीको पनि प्रयोग पाउन सकिन्छ ।

### ४.७.६ कथनपद्धति

कथनपद्धति कवितामा आफू स्वयम् उपस्थित भई देखेका र अनुभूत गरेका कुराहरूलाई प्रस्तुत गरेकाले कथनपद्धति कविप्रौढोक्ति रहेको छ । अर्थात प्रथम पुरुषीय दृष्टिबिन्दुमा कवि प्रत्येक कवितामा आफै उभिएका छन् । जस्तैः-

चट्टान भएर पसे जस्तो लाग्थ्यो

तर आज निस्किँदा

पानी जस्तै तरल भएँछु

काँडा भएर पसे जस्तो लाग्थ्यो

तर आज निस्किँदा

फूल जस्तै नरम भएँछु ।

'बिरामी देश' (साथीहरूलाई, पृ.४०)

यहाँ माथि प्रयुक्त कविताका हरफहरूमा कवि आफू नै बोलिरहेका छन् । कसैलाई बोल्न लगाएका छैनन् यसर्थ यो कविताको कथनपद्धति आत्मकथनात्मक प्रथमपुरुषीय दृष्टिबिन्दुमा रचित छ ।

यस्तै उनका अन्य यससङ्ग्रहका कविताहरूमा पनि यसै कथनपद्धतिको प्रयोग पाइन्छ । अर्को उदाहरणका रूपमा -

मेरो कविता त

पछि अनुवाद गरेपनि हुन्छ

गर्दै गरौला

कुनै पनि भाषामा

तर पहिले

मेरो मनलाई अनुवाद गर

'बिरामी देश' (मेरो मनलाई अनुवाद गर तिम्रो मनको भाषामा, पृ. ५५)

यस सङ्ग्रह भित्रका कवितामा कतै मायालुलाई कतै साथीसङ्गीलाई सम्बोधन गरेर कविमा आरोपित 'म' आफै सर्वव्यापी भएकाले अन्य कथनपद्धतिको प्रयोग नगरी विशुद्ध कविप्रौढोक्ति ढाँचामा प्रस्तुत गरिएको छ ।

### ४.७.७ बिम्बालङ्कार र प्रतीक प्रयोग

बिम्बालङ्कार र प्रतीकबिनाको काव्य के काव्य, त्यसैले अपरिहार्य तत्त्वकै रूपमा यसलाई लिन सकिन्छ । यहाँ प्रस्तुत कवितासङ्ग्रहका कवितामा पनि यथोचित रूपमा बिम्बालङ्कारको प्रयोग पाइन्छ । कविले विश्वप्रसिद्ध घटनाहरूका बिम्बहरू टिपेर राष्ट्रिय अन्तर्राष्ट्रिय सीमारेखा नाघ्दै र टेक्दै सिङ्गो विश्वलाई नै अनुभूत गराउने चेष्टा देखाएका छन् ।

'मेरो देश' शीर्षकको कवितामा हिउँ, हलो दप्सु, गाई भैंसी, भेडा बाख्रा, दाँती, हँसिया, फाली लालीगुराँस, निगालो, बाँस, निउरो, घाम, बादल, कुइरो आदि बिम्बप्रतीकको प्रयोगले कविताको भावगहनतामा तीव्र असर पारेको छ ।

त्यस्तै गरेर यस सङ्ग्रहको अर्को 'सुतिरहेको रातलाई नउठाउनु ए ! बिहानी' शीर्षकको कवितामा पनि कविले विभिन्न प्रकारका बिम्ब प्रतीकको प्रयोग गरेका छन् जस्तैः जुन, आकाश, अशान्ति, भोक, वन, मन, सडक, समुन्द्र, भिखारी आदि हुन् ।

अलङ्कारका दुई भेद छन्- शब्दालङ्कार र अर्थालङ्कार ।

शब्दालङ्कारले काव्यको बाह्य पक्षलाई चमत्कृत बनाउँछ भने अर्थालङ्कारले काव्यको आन्तरिक सौन्दर्यलाई चम्काउँछ ।

कविताका धेरै पंक्तिहरूमा आद्यानुप्रास, मध्यानुप्रास, वृत्यानुप्रास, अन्त्यानुप्रासको प्रयोगले बाह्य अलङ्कारलाई उजागर गरेको छ । यसका निमित्त एउटा कविताको श्लोकलाई हेरौं :-

पर हुँदैमा पराई भईदैन

टाढा हुँदैमा बिरानो भइदैन

मधुरो हुँदैमा बत्ती निभ्दैन

मौन हुँदैमा मूक भईदैन

'बिरामी देश' (पर हुँदैमा पराई भइदैन, पृ. ४७)

यहाँ चार ओटै कविताका पंक्तिमा अन्त्यमा भइँदैन निभ्दैन जस्ता शब्दको निरन्तरतामा अन्त्यानुप्रासको मीठो संयोजन भएको छ ।

विभिन्न अर्थालङ्कारले पनि काव्यलाई सुन्दर बनाइरहेको हुन्छ । त्यस्ता अलङ्कारहरूमा रूपक, उपमा स्वाभावोक्ति, उत्प्रेक्षा आदि यहाँ प्रयोग गरिएका अर्थालङ्कार हुन् ।

### ४.७.८ निष्कर्ष

वि.सं. २०५७ सालमा नेपाल-बङ्गलादेश साहित्य समाज, काठमाडौंले प्रकाशन गरेको यो कवितासङ्ग्रह उनको कवितासङ्ग्रहहरूको क्रमाङ्कका आधारमा तेस्रो प्रकाशित कृति हो । यस अघि नै दुईवटा कवितासङ्ग्रह प्रकाशित गरिसकेका यी कविले यो कवितासङ्ग्रह गुणात्मकताका दृष्टिले सबल बनाएका छन् । यसमा उनका अघिल्लो कवितासङ्ग्रहमा प्रकाशित भइसकेका कविताहरू सहित जम्मा ५५ वटा कविता सङ्कलित छन् ।

कवितासङ्ग्रहको शीर्षक **बिरामी देश** रहनुले पक्कै पनि देशको राम्रो अवस्थाको संकेत गरेको छैन । हामी सम्पूर्ण नेपालीहरू त्यही बिरामी देशमा बसिरहेका छौँ र हाम्रो दुरावस्था पनि त्यससँग गाँसिएको छ । यही कुरा कवि यससङ्ग्रहमा पोख्न चाहन्छन् । राष्ट्र र राष्ट्रियताप्रति अपार ममता झल्किएका उनका कविताहरूमा परिवर्तनप्रतिको सकारात्मक

दृष्टिकोण र स्वाभिमानको उत्कृष्ट अभिव्यक्ति पनि पाइन्छ । उनी समाजमा विद्यमान बेथिति, कुरीति, विसङ्गतिका तीव्र आलोचक पनि हुन् । उनी समाजको सुधार र देशमा अमन चैन होस भन्ने चाहन्छन् । खाली कल्पनाको उडान भरेर गफ चुट्नु भन्दा यथार्थको धरातलमा उभिएर जस्तोलाई त्यस्तै ओकल्नु उनको कवित्व विशेषताहरू हामी उनका कविताहरूमा छ्यापछ्याप्ती अनुभूत गर्न सक्छौं ।

देशको बिग्रँदो अवस्था र त्यसबाट खोजिएको एकमात्र विकल्प शान्ति नै हो भन्ने आफ्नो विचार सरल, सहज, स्पष्ट र सोझो भाषामा आफ्ना कवितामार्फत प्रकट गरेका छन् । स्वार्थी र भ्रष्ट नेताहरूले देशलाई केही दिने भन्दा लुट्ने गर्दछन् । नेताहरू बोल्छन् मात्र केही गर्न सक्तैनन् भनी आफ्ना कवितामा उनी भन्छन्ः-

यहाँ फूल रोप्ने मालीहरू भन्दा

फूल टिप्ने मालीहरू बढी छन्

यहाँ बाँझो फोर्ने हलीहरू भन्दा

भित्ता कोर्ने हलीहरू बढी छन् ।

यहाँ टोक्ने कुकुरहरू भन्दा

भुक्ने कुकुरहरू बढी छन् ।

'बिरामी देश' (अपवाद बनेको छ मेरो देश, पृ. ४१)

यहाँ देश बिगार्ने नेताहरूलाई फूल टिप्ने माली, भित्ता कोर्ने हली र भुक्ने मात्र कुकुरको संज्ञा दिएर विद्रोहात्मक स्वर उभ्याएका छन् ।

हरेक कविता उत्तिकै महत्त्वपूर्ण रहेका छन् । देशको माया, गाउँघर लेक बेँसीको माया आफूले जन्मे हुर्केको ठाउँ साथीसङ्गीको मायामा हरेक कविता लतपतिएका छन् । आफ्नो माटोप्रतिको मायालाई कवि यसरी पोख्छन्-

म जहाँ भए पनि
जहाँ गए पनि
मेरै देशको भाका हाली गीत गाउन मन लाग्छ ।
म जहाँ बाँचे पनि
जहाँ नाचे पनि
मेरै देशको पाखासँग प्रीत गाँस्न मन लाग्छ ।
मेरै देशको माटोलाई स्वाँइ खान मन लाग्छ ।
'बिरामी देश' (जहाँ भए पनि जहाँ गए पनि पृ.६३)

उनका कवितामा हाम्रो समाज, हाम्रो देश र हाम्रो चालचलन खिचिएको छ, जहाँ रोग, भोक, द्वन्द्व र पीडाका स्वरहरू सुनिन्छन् । यतिसारो अड्मिल्दो परिस्थितिप्रति उनी असन्तुष्ट बनेर चिच्याउँछन्, कराउँछन् त्यही चित्कार वेदना बनेर पोखिइन्छ छताछुल्ल कवितामा ।

मिङ्गमाहरू भन्दा सप्रिरहेका झिँगाहरू

सोलु, हुम्ला र जुम्ला

के रुकुम र जुम्ला

के रुकुम र रोल्पा

डोल्पा र पाल्पाका नानीहरू पनि

नाङ्गा र भोका छन्

पेटभरी जुकाहरू

र मुखभरी झिँगाहरू भन्काएर ।

'बिरामी देश' (मिङ्गमाहरू र झिँगाहरू, पृ. ८४) ।

यति विघ्न दीन हीन नेपालीको दुरावस्था देख्दा कवि भावविह्वल हुँदै भक्कानिन्छन् यस कविताको पंक्तिमा । तर नेताहरूको चाला भने निको नभएकाले देशका नेताका बारेमा यसो भन्छन्-

दाता राष्ट्रहरूको मुख ताकी रहेका छन्
मिङ्गमाहरूसँग खेल्ने झिँगाहरू जस्तै
झिँगाहरूले मिङ्गमाहरूसँग ढिडो बाँडे जस्तै
देशभित्र चुहिने अनुदान बाड्न
अनि त्यस अनुदानलाई प्राडो पजेरोको
सपनामा प्रतिपादित गर्न
राजनेताहरू पनि झिँगाहरू जस्तै ।

यसरी कवि केसीले यो सङ्ग्रहमा अचेत अवस्थामा रहेको यो बिरामी देशलाई स्वस्थ र बलियो बनाउन सबै मिली काम गर्नुपर्छ, अनिमात्र हाम्रो देश शान्तितर्फ लम्कन सक्छ भन्ने भाव व्यक्त गरेका छन् । थोरैमा धेरै भन्न सक्नु उनका कविताको सबल पक्ष हो । देश र जनतालाई मायागर्ने घनीभूत विचार लिएर कविले सुधारको अपेक्षा पनि राखेका छन् । जन्मभूमि स्वर्गभन्दा पनि प्यारो हुन्छ भन्ने केन्द्रीय भावमा कविताहरू लेखिएका छन् ।

## ४.८ "जल अनि अनल" कवितासङ्ग्रहको अध्ययन

### ४.८.१ परिचय

कवि के.सी.का कवितासङ्ग्रहको पछिल्लो प्रकाशन **जल अनि अनल** हो । कवि केसीले यो भन्दा पहिले तीनवटा कवितासङ्ग्रह प्रकाशित गरेर आफ्नो कवित्व सृजनको गतिलो जवाफ दिइसकेका छन् । वि.सं. २०६४ सालमा नइ प्रकाशनले प्रकाशन गरेको कवि केसीको यो कवितासङ्ग्रहमा जम्मा २३ ओटा कविताहरू रहेका छन् । अघिल्ला कवितासङ्ग्रहहरू **बिर्सेको छैन मैले** (२०४५), **बिरामी देश** (२०५७) भन्दा यस सङ्ग्रहमा थोरै कविता संकलित देखिन्छन् तापनि गुणात्मकताका दृष्टिले यी कविताहरू कम महत्त्वका छैनन् ।

कवित्व चरणका हिसावले उनको उत्तरार्द्ध कालको पछिल्लो कवितासङ्ग्रह हो । यसमा 'कविकवच लेखिरहेछ', 'दोष कसको ?', 'स्यालहरू', 'जल अनि अनल' आदि लगायतका कविताहरू रहेका छन् ।

जल भनेको पानी अनि अनल भनेको आगो हो । आगो र पानीको दुई असमान ध्रुवलाई एकैठाउँमा उभ्याएर समस्या र समाधान, द्वन्द्व र शान्तिको अपूर्व मेल गराउन पनि यो कवितासङ्ग्रह जन्मिएको हो । यस कुरामा सचेत हुँदै कवि आफ्ना विचार प्रत्येक कवितामार्फत उजागर गर्न सफल छन् ।

मथुरा के.सी. का यससङ्ग्रह भित्रका कवितालाई कवितातत्त्वका आधारमा यहाँ विश्लेषण गरिएको छ ।

### ४.८.२ शीर्षकीकरण

कवि केसीको कवितालेखनको उत्तरार्द्ध चरणका दुई काव्य कृतिहरूमध्ये दोस्रो कवितासङ्ग्रहका रूपमा प्रकाशित भएको 'जल अनि अनल' को शीर्षक प्रतीकात्मक छ । प्रतीकात्मक हुनु पहिलो धर्म हो । शीर्षक आफै बोलिरहेछ । 'जल र अनल' यहाँ तीन शब्दको मेलबाट शीर्षक राखिएको छ । 'र' जस्तो निरपेक्ष संयोजकले पानी र आगोको विपरीत अर्थ बुझाउने दुई विपरीत धर्मका नितान्त बेग्लै वस्तुलाई आपसमा मेल गराएको छ । यो क्लिष्टतापूर्ण व्यवहारले कवि शीर्षकीकरणमा कवितासङ्ग्रहको सम्पूर्ण भार बोकाउँदछन् ।

हाम्रै समाज र घर आँगनका बिहान बेलुकका समस्या, देशको भयावह स्थिति र भद्रगोलको चपेटामा रुमलिएको हाम्रो शासन प्रणाली र शासकहरूलाई प्रतीकात्मक रूपले कविताको शीर्षकले गालामा थप्पड हानेको छ ।

यहाँ सङ्गृहीत कविताका शीर्षक एक शब्ददेखि पाँच शब्दबाट बनेका छन् । जस्तैः- पशुपतिदर्शन, द्वन्द्व, प्रतिभा, आगो, अनुराग एक शब्दबाट निर्मित कविताका शीर्षकहरू हुन् । डहरडहरमा डर, दोष कसको ?, गोबरको गन्ध, बसुधैव कुटुम्बकम्, यसपालिको दशै, सावधान स्यालहरू, दुई शब्दबाट बनेका कविताका शीर्षकहरू हुन् भने तीन, चार र पाँच शब्दबाट बनेका कविताका शीर्षकहरूमा क्रमशः 'जल अनि अनल' कवि कवच लेखिरहेछ, कस्तो खडेरी परेछ, प्रिन्स फेवाबाट माछापुछ्रे, कुभिण्डो र घिरौंलाहरू, यस्तो किन भयो ? तथ्य र सत्य, सबै आँसुहरूमा फुर्दैनन् कविता, मन माइनस भएका अपराधी अनुहारहरू, आकाश र फूलका दुई टुक्रा रहेका छन् । २३ वटा कविताका शीर्षक फरक फरक देखिए पनि यसले उही समान समस्यालाई उठान गरेको छ ।

खासमा यहाँ आएका सबै शीर्षकहरू बिम्बात्मक र प्रतीकात्मक छन् । जुनसुकै विषयभित्रका सूक्ष्म वा स्थुल समस्यालाई उनका कविताका शीर्षकले सम्बोधन गरेको छ । तिनै २३ ओटा कविताका शीर्षकहरू मध्ये कवितासङ्ग्रहकै नाम रहन गएको शीर्षक हो- **जल अनि अनल** । यसले कविताहरूको समष्टिमा प्रतिनिधित्व गर्न सफल भएको छ । जसले गर्दा कविले उक्त सङ्ग्रहकै शीर्षक यसबाट राखेको पाइन्छ । दुई भिन्न विपरीत अस्तित्व बोकेका वस्तुलाई एउटै आकारमा समायोजन गरेर देखाउन खोज्नु चानचुने कुरै होइन । यही प्रयास कविले शीर्षकीकरणमा गरेर देखाइदिएका छन् ।

### ४.८.३ संरचना

यस कवितासङ्ग्रहमा कविका पछिल्लो समयमा लेखिएका २३ वटा कविता भिन्न शीर्षक र आयतनमा संरचित छन् । प्रायः सबै कविता मुक्तलयमा रचिएका छन् यसबाट उनी छन्दवादी वा शास्त्रीयतावादी कवि होइनन् भन्ने पक्कापक्की हुन्छ बरु विशुद्ध गद्यशैलीमा कविता लेख्न रुचाउँछन् । यसर्थ उनका कविता जुन यससङ्ग्रहमा सङ्कलित छन् ती कुनै निरन्तर पंक्ति प्रवाहमा लेखिएका छन् भने कुनै असमान साना ठूला अनुच्छेदमा विभाजन गरी रचिएका छन् । आकारका दृष्टिले यस भित्रका कविता लामो आकारमा छैनन् प्रायः सबै लघु आयामका रूपमा छन् । यस सङ्ग्रहभित्रको सबभन्दा लामो कविता 'दोष कसको ?' हो । यसमा १९९ शब्दको संयोजन रहेको छ भने यो कविता ४ अनुच्छेदका ५३ पंक्ति प्रवाहमा देखिन्छ ।

कम विस्तारित वा सानो आकारको कविताको रूपमा 'यस्तो किन भयो ?' शीर्षकको कविता रहेको छ । यसमा जम्मा २५ शब्द सहित निरन्तर पङ्क्तिप्रवाहको ७ हरफमा कविता सिद्धिएको छ । शीर्षकमा नै प्रश्नवाचक चिन्हले उब्जाएको समस्याले शीर्षक संरचनाको सुनियोजितता देखिन्छ । 'दोष कसको ?' शीर्षकको कवितामा पनि प्रश्नचिह्न आएको छ । यहाँ यससङ्ग्रहमा आएका सबैभन्दा लामो र छोटो दुवै कविताको शीर्षकमा प्रश्नचिह्न आउनुले शीर्षक चयनमा देखिने संरचनापक्षमा नवीनता पाइन्छ ।

संरचनाका दुई पाटा बाह्य र आन्तरिक दुवै पक्षबाट सबै कविता सुन्दर छन् । सुकोमल पदावली र सुष्ठु शब्द संयोजनले गद्यकविताको अन्तर्लयात्मक साङ्गीतिक झङ्कारलाई आस्वाद्य तुल्याएको छ ।

रस, अलङ्कार र प्रतीक योजनाले कविताहरू उच्च बनेका छन् । कविताका पंक्तिमा समानुपातिक अक्षर वितरण नभएकाले कविताले कुनै लय वा सुर लिन सक्तैन तर अन्तर्लयात्मक रागात्मक भाव गहन रूपमा प्रस्तुत भएको छ ।

### ४.८.४ लयविधान

यससङ्ग्रह भित्रका कुनै पनि कविता लय हालेर छन्दमा गाउन सकिँदैन किनभने कवि केसी कुनै शास्त्रीयता कवि होइनन् । योभन्दा अगाडिका उनका कविताहरू पनि कुनै शास्त्रीय छन्द वा लयमा छैनन् त्यसैले उनी गद्य कवि हुन् । उनी गद्यकवि भएकाले नै उनका अधिकांश कविता गद्यशैलीमा लेखिएका छन् । जसलाई अन्तर्लयात्मक रागात्मक लयविधानबाट छाम्न वा महसुस गर्न सकिन्छ ।

यतिहुँदा हुँदै पनि उनका कवितामा साङ्गीतिकता पाउन सकिन्छ जसका लागि उनी आफ्ना कविताका हरफ वा पंक्तिमा शब्द र कतै पदावली नै पुनरावृत्ति गर्ने गर्दछन् । अनुप्रास योजनालाई उनी रुचाउँछन् । जस्तैः -

भत्केका कट कुराहरू
भत्केका गाई गोठहरू
भत्केका सरकारी भवनहरू
असरल्ल भग्नावशेषहरू
'जल अनि अनल' (फेवातालमा माछापुछ्रेको आत्महत्या, पृ. ३२)

यहाँ 'भत्केका' शब्दलाई तीन पंक्तिसम्म निरन्तर आदि भागमा प्रस्तुत गरिएको छ । त्यस्तै गरेर प्रत्येक पंक्तिको अन्त्यमा 'हरू' लाई जोडेर पंक्तिको पदान्तमा राखिएकाले त्यसबाट जबर्जस्त लयविधानको प्रयास कविले गर्न खोजिरहेको थाह हुन्छ । प्रायः यस्तो प्रयासको उच्च प्रयोग उनका सबै कवितामा पाउन सकिन्छ ।

### ४.८.५ भाषाशैली

कविका भावना पाठक समक्ष बोकेर पुऱ्याउने माध्यम भाषा हो । भाषा विना भावना विचार, सन्देश निष्प्रभावी हुन्छ, शैली त्यसको पुरक हो । जसरी आकाशमा बिजुली चम्कदा आवाज सुनिन्छ त्यसरी नै भाषा भित्र शैली रहेको हुन्छ, भाषालाई मात्र उभ्याइयो भने त्यो निर्जीव र अमूर्त हुन्छ तर शैली पनि छ भने त्यो भाषा सजीव र मौलिक हुन्छ । प्रत्येक स्रष्टाको आफ्नो शैली हुन्छ, शैली निजी कुरा हो । त्यो अर्कोसँग नमिल्न पनि सक्छ ।

कवि के.सी.का कवितामा भाषाशैलीको सुगठित प्रयोग पाउन सकिन्छ । यससङ्ग्रहका उनका कवितामा सुबोध्य भाषाको प्रयोग भएको पाइन्छ । गद्यलयमा कविता रचिएको भएपनि भाषा साधारण पाठकका लागि पनि दुर्बोध्य नभइकन संवेद्य किसिमका छन् ।

तत्सम्, तद्भव, आगन्तुक, झर्रा शब्दको प्रयोगबाट कविता झन् तीव्रतर अर्थगाम्भीर्यतातिर लम्केको पाउन सकिन्छ । अंग्रेजी भाषाका आगन्तुक शब्दको प्रयोग यस सङ्ग्रहमा पाउन सक्छौं । उदाहरणका रूपमा- प्रिन्स (प्रिन्स फेवाबाट माछापुछ्रे पृ. ४४), माइनस (मन माइनस भएका अपराधीहरू २४) । तत्सम शब्दहरूमा- क्षुब्ध (यस पालिको दसैं पृ. ३९) दुष्ट (सावधान स्यालहरू पृ.५४) आदि शब्दहरू रहेका छन् ।

कहीँ लामा लामा वाक्य कहीँ छोटा एक शब्दे पंक्तिले कविताको आस्वादनमा समुन्द्रको छालको अनुभव गराउँदछ । यसले कवितामा नवीन भाषाशैलीको प्रयोगलाई स्वीकार गर्दछ । जस्तैः-

> लाखौलाख रचनाहरू ध्वस्त पारेर
>
> एक युग जमीनमुनि बसेका नरकङ्कालहरू हेरुँहेरुँजस्तो अनुभूति हुँदैन
>
> मन माइनस भएका अपराधी अनुहारहरू
>
> 'जल अनि अनल' (मन माइनस भएका अपराधी अनुहारहरू पृ. २४)

व्याख्यात्मक वर्णनात्मक सूत्रात्मक शैलीले उनका कविता सजिएका छन् । कतै संवादात्मक शैलीको पनि प्रयोग पाइन्छ । यसर्थ भाषा र शैली कवितामा नबिझाउने बनेर रहेकाले यसलाई सफल नै मानिएको छ ।

**४.८.६ कथनपद्धति**

कवि केसीको पछिल्लो कवितासङ्ग्रहका रूपमा प्रकाशित यसमा पनि प्रायः सबैजसो कवितामा कवि आफै छन् । जहाँ प्रथम पुरुषीय दृष्टिबिन्दु वा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरिएको छ ।

सबै कविता कविका वैयक्तिक अनुभूति र अड्कल हुन् । त्यसो हुनाले यसलाई प्रस्तुत गर्न कवि खेताला (कविनिबद्धवक्तृप्रौढोक्ति पात्र) खोज्दैनन् र आफू नै पर्याप्त छु भन्छन् सबै कवितामा आफू नै बोलेर । जस्तैः-

> म देखिरहेछु ।
>
> कोसी र कर्णालीमा
>
> रगत बगिरहेको
>
> म देखिरहेछु

मेची र महाकालीमा

रगत बगिरहेको

म त स्वयम्भु रोएको देखिरहेछु

म त पशुपति रोएको देखिरहेछु ।

'जल अनि अनल' (फेवातालमा माछापुछ्रेको आत्महत्या, पृ. ३२)

यस कवितासङ्ग्रहका कवितामा कतै देशसित, कतै समाज सित, कतै साथीभाइ र विकृति विसङ्गतिसित साक्षातकार गर्न उनी आफै पुगेका छन् । त्यसैले प्रस्तुत कवितासङ्ग्रह सोझै कविकथनमा आधारित रहेको देखिन्छ ।

### ४.८.७ बिम्बालङ्कार र प्रतीकको प्रयोग

यस कवितासङ्ग्रहका कविताहरूमा पनि प्रचुरमात्रामा बिम्बलङ्कार र प्रतीकको प्रयोग छ । त्यस्ता बिम्ब, अलङ्कार र प्रतीकहरू विभिन्न परिस्थितिमा स्थान, अनुभूति र विषयको वर्णनका रूपमा आएका छन् ।

त्यस्ता बिम्ब र प्रतीकहरू कविताको शीर्षकमा नै आएको पनि पाउन सकिन्छ । जस्तैः- 'कस्तो खडेरी परेछ' (जल अनि अनल पृ. २९), 'गोबरको गन्ध' (पृ. ३०) 'आगो' (पृ. ५०), सावधान स्यालहरू (पृ. ५३) आदि कविताका शीर्षकहरूमा क्रमशः खडेरी, गोबर, आगो, स्याल आदि बिम्ब र प्रतीकका रूपमा आएका छन् ।

हाम्रो समाज र त्यस वरपरका मानवप्रवृत्तिमा देखा पर्ने कलुषित व्यवहार र विचारलाई त्यस्ता बिम्ब र प्रतीकका सहायताबाट पाठकमाझ उजागर गर्न कवि सफल भएका छन् ।

अलङ्कारको प्रयोग पनि उनी आफ्ना कवितामा प्रयोग गर्दछन् । जस्तो शब्दालङ्कार र अर्थालङ्कारलाई प्रश्रय दिएका छन् । आद्यानुप्रास, मध्यानुप्रास, वृत्यानुप्रास र अन्त्यानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग र अर्थालङ्कारका रूपमा उपमा, रूपक, उत्प्रेक्षा आदि अलङ्कारको प्रयोगले कविताले चाहिने भन्दा पनि बढी भाव सम्प्रेषण गर्न सफल भएका छन् ।

सम्भव कुराको असम्भव वस्तुका रूपमा वर्णन गरी उत्प्रेक्षा अलङ्कारको सृजना कवि आफ्ना कवितामा गर्दछन् । उपमान र उपमेय बीच अभेद्य सम्बन्ध देखाएर रूपक अलङ्कारको प्रयोग पनि लेखकले थुप्रै ठाउँमा गरेका छन् ।

### ४.८.८ निष्कर्ष

अहिलेसम्मका प्रकाशित चार कवितासङ्ग्रह मध्ये यो सबैभन्दा कान्छो कृति हो । वि.सं. २०६४ सालमा नइ प्रकाशनले प्रकाशित गरेको यो सङ्ग्रहमा जम्मा २३ ओटा विषयविविध कविताहरू प्रस्तुत छन् । जसको सङ्ग्रह शीर्षक भने 'जल अनि अनल' राखिएको छ ।

यस सङ्ग्रहमा सङ्कलित प्रायः कविता दैनिक र साप्ताहिक पत्रिकामा प्रकाशित भइसकेका छन् । तिनै छरिएर प्रकाशित भएका कविताहरूलाई एकमुष्ट यसमा सङ्गृहीत गरी पाठकमाझ ल्याउने सराहनीय काम भएको हो । त्यस्ता पत्रिकाहरूमाः- **कान्तिपुर, समकालीन कविता, पुनर्जागरण साप्ताहिक** आदि रहेका छन् ।

देखेका, भोगेका, अनुभूत गरेका हाम्रा वरिपरिका क्षण र अनुभूतिहरूलाई पाठकपान गराउने विचार गरेका छन् । मानवता हराउँदै गएको मानव, विकृति बटुल्दै हिँडेको समाज, अराजकतातिर लम्किरहेको राज्य उनको प्रतिपक्ष हो । यसैलाई सुधारेर मानवमा मानवता, समाजमा सभ्यता र राज्यमा सुशासन ल्याउन उनका कविता सतर्क छन् सचेत छन् ।

साच्चै भन्ने हो भने देशमा द्वन्द्व थियो, मान्छेहरू मारिन्थे, अपहरण हुन्थे, त्यसको कुनै लेखाजोखा थिएन दुई ध्रुवमा दुईतिर हिँडेकालाई एक ठाउँमा ल्याई दिगो शान्ति चाहन्थे । कविले त्यसैले त आगो र पानीको पर्यावाची शब्द 'जल अनि अनल' शीर्षक दिएर समन्वयवादी परिपूरक सिद्धान्त प्रतिपादन गर्छन् आफ्नो सङ्ग्रह मार्फत । कवि शान्ति र अमन चैनप्रति अति संवेदनशील छन् । कहीँ कतै स्थापित हुन लागेको शान्ति फेरि खल्बलिने त होइन ? उनी सशङ्कित छन् र भन्छन्ः-

ए उपद्रवीहरू !

नबिथोल यी शुभ सङ्केतहरू ।

रगतको होइन गाउँगाउँमा

गोबरको गन्ध आउन सुरु भइसकेको छ ।

'गोबरको गन्ध' (जल अनि अनल पृ. ३०)

भ्रष्टहरूको तीतो डकार पनि कविले अनुभूत गरेका छन् । मन्दिर जस्तो पवित्र ठाउँ पनि भ्रष्ट र लुहाटाका नजरमा बचेन जस्तैः-

संस्कार र संस्कृतिको

स्वाँग रची

टीकासँग ढीका साट्ने

भ्रष्ट एवं भ्रामक ढेडुहरूको

लुछाचुँडी पनि त्यहीँ छ

(जल अनि अनल पृ. ३७)

देश र जनताप्रति अत्यन्तै सचेत कवि प्रजातन्त्र एउटा बाहना भयो नेताहरूका लागि किनभने देश र जनताको रक्षार्थ स्वाधिनता खै ? प्रश्न गर्छन् कवि के.सी. यहाँः-

देश स्वाधीनता पनि हो

दैला अघि एउटा पर्खाल

उभ्याउन सक्नुपर्थ्यो

देश प्रजातन्त्र पनि हो

जनता आफूखुसी बाँच्न पाउनुपर्थ्यो

तर यो कस्तो प्रजातन्त्र ?

(जल अनि अनल पृ. ६१)

यति मार्मिक र हृदयस्पर्शी कवितालेख्न सक्ने प्रतिभा भएका कवि साच्चै उत्खनन योग्य छन् ।

अतीतलाई अभ्यस्त भूतकालनि क्रियापदमा सजाउँदै उनी देश र जनतामात्र होइन, आफ्नो बालसुलभ क्षणहरू जो आफ्नै गाउँघर, मेलापात, उकाली ओरालीमा बितेका थिए, त्यसलाई यसरी सम्झन्छन् कवि यहाँः-

माइला र काइँलाहरू मादल बनेर आउँथे

अनि पो गाउँ पाखामा भाका हुन्थ्यो

माइली र काइँलीहरू गाजल बनेर आउँथे

अनि पो देउरालीमा गीत पनि प्रीत हुन्थ्यो ।

'दोष कसको ?' (जल अनि अनल पृ. २६)

समग्रमा यो कवितासङ्ग्रह समाजको कुरूप आलोडनबाट निर्मित छ । त्यसले कविको मन उद्वेलित पारी विशालकाय पत्थरबाट शिलाजीत निस्केझैँ कविता बरर उम्रेका छन् । जल र अनलको बिम्बात्मक प्रस्तुतिबाट एकातिर सहजता र अर्कोतिर जटिलता देखिए पनि यिनीहरू सतत निरन्तर छन् । यस्तै हाम्रो जीवनमा देखिने सुख-दुःख पनि हुन् । एकलाई अर्कोले पर्खिरहेको हुन्छ; त्यही नै यस सङ्ग्रहमा मुखरित भएको छ ।

## परिच्छेद पाँच

# dNofª|sg / lgisif

### ५.१ मथुरा के.सी. को जीवनी, व्यक्तित्व र कृतित्वको मूल्याङ्कन र निष्कर्ष

नेपाली साहित्यको कविता विधामा कलम चलाएर आफ्नो नाम सुपरिचित गराउने आधुनिक कवि मथुरा के.सी.को जन्म वि.सं. २००७ साल श्रावण ३ गते पिता **हुमबहादुर कार्की** र माता **पद्मकुमारी कार्की**का कोखबाट पाल्पा जिल्लाको ताहूँ भन्ने ठाउँमा भएको थियो । बाल्यकालको सम्पूर्ण जीवन त्यही ताहूँमै बित्यो । ताहूँ वरपरका, छपन्दी, खुलखुले, डढुवावन, बराहस्थान, बाँसघारी आदि ठाउँहरूमा उनी खेल्थे, कुद्थे दौड्न्थे, उफ्रन्थे । त्यहीँका स्थानीय निम्न माध्यमिक विद्यालयबाट कक्षा आठसम्मको शिक्षा हासिल गरे । पढाइमा अब्बल दर्जाका मानिएका उनी माध्यमिक तहको अध्ययनका लागि ताहूँबाट केही टाढा पाल्पाको सदरमुकाम तानसेन आएका थिए । त्यहाँ उनले जनता माध्यमिक विद्यालयबाट पहिलो श्रेणीमा **एस.एल.सी.** उत्तीर्ण गरे । एस.एल.सी. पास गरिसके पछि उच्च शिक्षा अध्ययन गर्न उनी भारतको गोरखपुर पुगेका थिए । त्यहाँबाट पनि उनले प्रथम श्रेणीमा आइ.एस्सी उत्तीर्ण गरेपछि कोलोम्बो प्लानको छात्रवृत्ति पाई (उसबेलाको पूर्व पाकिस्तान) ढाका **एम.बी.बी.एस.** पढ्न गए । **बङ्गलादेश**बाट वि.सं. २०३१ सालमा **एम.बी.बी.एस.** पास गरेपछि स्नातकोत्तर तहको पढाइ हुने विश्वविद्यालयमा **आइ.पी.जी.एम.आर.** मा भर्ना भई त्यो उपाधि पनि हासिल गरे । वि.सं. २०४० सालमा उनी **बङ्गलादेश**बाट **इरान**तर्फ लागे जहाँ एउटा अस्पतालमा **कन्सल्टेन्स फिजिसियन**का रूपमा वि.सं. २०५१ सम्म काम गरे । इरान बसाइको क्रममै उनको पहिलो सन्तान उद्वीप कार्की (छोरा) को जन्म भयो । उनकी एउटी छोरी पनि छन् उनको नाम मनसा कार्की हो । उनको जन्म चाहिँ काठमाडौँमा भएको थियो । के.सी.को विवाह भने काठमाडौँ टेकू निवासी पिता कर्णेल मकरबहादुर कार्की र माता शिखा कार्कीको कोखबाट जन्मिएकी जेठी छोरी उर्मिला कार्कीसँग वि.सं. २०३५ सालमा पढाइको सिलसिलामा बङ्गलादेशमा रहँदा लभ म्यारिजको रूपमा भएको थियो । उनी जीवनको अधिकांश समय अध्ययन र अनुसन्धान गर्नमा बिताउँछन् । एउटा गाउँमा जन्मिएको व्यक्ति गाउँ सहर हुँदै देश परदेशको यात्रामा बाहिर नै बस्नु पऱ्यो । परिवारको विछोडले देश बाहिरबस्दा पनि नेपाल र नेपालीको सम्झना गरिरहे ।

उनी सानैदेखि प्रकृतिसँग खेल्न रुचाउने स्वभावका थिए । गीत सङ्गीत भनेपछि हुरुक्कै हुने गर्दथे । वनजङ्गल घुम्दा, डाले घाँस काट्दा गाएका गीतहरू उनका कवितामा आएका छन् त्यही गाउँको निच्छल वातावरणले पछि उनलाई कवि बनायो । जनता माध्यमिक विद्यालय तानसेनमा पढ्दा विद्यालयको मुखपत्र पत्रिकामा उनको पहिलो कविता

प्रकाशित हुँदा उनी असाध्यै खुसी भएका थिए । त्यसैको प्रभाव र प्रेरणाले गर्दा आगामी दिनहरूमा उनले कविता लेखिरहे ।

नम्र र विनयी स्वभावका कारण उनी सबैसँग घुलमिल हुन्छन् । शारीरिक रूपमा पनि उनी आकर्षक व्यक्तित्व भएका व्यक्ति हुन् । कविता लेखन त उनको फूर्सदको काम हो । वास्तवमा त उनी बरिष्ठ चिकित्सक हुन् । डाक्टरको पढाइ पूरा गर्न उनी बङ्गलादेशमा धेरै वर्ष बसेको पाइन्छ । पछि उनी नेपाल आए । नेपालमा पहिले पाटन अस्पताल लगायतका केही अस्पतालमा काम गरे भने हाल उनी वि.सं. २०५६ सालदेखि निरन्तर रूपमा काठमाडौँ मेडिकल कलेज सिनामंगलमा काम गर्दै आएका छन् । त्यस अस्पतालमा सुरुदेखि तीनवर्षसम्म निर्देशकको रूपमा पनि काम गरिसकेका छन् । त्यहाँ पढ्न आउने विद्यार्थीहरूलाई अध्यापन पनि गराउँदै आएका छन् । यसर्थ उनी प्राध्यापक डाक्टर हुन् । उनकी श्रीमती उर्मिला कार्की पनि सोही अस्पतालमा वरिष्ठ गाइनोकोलोजिस्टका रूपमा सेवा दिँदै आएकी छिन् । त्यसका अलावा समाजसेवाप्रति पनि केसीको संलग्नता रहेको पाइन्छ । जसको उदाहरणको रूपमा 'पद्म पारितोषिक फाउन्डेसन'को स्थापना आफ्नै अध्यक्षतामा गरेर अब्बल दर्जाका विद्यार्थीलाई आर्थिक सहयोग पनि गर्दै आएका छन् ।

उनी नेपाली साहित्यको श्रीवृद्धि चाहने नेपाली साहित्यप्रेमी कुशल स्रष्टा हुन् । जीवनको दौरानमा उकाली ओरालीमा उनले धेरै हण्डार पनि खाएका छन् । सुख-दुःख के हो ? राम्ररी भोगेका छन् । त्यसैको प्रतिफलमा उनका सिर्जनात्मक कृतिहरू आएका हुन् । उनका फुटकर कविता, लेख, निबन्धहरू विभिन्न पत्रपत्रिकाहरू जस्तै **कान्तिपुर, पुनर्जागरण साप्ताहिक, जनादेश, मधुपर्क, समकालीन**मा प्रकाशित हुँदै आएका छन् । तिनै विभिन्न समयमा देश तथा विदेशमा रहँदा रचिएका रचनाहरूलाई संकलन गरी उनले हालसम्म चारवटा कवितासङ्ग्रह प्रकाशित गरेको थाह भइसकेको छ । ती कवितासङ्ग्रहहरूमा क्रमशः वि.सं. २०४५ मा **बिर्सेको छैन मैले** वि.सं. २०४७ मा **घुएँत्रोको जमाना छैन** वि.सं. २०५७ मा **बिरामी देश** र वि.स.. २०६४ मा **जल अनि अनल** रहेका छन् ।

उनी कवि हुन्; चिकित्सक हुन् अनि यति मात्र नभएर उनी धेरै प्रतिष्ठित संस्थासँग आबद्ध व्यक्तित्व हुन् । उनी **नेप्लिज सोसाइटी अफ इकोकार्डियोग्राफी**का संस्थापक महासचिव, **पद्म परितोषिक फाउन्डेसन**का अध्यक्ष, **नेपाल बङ्गलादेश साहित्यिक समाज**का महासचिव, **नेपाल हृदयरोग समाज**का संस्थापक सदस्य **नेपाल बङ्गलादेश अल्मुनाई संघ**का आजीवन सदस्य, **सोसाइटी अफ इन्टरनल मेडिसिन अफ नेपाल**का कार्यकारी सदस्य पनि हुन् । यति धेरै संघ संस्थाप्रति आबद्ध भएर पनि नेपाली साहित्यलाई कहिल्यै बिर्सेनन् उनले । उनका कवितामा देशप्रेम, जनताप्रेम र माटोको माया पाइन्छ ।

उनका कवितामा हाम्रै समाजका विषयवस्तु टिपिएका छन् । उनले ती विषयवस्तुलाई नेपाली रङ दिएर जीवन्त बनाएका छन् । कविताका शीर्षकहरू प्रायः, प्रतीकात्मक छन् । शीर्षकहरू नै सिङ्गो कविताको भाव बोकेर आएका छन् । विशेषत उनका कविता बाल्यकालमा आफू जन्मी हुर्की बढेको, पढेको ठाउँको बारेमा छ । त्यसपछाडि पछिल्लो समयमा आएर देशको बिग्रदो राजनीतिक अवस्थाले सबैलाई निराशा पारेको कुरा अभिव्यक्त भएको छ । उनी समसामयिक परिस्थितिलाई नै विषयवस्तु बनाएर कविता लेख्ने कवि पनि हुन् ।

सरल, सुन्दर बोधगम्य भाषाको प्रयोगले उनका कविता सर्वसाधारणका लागि समेत संवेद्य र आस्वाद्य छन् । कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दको कम प्रयोग गरेका छन् । आयामका दृष्टिले उनका कविता धेरै लामा पनि छन् र छोटा पनि छन् । सबै कविताहरूको आयाम एकनासको छैन । उनका कविता २५ शब्ददेखि लिएर ३१५ शब्द सम्मबाट निर्माण भएका पाइन्छन् । उनी गद्यलयमा कविता रच्न भने सिपालु देखिन्छन् । मुक्तलय मै भए पनि भाव गाम्भीर्यमा बढी सचेत छन् । उनले कवितामा बिम्ब प्रतीक र अलङ्कारको भने सामान्यतया प्रयोग गरेका छन् । उनी कवितामा अर्थालङ्कारलाई भन्दा शब्दालङ्कारलाई महत्त्व दिने गर्दछन् ।

चिकित्सक व्यक्तित्व उनको पहिलो सम्मानित व्यक्तित्व हो । त्यसपछि मात्र कवि व्यक्तित्व देखा पर्दछ । यतिमात्र नभई उनको सामाजिक व्यक्तित्व पनि उत्तिकै उजागर योग्य रहेको छ । व्यक्तित्वको पाटोमा पनि उनी सम्मानित नै छन् । उनी कविता विधाको समसामयिक धारलाई अघि बढाउने एक सशक्त कवि हुन् । उनका कवितामा देशप्रेम र सामाजिक चेतनाको झलक पाइन्छ तथापि सिङ्गो नेपाली साहित्यको कविता फाँटका उनी मध्यमकोटिका कविका रूपमा परिचित छन् ।

तीनदशक पार गरिसकेको उनको कवित्व लेखन अहिले प्रौढावस्थामा पुगिसकेको छ । २०४५ सालदेखि सार्वजनिक रूपमा कविता प्रकाशन गर्न थालेका यी कविका कवितामा मानवताप्रेम, प्रेमप्रणयता, विद्रोहात्मकता र विश्वशान्तिको सन्देश पाउन सकिन्छ ।

पाइन्ट सर्ट टाइ कोट औपचारिक रूपमा लगाउने उनका पोशाक हुन भने नेपाली खाना दालभात तरकारी रोटी, अण्डा, माछा, खान उनी मन पराउँछन् । यसो हेर्दा गम्भीरझैँ लाग्ने यी व्यक्ति अलि अन्तर्मुखी स्वभावका छन् । सबैसँग समान व्यवहार गर्ने जाति, धर्म, वर्गको आधारमा कसैले कसैमाथि शोषण दमन गर्नु हुँदैन भन्दछन् कवि के.सी. । यसर्थ उनको नेपाली साहित्याकाशमा स-सम्मानित स्थान सुरक्षित छ ।

**सम्भाव्य शोधशीर्षकहरू**

१. नेपाली साहित्यमा मथुरा के.सी.को योगदानको अध्ययन ।

२. मथुरा के.सी.को काव्यकारिताको अध्ययन ।

३. मथुरा के.सी.का सिर्जनात्मक कृतिहरूको कृतिपरक अध्ययन ।

४. प्रगतिशील लेखनका दृष्टिमा कवि के.सी. ।

# ;Gbe|uGy ;'rL


**क) नेपाली पुस्तकहरू**

के.सी., मथुरा (२०४५), **बिर्सेको छैन मैले,** पाल्पा : तारा कार्की ।

के.सी., मथुरा (२०४७), **घुएँत्रोको जमाना छैन,** काठमाडौं : दायित्व प्रकाशन ।

के.सी. मथुरा (२०५७), **बिरामी देश,** काठमाडौं : नेपाल बङ्गलादेश साहित्य समाज ।

के.सी., मथुरा (२०६४), **जल अनि अनल,** काठमाडौं : नइ प्रकाशन ।

जोशी, कुमारबहादुर (२०३४), **कविता चर्चा**, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव (२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र. ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय,** काठमाडौंः साझा प्रकाशन ।

न्यौपाने, टंकप्रसाद (२०४८), **साहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन ।

पन्त, भरतराज (२०५६), **नेपाली अलङ्कार परिचय,** काठमाडौं : ने.रा.प्र.प्र. ।

पोखरेल, भानुभक्त (२०५५), **साहित्यिक समीक्षासङ्ग्रह,** काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्य,** विराटनगर : श्याम पुस्तक भण्डार ।

बराल, ईश्वर (२०५५), **नेपाली साहित्यकोश,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, गणेशप्रसाद (२०५०), **कुलचन्द्र कोइराला : दृष्टिकोण एवम् विश्लेषण,** काठमाडौं : कुलचन्द्र स्मृति प्रतिष्ठान ।

भट्टराई, घटराज, **भीमनिधि : व्यक्ति र कृति,** दो.सं., काठमाडौं : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास,** काठमाडौं : नवीन प्रकाशन ।

**ख) पत्रपत्रिकाहरू**

**कान्तिपुर**

**अनुराग,** वर्ष ११, अङ्क ५५ ।

**कवि कवच लेखिरहेछ,** वर्ष १०, अङ्क ५७ ।

**कस्तो खडेरी परेछ,** वर्ष १०, अङ्क १३ ।

**गोबरको गन्ध,** वर्ष ११, अङ्क ८७ ।

**डहरहरूमा डर,** वर्ष ९, अङ्क १०१ ।

**तथ्य र सत्य,** वर्ष ११, अङ्क १०३ ।

**दोष कसको,** वर्ष ९, अङ्क ३३ ।

**प्रिन्स फेवाबाट माछापुछ्रे**, वर्ष ११, अङ्क १७८ ।

**फेवातालमा माछापुछ्रेको आत्महत्या**, वर्ष ११, अङ्क १७८ ।

**सबै आँसुहरूमा फुर्दैनन् कविता**, वर्ष १०, अङ्क ७३ ।

**समकालीन साप्ताहिक**

**कुभिण्डो र घिरौलाहरू**, वर्ष ८, पूर्णाङ्क ४ ।

**जल अनि अनल**, वर्ष ८, पूर्णाङ्क २० ।

**द्वन्द्व**, वर्ष ९, पूर्णाङ्क १८ ।

**यस्तो किन भयो**, वर्ष ७, पूर्णाङ्क १७ ।

**सावधान स्यालहरू**, वर्ष ९, पूर्णाङ्क १३ ।

**पुनर्जागरण साप्ताहिक**

**आकाश र फूलका दुई टुक्रा**, वर्ष ५, पूर्णाङ्क १३ ।

**पशुपति दर्शन**, वर्ष ६, पूर्णाङ्क ३३ ।

**फूल र बन्दूकहरू**, वर्ष ६, पूर्णाङ्क ४० ।

**यसपालिको दसैँ**, वर्ष ७, पूर्णाङ्क ११ ।